# मध्यमकालीन खर्च संरचना

(आ.व.२०८१/०८२-२०८३/०८४)

# Medium Term Expenditure Framework
(Fiscal Year 2024/025-2026/027)




पौवादुङमा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

च्याङ्ग्रे, भोजपुर

२०८१

## मध्यमकालीन खर्च संरचना (आ.व. २०८१/०८२-२०८३/०८४)

| | | |
|---|---|---|
| **प्रकाशक** | : | पौवादुङमा गाउँपालिका<br>गाउँ कार्यपालिकाको कार्यालय |
| **सर्वाधिकार** | : | प्रकाशकमा |
| **प्रकाशन मिति** | : | २०८१ |
| **प्राविधिक सहयोग** | : | पुर्वाञ्चल इन्जिनियरिङ्ग कन्सलटेन्सी, इलाम। |
| **सम्पर्कका लागि** | : | गाउँ कार्यपालिकाको कार्यालय<br>च्याङ्ग्रे भोजपुर, कोशी प्रदेश, नेपाल।<br>फोन नं:- ९८५२०७५८००<br>ईमेलः pauwadungmamun@gmail.com |

" हामी पौवादुङमाली, मानव विकास पूर्वाधारले ल्याउँछौं खुशीयाली"

पौवादुङमा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

च्याङ्ग्रे, भोजपुर

कोशी प्रदेश, नेपाल

पत्र संख्या:- ०८१/८२
चलानी नं. :-

मितिः-२०८१/०४/१५

## मन्तव्य

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले संघ तथा प्रदेश एवं स्थानीय तहहरुले अनिवार्य रूपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेसँगै पौवादुङमा गाउँपालिकाले पनि यो दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तर्जुमा गरेको छ ।

मध्यमकालीन खर्च संरचनाले जनचाहना र विद्यमान सम्भावनामा आधारित रहि विद्यमान समस्यालाई व्यवस्थित रुपमा सम्वोधन गर्न तर्जुमा गरिने आवधिक योजनालाई वार्षिक योजनासँग जोडिएको सर्वाङ्गीण विकासको दीर्घकालीन सोच तर्फ उन्मुख गराउने भएकोले मध्यमकालीन खर्च संरचनाको तर्जुमा गर्नु.कानूनी दायित्व मात्र नभई गाउँपालिका स्वयंको लागि पनि विशेप महत्व र आवश्यकताको विपयको रुपमा रहेको छ । यसर्थ, यस मध्यमकालीन खर्च संरचनाले यस गाउँपालिकाको आवधिक योजना र वार्पिक योजनाका बीचमा पुलको रूपमा कार्य गरी आवधिक योजनाले लिएका लक्ष्य उद्देश्य तथा विकासका प्राथमिकताहरू हासिल गर्नतर्फ गाउँपालिकाको वित्त व्यवस्थापनलाई डोर्याउने अपेक्षा गरेको छु ।

मध्यमकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी वनाउन एउटा महत्वपूर्ण औजार भएकाले यसले दिगो विकासका लक्ष्यहरूमा प्राथमिकताका साथ लगानी बढाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरेको छु । जसबाट अघिल्लो शताब्दीको उतरार्ध देखि निरन्तर बढ्दै गएको विपद तथा जलवायु जन्य जोखिम एवं विकासशील देशहरूमा देखिने खालका कमजोर प्रकृतिको विकासवाट सिर्जना हुन सक्ने समस्याहरू सम्वोधनका लागि यस मध्यमकालीन खर्च संरचनाले गाउँपालिकाले परिचालन गर्ने सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य तथा गाउँपालिकाका समस्याहरु सम्वोधन गर्नेतर्फ सही ढंगले अगाडि बढाउने अपेक्षा गरेको छु ।

अन्त्यमा, यस पौवादुङमा गाउँपालिकाको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न लागि पर्ने सम्पूर्ण कर्मचारी, सघाउने पदाधिकारी तथा विज्ञ टोलीलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

किरण राई
अध्यक्ष

किरण राई
अध्यक्ष

# विषयसुची

**परिच्छेद एकः परिचय** ....................................................................... १
१.१ पृष्ठभूमि....................................................................... १
१.२ मध्यमकालिन खर्च संरचनाको अवधारण ....................................................................... १
१.३ मध्यमकालिन खर्च संरचना तयारीको उद्देश्य....................................................................... २
१.४ मध्यमकालिन खर्च संरचना तर्जुमाका आधारहरुः ....................................................................... ३
१.५ मध्यमकालिन खर्च संरचना र दिगो विकास लक्ष्य ....................................................................... ३
१.६ मध्यमकालिन खर्च संरचना तर्जुमा विधि तथा प्रकृया....................................................................... ४
परिच्छेद- २ः मध्यमकालीन खर्च संरचना....................................................................... ९
२.१ पृष्ठभूमि....................................................................... ९
२.२ अवसर तथा चूनौती ....................................................................... १०
२.३ सोच, उद्देश्य तथा रणनीति....................................................................... ११
२.३.१ दीर्घकालीन सोच....................................................................... ११
२.३.२ गाउँपालिका विकासको लक्ष्य....................................................................... ११
२.३.३ गाउँपालिका विकासको उद्देश्य ....................................................................... ११
२.३.४ गाउँपालिका विकासको रणनीति ....................................................................... ११
२.४ मध्यमकालीन आर्थिक खाका....................................................................... १२
२.५ मध्यमकालीन नतिजा खाका....................................................................... १३
२.६ मध्यमकालीन बजेट खाका....................................................................... १४
२.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट ....................................................................... १७
२.८ विषय उप-क्षेत्रगत बाँडफाँट....................................................................... १९
परिच्छेद तीनः आर्थिक क्षेत्र....................................................................... २१
३.१ कृषि तथा खाद्य सुरक्षा....................................................................... २१
३.१.१ पृष्ठभूमि....................................................................... २१
२.१.२ समस्या तथा चूनौती....................................................................... २१
३.१.३ सोच ....................................................................... २२
३.१.४ उद्देश्य....................................................................... २२
३.१.५ रणनीति....................................................................... २२
३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य....................................................................... २३

३.१.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........................................ २३
३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........................................ २३
३.१.९ जोखिम पक्ष तथा अनुमान ........................................ २३
३.२ पशुपंक्षीपालन ........................................ २४
३.२.१ पृष्ठभूमि ........................................ २४
३.२.२ समस्या तथा चुनौति ........................................ २४
३.२.३ सोच ........................................ २४
३.२.४ उद्देश्य ........................................ २४
३.२.५ रणनीति ........................................ २५
३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................ २५
३.२.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........................................ २५
३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........................................ २५
३.२.९ जोखिम पक्ष तथा अनुमान ........................................ २५
३.३ उद्योग व्यापार व्यवसाय ........................................ २६
३.३.१ पृष्ठभूमि ........................................ २६
३.३.२ समस्या तथा चूनौति ........................................ २६
३.३.३ सोच ........................................ २६
३.३.४ उद्देश्य ........................................ २६
३.३.५ रणनीति ........................................ २६
३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................ २६
३.३.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........................................ २७
३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........................................ २७
३.३.९ जोखिम पक्ष तथा अनुमान ........................................ २७
३.४ पर्यटन विकास ........................................ २७
३.४.१ पृष्ठभूमि ........................................ २७
३.४.२ समस्या तथा चूनौति ........................................ २८
३.४.३ सोच ........................................ २८
३.४.४ उद्देश्य ........................................ २८
३.४.५ रणनीति ........................................ २८
३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................ २८

३.४.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ २९
३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ २९
३.४.९ जोखिम पक्ष तथा अनुमान ........ २९
३.५ बैंक, वित्तीय संस्था तथा सहकारी ........ २९
३.५.१ पृष्ठभूमि ........ २९
३.५.२ समस्या तथा चूनौति ........ २९
३.५.३ सोच ........ ३०
३.५.४ उद्देश्य ........ ३०
३.५.५ रणनीति ........ ३०
३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ३०
३.५.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ३१
३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ३१
३.५.९ जोखिम पक्ष तथा अनुमान ........ ३१
३.६ श्रम तथा रोजगारी ........ ३१
३.६.१ पृष्ठभूमि ........ ३१
४.६.२ समस्या तथा चुनौति ........ ३१
३.६.३ सोच ........ ३२
३.६.४ उद्देश्य ........ ३२
३.६.५ रणनीति ........ ३२
३.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ३२
३.६.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ३२
३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ३३
३.६.९ जोखिम पक्ष तथा अनुमान ........ ३३
३.७ सिचाई ........ ३३
३.७.१ पृष्ठभूमि ........ ३३
३.७.२ समस्या तथा चुनौति ........ ३३
३.७.३ सोच ........ ३४
३.७.४ उद्देश्य ........ ३४
३.७.५ रणनीति ........ ३४
३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ३४

३.७.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........................................ ३४
३.७.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........................................ ३४
३.७.९ जोखिम पक्ष तथा अनुमान ........................................ ३५
३.७ गरिबी निवारण ........................................ ३५
३.७.१ पृष्ठभूमि ........................................ ३५
३.७.२ समस्या तथा चूनौति ........................................ ३५
३.७.३ सोच ........................................ ३६
३.७.४ उद्देश्य ........................................ ३६
३.७.५ रणनीति ........................................ ३६
३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................ ३६
३.७.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........................................ ३६
३.७.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........................................ ३६
३.७.९ जोखिम पक्ष तथा अनुमान ........................................ ३७
परिच्छेद चारः सामाजिक क्षेत्र ........................................ ३८
४.१ शिक्षा ........................................ ३८
४.१.१ पृष्ठभूमि ........................................ ३८
४.१.२ समस्या तथा चूनौति ........................................ ३८
४.१.३ सोच ........................................ ३८
४.१.४ उद्देश्य ........................................ ३८
४.१.५ रणनीति ........................................ ३८
४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................ ३९
४.१.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........................................ ३९
४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........................................ ३९
४.१.९ अनुमान तथा जोखिम ........................................ ४०
४.२ स्वास्थ्य तथा पोषण ........................................ ४०
४.२.१ पृष्ठभूमि ........................................ ४०
४.२.२ समस्या तथा चूनौति ........................................ ४०
४.२.३ सोच ........................................ ४१
४.२.४ उद्देश्य ........................................ ४१
४.२.५ रणनीति ........................................ ४१

४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४१
४.२.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ४१
४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ४२
४.२.९ जोखिम पक्ष तथा अनुमान ........ ४२
४.३ खानेपानी तथा सरसरफाई ........ ४२
४.३.१ पृष्ठभूमि ........ ४२
४.३.२ समस्या तथा चूनौति ........ ४२
४.३.३ सोच ........ ४३
४.३.४ उद्देश्य ........ ४३
४.३.५ रणनीति ........ ४३
४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४३
४.३.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ४३
४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ४४
४.३.९ जोखिम पक्ष तथा अनुमान ........ ४४
४.४ महिला, बालबालिका, सामाजिक संरक्षण र समावेशीकरण ........ ४४
४.४.१ पृष्ठभूमि ........ ४४
४.४.२ समस्या तथा चूनौति ........ ४४
४.४.३ सोच ........ ४५
४.४.४ उद्देश्य ........ ४५
४.४.५ रणनीति ........ ४५
४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४५
४.४.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ४६
४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ४६
४.४.९ जोखिम पक्ष तथा अनुमान ........ ४६
४.५ युवा तथा खेलकुद ........ ४७
४.५.१ पृष्ठभूमि ........ ४७
४.५.२ समस्या तथा चूनौति ........ ४७
४.५.३ सोच ........ ४७
४.५.४ उद्देश्य ........ ४७
४.५.५ रणनीति ........ ४७

४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४८
४.५.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ४८
४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ४८
४.५.९ जोखिम पक्ष तथा अनुमान ........ ४८
परिच्छेद- पाँचः पूर्वाधार क्षेत्र ........ ४९
५.१ आवास, भवन तथा शहरी विकास ........ ४९
५.१.१ पृष्ठभूमि ........ ४९
५.१.२ समस्या तथा चूनौति ........ ४९
५.१.३ सोच ........ ४९
५.१.४ उद्देश्य ........ ५०
५.१.५ रणनीति ........ ५०
५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५०
५.१.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५०
५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ५१
५.१.९ जोखिम पक्ष तथा अनुमान ........ ५१
५.२ सडक, पुल तथा यातायात ........ ५१
५.२.१ पृष्ठभूमि ........ ५१
५.२.२ समस्या तथा चूनौति ........ ५२
५.२.३ सोच ........ ५२
५.२.४ उद्देश्य ........ ५२
५.२.५ रणनीति ........ ५२
५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५३
५.२.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५३
५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ५३
५.२.९ जोखिम पक्ष तथा अनुमान ........ ५३
५.३ जलस्रोत, विद्युत तथा उर्जा ........ ५४
५.३.१ पृष्ठभूमि ........ ५४
५.३.२ समस्या तथा चूनौति ........ ५४
५.३.३ सोच ........ ५४
५.३.४ उद्देश्य ........ ५४

५.३.५ रणनीति ........ ५४
५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५५
५.३.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५५
५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ५५
५.३.९ जोखिम पक्ष तथा अनूमान ........ ५५
५.४ सूचना तथा सञ्चार ........ ५५
५.४.१ पृष्ठभूमि ........ ५५
५.४.२ समस्या तथा चूनौती ........ ५६
५.४.३ सोच ........ ५६
५.४.४ उद्देश्य ........ ५६
५.४.५ रणनीति ........ ५६
५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५६
५.४.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५७
५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ५७
५.४.९ जोखिम पक्ष तथा पूर्वानूमान ........ ५७
परिच्छेद छः- वातावरण तथा विपद् व्यवस्थापन ........ ५८
६.१ वन, भुसंरक्षण तथा जैविक विविधता ........ ५८
६.१.१ पृष्ठभूमि ........ ५८
६.१.२ समस्या तथा चूनौति ........ ५८
६.१.३ सोच ........ ५८
६.१.४ उद्देश्य ........ ५८
६.१.५ रणनीति ........ ५९
६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५९
६.१.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५९
६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण । ........ ५९
६.१.९ जोखिम पक्ष तथा पूर्वानूमान ........ ५९
६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन ........ ६०
६.२.१ पृष्ठभूमि ........ ६०
६.२.२ समस्या तथा चूनौति ........ ६०
६.२.३ सोच ........ ६०

६.२.४ उद्देश्य ........ ६०
६.२.५ रणनीति ........ ६०
६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६१
६.२.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ६१
६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ६१
६.२.९ जोखिम पक्ष तथा अनुमान ........ ६१
६.३ विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन ........ ६१
६.३.१ पृष्ठभूमि ........ ६१
६.३.२ समस्या तथा चूनौति ........ ६२
६.३.३ सोच ........ ६२
६.३.४ उद्देश्य ........ ६२
६.३.५ रणनीति ........ ६२
६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६२
६.३.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ६२
६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ६३
६.३.९ जोखिम पक्ष तथा अनुमान ........ ६३
परिच्छेद सातः संस्थागत विकास तथा सुशासन क्षेत्र ........ ६४
७.१ नीति, कानून, न्याय तथा सुशासन ........ ६४
७.१.१ पृष्ठभूमि ........ ६४
७.१.२ समस्या तथा चूनौति ........ ६४
७.१.३ सोच ........ ६४
७.१.४ उद्देश्य ........ ६४
७.१.५ रणनीति ........ ६५
७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६५
७.१.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ६५
७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ६५
७.१.९ जोखिम पक्ष तथा पूर्वानूमान ........ ६५
७.२ संगठन, मानव संशाधन र सेवा प्रवाह ........ ६६
७.२.१ पृष्ठभूमि ........ ६६
७.२.२ समस्या तथा चूनौति ........ ६६

७.२.३ सोच ........ ६६
७.२.४ उद्देश्य ........ ६६
७.२.५ रणनीति ........ ६६
७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६७
७.२.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ६७
७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ६७
७.२.९ जोखिम पक्ष तथा पूर्वानूमान ........ ६७
७.३ राजस्व तथा स्रोत परिचालन ........ ६८
७.३.१ पृष्ठभूमि ........ ६८
७.३.२ समस्या तथा चूनौति ........ ६८
७.३.३ सोच ........ ६८
७.३.४ उद्देश्य ........ ६८
७.३.५ रणनीति ........ ६९
७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६९
७.३.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ६९
७.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ६९
७.३.९ जोखिम पक्ष तथा पूर्वानूमान ........ ६९
७.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन ........ ७०
७.४.१ पृष्ठभूमि ........ ७०
७.४.२ समस्या तथा चूनौति ........ ७०
७.४.३ सोच ........ ७०
७.४.४ उद्देश्य ........ ७०
७.४.५ रणनीति ........ ७०
७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ७१
७.४.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ७१
७.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ७१
७.४.९ जोखिम पक्ष तथा पूर्वानूमान ........ ७१
अनुसूचीहरू

## तालिका सूची

**तालिकाको नाम** **पेज नं.**

तालिका २.१ मध्यमकालीन समष्टिगत आर्थिक मध्यमकालीन लक्ष्य (प्रचलित मूल्यमा) ......................१३

तालिका २.२ प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यकालिन लक्ष्य ................................................१४

तालिका २.३ त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा)............................................१६

तालिका २.४ रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान र प्रक्षेपण (रू.हजारमा)...........१७

तालिका २.५ प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु.हजारमा)....१७

तालिका २.६ दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको अनुमान र प्रक्षेपण (रू.हजारमा)..........१८

तालिका २.७ लैङ्गिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु.हजारमा)....१८

तालिका २.८ जलवायु संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु.हजारमा).....१९

तालिका २.९ गाउँपालिका गौरवका आयोजना..................................................................................१९

तालिका २.१० आगामी तीन आ.व. को विषउ उप-क्षेत्रगत खर्चको बाँडफाडको प्रक्षेपण (रकम रु. हजारमा)..........................................................................................................................१९

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभूमि

आवधिक योजनाले लिएका समष्टिगत तथा विषय क्षेत्रगत लक्ष्य र उद्देश्य हासिल गर्न सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ। विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता विषयहरू सार्वजनिक खर्च व्यवस्थापनका मुख्य अवयवहरू हुन। मध्यमकालीन खर्च संरचनाले आवधिक योजना, विषय क्षेत्रगत रणनीतिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग गर्दछ। यसले स्रोत व्यवस्थापन र अपेक्षित नतिजाको खाका समेत प्रस्तुत गर्दछ।

मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु हो। मध्यमकालीन खर्च संरचनाले विकास योजनाको लक्षित नतिजा हासिल गर्नको निमित्त उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले संघ, प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्न अनिवार्य गरेको छ। यस सन्दर्भमा यस नगरपालिकाका कार्यपालिका, विषयगत समिति, कार्यदल, विषयगत शाखा र वडा कार्यालय र सेवा केन्द्रसँग राय परामर्श गरी पञ्चवर्षिय आवधिक योजना, नगरपालिकामा उपलब्ध अन्य सूचना र चालु आर्थिक वर्षको बार्षिक कार्यक्रमलाई आधार मानिएको छ। यसै क्रममा आगामी तीन वर्षको खर्चको प्रक्षेपणसहित पहिलो पटक पौवादुङमा गाउँपालिकाको मध्यमकालीन खर्च संरचना (२०८१/०८२-२०८३/०८४) तयार गरिएको छ।

## १.२ मध्यमकालिन खर्च संरचनाको अवधारण

सार्वजनिक वित्त व्यवस्थापनको एक औजारको रूपमा मध्यमकालीन खर्च संरचनाले सरकारसँग उपलब्ध सीमित स्रोतसाधनको वस्तुनिष्ठ आँकलन गर्ने र योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ। यस संरचनामा मुख्यतः समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका गरी तीन वटा अवयवहरु समावेश गरिएको हुन्छ।

चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धिको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी मध्यमकालीन आर्थिक खाका (Medium Term Fiscal Framework - MTFF) निर्धारण गरिन्छ। स्थानीय तहलाई संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोत समेत आँकलन गरी क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत शाखा र अन्तर्गतका निकायहरूसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजनागत रूपमा खर्चको अनुमान सहितको मध्यमकालीन बजेट खाका (Medium Term Budgetary Framework - MTBF) तयार गरिन्छ। यो खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरी मध्यमकालीन नतिजा खाका (Medium Term Result Framework - MTRF) तयार गरिन्छ।

मध्यमकालीन खर्च संरचनामा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र खर्चको अनुमान हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ। पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवं थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ। यसरी मध्यमकालीन खर्च संरचनामा चक्रिय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आँकलन गर्नुपर्ने हुन्छ। यस प्रकार मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थ परक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ।

## १.३ मध्यमकालिन खर्च संरचना तयारीको उद्देश्य

मध्यमकालीन खर्च संरचना पौवादुङमा गाउँपालिकाको पहिलो प्रयास हो। यस मध्यमकालीन खर्च संरचनाबाट गाउँपालिकाको समग्र विकासको प्राथमिकता प्राप्त कार्यक्रमहरुको निरन्तरता र लगानी तथा कार्यान्वयनको सुनिश्चतताको माध्यमद्धारा दीगो विकास हासिल हुने अपेक्षा गरिएको छ। यस खर्च संरचनाले गाउँपालिकाको दीर्घकालीन सोच “हामी पौवादुङमामी मानव विकास पूर्वाधारले ल्याउँछौं खुशीयाली” र पञ्चवार्षिय आवधिक योजना, प्रदेश तथा राष्ट्रिय लक्ष्य र दीगो विकासका लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने विश्वास लिइएको छ। यस मध्यमकालीन खर्च संरचनालाई सरल र यथार्थपरक बनाउन विषय क्षेत्रगत उपलब्धिका आधारमा मध्यमकालीन लक्ष्य निर्धारण गरी सोही बमोजिम स्रोत तथा खर्चको अनुमान तथा प्रक्षेपण गरिएको छ। यसबाट गाउँपालिकालाई आगामी आर्थिक वर्षहरुको बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन सहयोगी हुने अपेक्षा गरिएको छ।

मध्यमकालीन खर्च संरचनाको मुख्य उद्देश्य उपलब्ध स्रोत साधनलाई नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तालमेल गराई सार्वजनिक खर्च प्रणालीमा सुधार ल्याई वित्तीय अनुशासन कायम गर्नु हो। यसका अतिरिक्त मध्यमकालीन खर्च संरचनाको तयारीबाट देहाय अनुसारको उद्देश्य हासिल हुने अपेक्षा गरिएको छः

(क) मध्यमकालीन खर्च संरचनालाई दिगो विकासमैत्री बनाई नेपालले निर्धारण गरेका लक्ष्य सन् २०३० सम्ममा प्राप्त गर्न सहयोग गर्ने।

(ख) आवधिक विकास योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तादात्म्यता कायम गरी स्रोत-साधनको विनियोजनलाई उपलब्धिमूलक बनाउन बजेट खाका, नतिजा खाका र वित्तीय खाका तयार गर्नु।

(ग) दिगो विकासलाई टेवा पुर्याउने आयोजनाहरूलाई प्राथमिकीकरणका आधारमा स्रोतको सुनिश्चतता गर्नु।

(घ) स्थानीय सरकारलाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्नु।

(ङ) सार्वजनिक खर्चलाई प्रभावकारी एवम् कुशल बनाइ लक्षित प्रतिफल सुनिश्चित गर्नु।

## १.४ मध्यमकालिन खर्च संरचना तर्जुमाका आधारहरुः

सार्वजनिक खर्च संरचना तर्जुमा गर्दा संवैधानिक व्यवस्था एवं स्थानीय तहको अधिकार क्षेत्रभित्रका आर्थिक, सामाजिक, वातावरणीय र संस्थागत विकास र सुशासनसँग सम्बन्धित विभिन्न नीति, ऐन, नियमको कार्यान्वयन तथा दीर्घकालीन योजना, आवधिक योजना, विषयगत रणनीतिक योजना र दीगो विकासको लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान दिनु आवश्यक छ। सो बमोजिम यस मध्ममकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लिखित पक्षलाई आधार लिइएको छः

- नेपालको संविधान, दिगोविकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५-२०३०)
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८
- राष्ट्रिय दीर्घकालिन सोच, २१०० तथा सोह्रौं राष्ट्रिय योजना (२०८१।०८२-२०८५।०८६)
- कोशी प्रदेशको दोस्रो आवधिक योजना २०८१/०८२-२०८५/०८६
- नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.२०८१/०८२)
- गाउँपालिकाको आवधिक योजना (२०८०/०८१-२०८४/०८५)
- गाउँपालिकाका अन्य विषय क्षेत्रगत नीति र योजनाहरु
- गाउँपालिकाको पाश्वचित्र (गाउँपालिका स्थिति पत्र), २०७५

## १.५ मध्यमकालिन खर्च संरचना र दिगो विकास लक्ष्य

दिगो बिकास लक्ष्य तीनै तहका सरकारका साझा बिकास एजेण्डा हुन। विश्वव्यापी रुपमा कुल १७ दिगो बिकास लक्ष्य निर्धारण गरिएको भए पनि नेपालको हकमा भने १६ (लक्ष्य १४ बाहेक) वटा लक्ष्यहरु मात्र सान्दर्भिक रहेका छन्। तसर्थ, नेपाल सरकार तथा गण्डकी प्रदेशले निर्धारण गरेका आन्तरिक लक्ष्य र सूचकहरु पनि तिनै १६ लक्ष्यहरुसँग मात्रै सम्वन्धित छन्। आम नागरिकको जीवनमा दिगो रुपमा संरचनागत परिवर्तन ल्याएर गरिबी, भोकमरी, शिक्षा, स्वास्थ्य र लैंगिक समता तथा सामाजिक समावेशीकरण जस्ता आधारभुत बिकास एजेण्डाहरु ती लक्ष्यमा समावेश छन। यी लक्ष्यहरुको स्थानीयकरण नगरी संघ तथा प्रदेश सरकारको प्रयासबाट मात्र अपेक्षित नतिजा हांसिल गर्न सकिदैन। दिगो लक्ष्य प्राप्त गर्न स्थानीय तह र प्रदेश र संघीय सरकारहरुले आपसमा परिपुरकको रुपमा अर्थपूर्ण सहकार्यका जोड दिनुपर्ने देखिन्छ।

दिगो विकासको लक्ष्य हासिल गर्न नेपालको अन्तराष्ट्रिय प्रतिवद्धता तथा आफ्नै राष्ट्रिय आश्यकता समेत हो। नेपाल संघीय शासन प्रणालीमा गएपछि यसको महत्व झन बढेर गएको छ। सङ्घीय शासन प्रणालीमा सङ्घ, प्रदेश र स्थानीय तह सबै सरकारहरुलाई दिगो विकासका लक्ष्य हासिल गर्न सहयोग पुग्ने खाले आयोजना तथा कार्यक्रम तर्जुमा गरि सोही अनुरुप आवश्यक बजेट विनियोजन गर्नु आवश्यक छ। यही उद्देश्य गरिपूर्ती गर्न र आगामी वर्षहरुमा दिगो विकासका लक्ष्यहरुलाई स्थानीय नीति निर्माण देखि योजना तर्जुमा र कार्यान्वयन सम्ममा यसलाई स्थानीयकरण गर्न सहयोग होस भनेर पौवादुङमा गाउँपालिकाले पनि यस वर्षदेखि दिगो विकास लक्ष्यमैत्री मध्यमकालिन खर्च संरचना तयार परेर कार्यान्वयनमा ल्याएको छ।

सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य प्राप्तीतर्फ उन्मुख हुने गरी लगानी नगरेसम्म दिगो विकासको अपेक्षित उपलब्धी हासिल नहुने भएकाले दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक वित्तको अहम् भूमिका रहेको छ। यसर्थ, स्थानीय तहहरूले दिगो विकास लक्ष्य प्राप्तीमा योगदान गर्न सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्यका प्राथमिकताप्राप्त क्षेत्रमा लगानी गर्नु आवश्यक हुन गएको छ। लगानीबिना दिगो विकास लक्ष्य प्राप्त हुन नसक्ने र सामाजिक, आर्थिक, भौतिक विकास र वातावरण संरक्षणमा लगानीको मुख्य स्रोत सार्वजनिक वित्त भएकाले स्थानीय तह लगायत प्रदेश र संघस्तरमा समेत दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक वित्तको मुख्य भूमिका रहेको छ। दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि वार्षिक रुपमा नेपाललाई औसत रु. २०२४.८ अर्ब आवश्यक पर्ने र यसको ५४.८ प्रतिशत सार्वजनिक क्षेत्र, ३६.५ प्रतिशत निजी क्षेत्र, ४.४ प्रतिशत घरपरिवार र ४.३ प्रतिशत सहकारी तथा गैरसरकारी क्षेत्रबाट योगदान हुने प्रक्षेपण गरिएको छ। यस आँकडाबाट पनि दिगो विकास लक्ष्य प्राप्तिमा सार्वजनिक क्षेत्र तथा सार्वजनिक वित्तको भूमिका अहम रहेको देखिन्छ।

दिगो विकासको लक्ष्य स्थानीयकरण गर्नेक्रममा स्थानीय तहमा तर्जुमा गरिएका आवधिक योजनाले सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्न नेपाल सरकारले गरेको प्रतिवद्धता अनुरुप समष्टिगत तथा विषय क्षेत्रगत लक्ष्य र उद्देश्यहरू अवलम्वन गर्नु पद्र्धछ। त्यसरी निर्धारित लक्ष्य र उद्देश्यहरु हासिल गर्न सार्वजनिक वित्त व्यवस्थापनको औजार मध्यमकालिन खर्च संरचना हो। तसर्थ, मध्ममकालीन खर्च संरचनालाई पनि दिगो विकासका लक्ष्यमैत्री बनाएर दिगो विकास लक्ष्य हासिल गर्ने सिलसिलामा आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच सारभुत अन्तरसम्बन्ध कायम गर्न सकिन्छ।

मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी अपेक्षित लक्ष्य हासिल गर्नका लागि खर्चको प्रभावकारिता बढाउनु हो। यस अर्थमा पनि पौवादुङमा गाउँपालिकाको तत्कालिन विकासका आवश्यकताका साथै दीर्घकालमा दिगो विकास लक्ष्यमा आधारित नतिजा समेत हासिल गर्न स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन दिगो विकास लक्ष्यमैत्री मध्यमकालिन खर्च संरचनाले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। यसै सन्दर्भमा पौवादुङमा गाउँपालिकाले पनि आफ्नो प्रथम मध्यमकालीन खर्च संरचनालाई नै दिगो विकास लक्ष्यमैत्री बनाउने प्रयास गरेको छ। यस खर्च संरचना तर्जुमाको चरणमा राष्ट्रिय योजना आयोगले मार्गदर्शन गरे बमोजिमाको ढाँचा तथा प्रक्रियालाई दिगो विकास लक्ष्यको अवधारणासँग एकीकृत गरी प्रस्तुत गरिएको छ।

## १.६ मध्यमकालिन खर्च संरचना तर्जुमा विधि तथा प्रकृया

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारि गरिएको स्थानीय तहको मध्यमकालिन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित) मा समाविष्ट मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी अवधारणा, मार्गदर्शन तथा औजारहरु प्रयोग गरी यो मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ। यस मध्यमकालीन खर्च संरचना देहाय बमोजिमको चरण तथा प्रक्रिया अबलम्बन गरि तर्जुमा गरिएको छः

**चरण- १: तयारी चरण**

**प्रक्रिया १: प्राविधिक सहयोगका लागि टोली परिचालन**

यस गाउँपालिकाको आगामी तीन आर्थिक वर्षको लागि मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न दिगो विकास लक्ष्य प्रवेशका लागि सार्वजनिक वित्तको पुनरुत्थान आयोजना मार्फत परामर्शदाता नियुक्त गरी परिचालन गरियो। यसका लागि मध्यमकालीन खर्च संरचना तयारीको समय सीमा, सम्पन्न गर्नुपर्ने कार्य तथा गाउँपालिका र परामर्शदाताको जिम्मेवारी स्पष्ट गरियो।

**प्रक्रिया २: नीतिगत, कानूनी दस्तावेज, दिग्दर्शन एवं अन्य उपयोगी सन्दर्भ सामग्री संकलन तथा समीक्षा**

- गाउँपालिकाको मार्गनिर्देशनमा परामर्शदाताद्धारा स्थानीय तहको योजना, स्रोत प्रक्षेपण र सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित नीति, कानून, दिग्दर्शन र कार्यविधि लगायतका सान्दर्भिक दस्तावेज संकलन एवं अध्ययन गरियो। दस्तावेजहरुको अध्ययनबाट मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्वपूर्ण तथा सान्दर्भिक व्यवस्था पहिचान तथा विश्लेषण गरियो। मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा अध्ययन एवं समीक्षा गरिएका प्रमुख सन्दर्भ सामग्री देहायबमोजिम रहेका छन्:
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ तथा नियमावली, २०७७
- अन्तर-सरकारी वित्तीय हस्तान्तरण कार्यविधि, नेपाल सरकार तथा प्रदेश सरकारको वित्तीय हस्तान्तरणको अभ्यास तथा नेपाल सरकार, प्रदेश सरकार एवं सम्बन्धित स्थानीय सरकारको वित्तीय ऐनहरु
- नेपाल सरकारको क्षेत्रगत नीति, कानून, मार्गदर्शन र मापदण्ड
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- स्थानीय तहको बजेट तथा योजना तर्जुमा हाते पुस्तिका, २०७७
- नेपाल सरकारको दीर्घकालीन सोच, पन्ध्रौं राष्ट्रिय योजना, प्रदेश तथा गाउँपालिकाका आवधिक योजनाहरु
- संघ तथा प्रदेशका सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन
- पौवादुङमा गाउँपालिकाका सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन आदि।

**प्रक्रिया ३: मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा**

स्थानीय तहको मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी दिग्दर्शनमा उल्लेखित विधि, औजार एवं कार्ययोजना सम्बन्धमा तयारी बैठकको आयोजना गरी छलफल गरियो। छलफलका आधारमा मध्यमकालीन खर्च संरचना तयारी विधि तथा प्रक्रिया, औजार र दस्तावेजको ढाँचाको प्रस्ताव तयार गरियो।

**चरण -२: लेखाजोखा चरण**

**प्रक्रिया ४: अभिमुखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना**

मध्यमकालीन खर्च संरचनाको अवधारणा, ढाँचा, प्रक्रिया, औजार र संस्थागत व्यवस्थाको सम्बन्धमा साझा बुझाइ तयार गर्ने उद्देश्यले २०८१ जेष्ठ १६ गते प्रारम्भिक कार्यशालाको आयोजना गरियो। सो कार्यशालामा प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत एवं शाखा प्रमुख कर्मचारीहरुको सहभागिता रहेको थियो। कार्यशालामा मध्यमकालीन खर्च संरचनाको अवधारणा, विधि तथा प्रक्रिया, औजार र संस्थागत व्यवस्था प्रस्तुति गरी यस सम्बन्धमा स्पष्टता तथा बुभाईमा एकरुपता कायम गरियो। सोही कार्यशालाबाट मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल गठन र यस सम्बन्धमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यदल र विषयगत शाखाको जिम्मेबारी तथा भूमिका स्पष्ट गरियो। यसका साथै मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल गठन गरि आवश्यक कार्य सम्पादन गरियो।

### प्रक्रिया ५: विषयगत समिति तथा शाखासँग परामर्शको आयोजना

चालु आवधिक योजना, विषयगत योजना र वार्षिक योजनाको उपलब्धि समीक्षाका लागि विषयगत समिति/इकाईसँग परामर्श तथा छलफल गरियो। यस परामर्शबाट प्रमुख उपलब्धि, चालु आयोजना, सालबसाली आयोजना तथा कार्यक्रम, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना, सम्भाव्यता अध्ययन र लागत अनुमान विवरण तयार गरियो। सो छलफलबाट विषय क्षेत्रगत योजनाको सूची तयार र हरेक आयोजनाको उप-क्षेत्रगत रुपमा स्रोत आवश्यकता निर्धारण गरियो।

### प्रक्रिया ६: स्रोत तथा खर्चको अनुमान र त्रिवर्षिय प्रक्षेपण

राजश्व बाँडफाँड, अन्तर-सरकारी वित्तीय हस्तान्तरण लगायतका विभिन्न स्रोतबाट उपलब्ध हुने रकमलाई विगत आर्थिक वर्षहरुको स्रोतको उपलब्धताका आधारमा आगामी तीन आर्थिक वर्षको स्रोतको अनुमान तथा प्रक्षेपण गरियो भने आन्तरिक स्रोतलाई विगतका वर्षहरुको राजश्व संकलन अवस्थाको आधारमा अनुमान तथा प्रक्षेपण तयार गरियो। विगत आर्थिक वर्षहरुको खर्च सहित गाउँपालिकाको गौरवका आयोजना, चालु तथा बहुवर्षीय आयोजना र आवधिक, विषयगत क्षेत्र योजना अनुसारका प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनमा आवश्यक पर्ने स्रोतलाई मध्यनजर गरी खर्चको अनुमान तथा प्रक्षेपण गरियो। स्रोत तथा खर्च प्रक्षेपणका आधारमा तीन वर्षको बजेट सीमा निर्धारण गरियो। यसरी निर्धारित तयार बजेट सीमालाई सबै विषयगत शाखाऱइकाईमा क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि उपलब्ध गराइयो।

**चरण -३:**

### तयारी चरण प्रक्रिया ७: उपक्षेत्रगत योजना तर्जुमा

विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि विषयगत शाखासँग छलफल तथा वैठक गरियो। विषयगत शाखा/इकाईका कर्मचारीहरुको सहभागिता रहेको छलफलबाट प्रत्येक उप-क्षेत्रका आगामी तीन वर्ष सञ्चालन गरिने आयोजना तथा कार्यक्रमको पहिचान गर्ने, प्राथमिकता निर्धारण गर्ने, लागत अनुमान यकिन

गर्ने र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गर्ने र स्थानीय रणनीतिक स्तम्भ, प्राथमिकताक्रम, दीगो विकास लक्ष्य, लैंगिक तथा जलवायु संकेतका आधारमा कार्यक्रम तथा आयोजना तथा उप-क्षेत्रको साङ्केतीकरण गरियो।

**प्रक्रिया ८: विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी**

उपलब्ध बजेट सीमा तथा मार्गदर्शनका आधारमा उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारीका लागि विषयगत शाखाररइकाईलाई परामर्शदाता प्राविधिक सहयोग टोलीबाट सहयोग तथा सहजीकरण गरियो। उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई विषयगत क्षेत्र योजना तर्जुमा कार्यशालाको निष्कर्षको आधारमा तयार गरियो। विषयगत शाखा/इकाई उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी विषयगत क्षेत्र मध्यमकालीन संरचना तयार गरियो।

**प्रक्रिया ९: मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी**

मध्यमकालीन खर्च संरचनाको निर्धारित ढाँचामा विषयगत क्षेत्रका मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी मध्यमकालीन खर्च संरचनाको एकीकृत मस्यौदा दस्तावेज तयार गरियो। मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल र बजेट तथा कार्यक्रम तर्जुमा समितिसँग राय परामर्श गरी मध्यमकालीन खर्च संरचनाको उपरोक्त दस्तावेज तयार गरियो। विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचनाको विवरण, आवधिक योजना, विषयगत क्षेत्र योजना र वार्षिक विकास कार्यक्रम समीक्षाबाट प्राप्त उपलब्धि विवरण तथा आवधिक योजना, क्षेत्रगत रणनीतिक र गुरुयोजनाको परिमाणात्मक लक्ष्यलाई आधार लिइएको थियो। मध्यमकालीन खर्च संरचनाको दस्तावेजमा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित) को व्यवस्था बमोजिम समष्टिगत मध्यमकालीन वित्तीय खाका, मध्यमकालीन नतिजा खाका र मध्यमकालीन बजेट खाकाको साथै विषयगत क्षेत्रको स्थिति, नतिजा खाका, वित्तीय योजना र कार्यक्रमरआयोजनाको सारांश समावेश गरिएको छ।

**चरण - ४: सुझाव संकलन तथा अन्तिम दस्तवेज तयारी चरण**

**प्रक्रिया १०: मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति तथा छलफल कार्यशाला**

उल्लेखित प्रक्रियाबाट तयार गरिएको मस्यौदा मध्यमकालीन खर्च संरचनाको प्रस्तुति, छलफल तथा आवश्यक सुझाव संकलनका उद्देश्यले २०८१ असार ६ गते एकदिने कार्यशाला आयोजना गरिएको थियो। प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रम र संयुक्त राष्ट्र संघ नेपालले संयुक्त रुपमा कार्यान्वयन गरिरहेको दिगो विकास लक्ष्य प्रवेशका लागि सार्वजनिक वित्तको पुनरुत्थान आयोजनाको प्राविधिक सहयोगमा तयार गरिएको यस कार्यशालामा प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरु तथा सम्बद्ध अन्य कर्मचारीहरुको सहभागिता थियो। उक्त कार्यशालामा मस्यौदा प्रतिवेदनका मुख्य पक्षहरु प्रस्तुति गरि आवश्यक थप सूचना तथा तथ्याङ्क संकलनका साथै विषयगत क्षेत्र तथा उप क्षेत्रगत मुख्य कार्यक्रम तथा आयोजनाहरुको विस्तृत विवरण तयार गरियो। त्यसैगरि विषय उप क्षेत्रगत कार्यक्रम तथा आयोजनाहरुको प्राथमिकिकरण तथा साङ्केतिकरण समेत गरियो।

## प्रक्रिया ११: मध्यमकालीन खर्च संरचनाको परिमार्जित मस्यौदा तयारी

मध्यमकालीन खर्च संरचनाको मस्यौदा दस्तावेजमा प्राप्त सुझाव तथा पृष्ठपोषणलाई यथोचित सम्बोधन गरी अन्तिम दस्तावेज तयार गरियो। यस क्रममा आवश्यक सूचनालाई शाखाहरूसँगको समन्वयमा अद्यावधिक गरिएको थियो।

उपरोक्त चरण र प्रक्रियाअनुसार तयार गरिएको मध्यमकालीन खर्च संरचनाको अन्तिम दस्तावेज बजेट तथा कार्यक्रम तर्जुमा समितिमार्फत कार्यपालिकामा पेश गरी आवश्यक छलफल र स्वीकृति पश्चात गाउँ सभामा पेश भई अनुमोदन भएको छ।

**परिच्छेद- २: मध्यमकालीन खर्च संरचना**

## २.१ पृष्ठभूमि

सामाजिक, आर्थिक तथा पूर्वाधार विकास र समृद्धिका लागि सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ। यसका लागि साधन स्रोतको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासनका तीनै पक्ष उत्तिकै प्रभावकारी हुनुपर्दछ। यी तीनवटै पक्षहरुमा सुधार गर्ने उपाय तथा औजारको रुपमा मध्यमकालीन खर्च संरचनालाई लिइन्छ। नेपालमा दशौं योजनादेखि नै मध्यमकालीन खर्च संरचनाको तर्जुमा र कार्यान्वयन गरी प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको विनियोजन गर्ने पद्धतिको शुरुवात गरिएको हो।

संघीय संरचना अनुरुप अन्तर सरकारी वित्त व्यवस्थापन सम्बन्धी संघीय कानूनले संघ, प्रदेश तथा स्थानीय सरकारले प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो क्षेत्राधिकार भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गरी आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ। उक्त विवरणमा चालु खर्च, पूँजीगत खर्च र वित्तीय ब्यवस्थाका लागि आवश्यक पर्ने रकम समेत खुलाउनुपर्ने व्यवस्था रहेको छ। उपरोक्त संवैधानिक तथा कानूनी व्यवस्था अनुसार यस गाउँपालिकाले तय गरेको दीर्घकालिन सोच सहितको प्रथम आवधिक योजना अनुसार प्राथमिकताका क्षेत्रमा साधन स्रोतको विनियोजन सहित बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न मध्यमकालीन खर्च संरचना आवश्यक रहेको छ।

संविधानले आत्मसात गरेको समाजवाद उन्मुख राष्ट्र निर्माण एवं नेपाल सरकारले घोषणा गरेको वि.स. २१०० सम्मको समृद्ध नेपालः सुखी नेपालीको दीर्घकालीन सोच अनुरुप तयार चालु सोह्रौ योजना, कोशी प्रदेश सरकारको दोस्रो आवधिक योजना र गाउँपालिकाको प्रथम आवधिक योजना एवं गाउँपालिका आगामी आ.व. को नीति तथा कार्यक्रमलाई आत्मसात गर्ने प्रयास गरिएको छ। योजना तथा विकास उपलब्धिको सफलता वित्तीय संघीयताको कुशल व्यवस्थापन, तीव्र आर्थिक वृद्धि एवं विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा निर्भर रहन्छ। मध्यमकालीन खर्च संरचनाले यसतर्फ गाउँपालिकालाई मार्गदर्शन गर्नेछ।

आर्थिक वर्ष (२०८१/०८२-२०८३/०८४) का लागि तुर्जमा गरिएको मध्यमकालीन खर्च संरचनाले उपरोक्त योजनाहरुको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, नेपाल सरकार तथा प्रदेश सरकार र गाउँपालिकाको घोषणा, प्रतिवद्धता, विगत आर्थिक वर्षका वार्षिक नीति तथा कार्यक्रम र दीगो विकास लक्ष्यको मार्गचित्रलाई मुख्य आधारका रुपमा लिइएको छ। गाउँपालिकाका तुलनात्मक लाभका क्षेत्रहरु, प्राथमिकता तथा विकास कार्यक्रम र स्थानीय तहको अधिकार क्षेत्रभित्र संलग्न कार्यसूची अनुसारका कार्यक्रम तथा आयोजनालाई यस संरचनामा समेट्ने प्रयास गरिएको छ।

## २.२ अवसर तथा चूनौती

संघीय शासन प्रणाली अनुसार तीनै तहमा निर्वाचित सरकारहरु क्रियाशिल हुनु, नीति, कानून, योजना र मापदण्ड निर्माण भई कार्यान्वयनमा जानु, स्थानीय सरकारहरु बीच दीगो विकास, उत्थानशीलता, समृद्धि र सुशासनका क्षेत्रमा प्रगति हासिल गर्ने दिशामा प्रतिस्पर्धी भावनाको विकास हुनु अहिलेका प्रमुख अवसरहरु हुन्। गाउँपालिकामा स्थानीय विशेषतामा आधारित तुलनात्मक लाभका क्षेत्रको पहिचान तथा योजना निर्माण, मानव पूँजी निर्माण, सार्वजनिक सेवा प्रवाह सुधार, पूर्वाधार विकास, स्थानीय उत्पादन, रोजगारी र आयआर्जन वृद्धिको माध्यमद्वारा हरित र समावेशी स्थानीय अर्थतन्त्र विकास, गरिबी निवारण, प्राकृतिक, भौगोलिक, पर्यावरणीय, सामाजिक तथा सांस्कृतिक विविधताको उपयोग आदि अवसरहरु सिर्जना भएका छन्।

वैदेशिक रोजगारीबाट फर्किएका युवा मार्फत ज्ञान, सीप, अनुभव तथा प्रविधि हस्तान्तरण, वित्तीय सेवा र स्थानीय स्रोत परिचालन गरी गाउँपालिकामा उद्यमशीलता विकास, रोजगारी उत्पादन र उत्पादकत्व वृद्धि गर्दै आर्थिक सामाजिक रुपान्तरणको दिशामा अगाडी बढ्ने समेत अवसर सिर्जना भएको छ। यसका साथै विभिन्न किसिमको विपद्ले गर्दा अझ बलियो सुरक्षित निर्माण, उत्थानशीलता र वातावरणीय सन्तुलनका दिशामा यस खर्च संरचनालाई केन्द्रित हुने प्रेरणा दिएको छ।

संविधानले प्रत्याभूत गरेका मौलिक हक र संविधान प्रदत्त अधिकारको कार्यान्वयन, दीगो विकास लक्ष्य, पन्ध्रौं योजना, कोशी प्रदेशको प्रथम आवधिक योजना र गाउँपालिकाको प्रथम आवधिक योजनाको उद्देश्य हासिल गर्न, उत्पादन, रोजगारी र आयमा समन्यायिक वृद्धि, नागरिकको जीवनस्तरमा गुणात्मक सुधार, गरिबी न्यूनीकरण गरी मर्यादित जीवनयापनको वातावरण सिर्जना गर्दै समतामूलक तथा उन्नत समाजको निर्माण गर्नुलाई यस गाउँपालिकाले प्रमुख चूनौतिको रुपमा लिएको छ। यसका साथै समय समयमा देखा पर्ने विभिन्न किसिमको महामारी, वातावरणीय ह्रास र जलवायु परिवर्तनको कारण सिर्जित विपद्को बढ्दो जोखिमलाई न्यूनीकरण गरी नागरिकको स्वास्थ्य, शिक्षा, उत्पादन, रोजगारी र आयमा परेको नकारात्मक असरलाई न्यूनीकरण, पुनरुत्थान र उत्थानशीलता हासिल गर्दै नागरिक जीवनलाई थप सुरक्षित र परिस्कृत बनाउनु थप चूनौतिको रुपमा रहेको छ।

यसका साथै व्यवस्थित एवं एकिकृत वस्ती विकास तथा शहरीकरण, सुविधायुक्त र सुरक्षित बसोबास, स्वच्छ खानेपानी तथा उर्जाको उपलब्धता, सरसफाई सुविधा र सूचना प्रविधि, कृषि तथा वनजन्य उद्यमको विविधिकरण गरी उत्पादन र उत्पादकत्वमा वृद्धिका साथै उत्पादनशील रोजगारीमा अभिवृद्धि र जनसाङ्ख्यीक लाभको उपयोग पनि गाउँपालिका विकासको चूनौतिको रुपमा रहेका छन्। वित्तीय संघीयताको मर्म अनुरुप स्थानीय तहको जिम्मेवारी पुरा गर्न साधन स्रोतको अनुमान, प्राथमिकताका क्षेत्रमा लगानी, मानव संशाधन र संस्थागत क्षमता अभिवृद्धि गर्नु र स्थानीय सरकारमा उपलब्ध सार्वजनिक खर्चको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन गरी विनियोजन दक्षता, कार्यान्वयन कुशलता र प्रभावकारी वित्तीय अनुशासन कायम गर्नु समेत चूनौतिपूर्ण छ।

## २.३ सोच, उद्देश्य तथा रणनीति

प्रस्तुत मध्यमकालीन खर्च संरचना तयार गर्दा गाउँपालिकाको प्रथम आवधिक विकास योजनालाई प्रमुख आधारको रुपमा लिइएको छ। आवधिक गाउँपालिका विकास योजनामा उल्लिखित गाउँपालिका विकासको सोच, लक्ष्य उद्देश्य तथा रणनीतिलाई यस मध्यमकालीन खर्च संरचनामा समावेश गरिएको छ। प्रथम आवधिक विकास योजनामा उल्लेख नभएका विवरण गाउँपालिका स्थिति पत्र (प्रोफाइल), चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, पन्ध्रौं राष्ट्रिय योजना, कोशी प्रदेश सरकारको प्रथम आवधिक योजना एवं संघ, प्रदेश र गाउँपालिकाको विषयगत नीतिका व्यवस्थाहरु समावेश गरिएको छ। यस मध्यमकालीन खर्च संरचनाको समष्टिगत सोच, लक्ष्य, उद्देश्य तथा रणनीति देहाय बमोजिम रहेको छ।

### २.३.१ दीर्घकालीन सोच

गाउँपालिकाको दीर्घकालीन सोच देहाय अनुसार रहेको छः

“हामी पौवादुङमाली, मानव विकास पूर्वाधारले ल्याउछौं खुशीयाली”

### २.३.२ गाउँपालिका विकासको लक्ष्य

रोजगारीका अवसर सृजना र आय स्तरमा सुधार, शिक्षित, स्वस्थ र सभ्य नागरिक निर्माण, सडक खानेपानी र सिंचाई लगाएत पूर्वाधारमा पहुँच वृद्धि तथा जीवन यापनमा सहजता, वाताતरण संरक्षण, प्रभावकारी सेवा प्रभाह सहित सुशासन प्रवर्द्धन, अन्तरतह समन्यव र सहकार्य गर्ने।

### २.३.३ गाउँपालिका विकासको उद्देश्य

- स्थानीय अर्थतन्त्रमा गतिशीलता ल्याई रोजगारी एवं आय आर्जनबाट आमनागरिकको आर्थिक स्थितिमा सुधार ल्याउनु।
- सामाजिक सेवा सुविधाहरुमा सबैवर्ग समुदायको पहुँच अभिवृद्धि गर्दै समन्यायिक समाजको निर्माण गर्नु।
- पूर्वाधारहरुको विकास र विस्तार गरी आधारभूत सेवा सुविधाको पहुँचमा अभिवृद्धि गर्दै आमनागरिकहरुको जन जीवनमा सहजता ल्याउनु।
- विपद जोखिम न्यूनीकरण तथा जैविक विविधता एवं प्राकृतिक सम्पदाहरुको संरक्षण, संवद्र्धन गर्दै दिगो उपयोग गर्नु।
- संस्थागत क्षमता अभिवृद्धि गर्दै सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी र सुशासनको प्रत्याभूति गराउनु।

### २.३.४ गाउँपालिका विकासको रणनीति

गाउँपालिका विकासको सोच, लक्ष्य तथा उद्देश्य हासिल गर्ने देहाय अनुसारका सात प्रमुख रणनीतिहरू अबलम्बन गरिनेछः

१) गाउँपालिकालाई कृषि र पर्यटनको केन्द्रको रुपमा विकास गर्ने,

२) अन्नबालीको विउ उत्पादन, तरकारी खेति, तथा तथा पशुपंक्षी पालनलाई व्यवसायिक तथा यान्त्रिकरणको माध्यमबाट तुलानात्मक तथा प्रतिष्पर्धात्मक लाभका आधारमा विकास गर्ने,

३) प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, सम्वद्र्धन र दीगो तथा उच्चतम व्यवस्थापनको नीतिगत व्यवस्थाबाट समुदायको आर्थिक विकास गर्ने,

४) पूर्वाधार विकासको गुणस्तरीयता तथा दीगोपना कायम गर्न नीतिगत व्यवस्था र त्यसको कार्यान्वयन गर्ने,

५) गुणस्तरीय तथा व्यवसायिक शिक्षा तथा आधारभूत स्वास्थ्य सुविधामा गाउँपालिकाका सवै नागरिकको पहुँच विस्तार गर्दै लगिने,

६) सार्वजनिक, नदी उकास तथा बाझो खाली जमिनमा वन लगाउनुका साथै निजि तथा कृषि वन विकास गरि समुदायको वन पैदावार सम्बन्धि माग लाई सम्बोधन गर्दै गाउँपालिकामा हरियाली प्रवर्द्धन गर्ने

७) समुदायलाई वातावरण संरक्षण, फोहरमैलाको व्यवस्थापन सम्बन्धि सचेतना अभिवृद्धि गरि सरसफाईको उचित व्यवस्थापन गर्ने,

८) जलवायु परवर्तनको असर न्युनिकरंण र दैविप्रकोप व्यबस्थापनका लागि वडा स्तरमा नै सामुदायिक दैवीप्रकोप व्यवस्थापन समितिहरु गठन गरि परिचालन गर्ने,

९) नागरिकहरुलाई प्रत्यक्ष करको भार नपर्ने गरि आन्तरिक राजश्वका क्षेत्रको खोजि गरि तिनको दिगो परिचालन गर्ने।

## २.४ मध्यमकालीन आर्थिक खाका

"समृद्ध नेपाल र सुखी नेपाली" को राष्ट्रिय दीर्घकालीन सोच तथा "स्वच्छ, सुखी र समुन्नत प्रदेश" कोशीको प्रादेशिक सोच र गाउँपालिका विकासको सोच र लक्ष्य अनुरुप आगामी तिन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ। सो अनुसार ३ वर्षको समष्टिगत आर्थिक लक्ष्य तालिका नं. २.१ मा प्रस्तुत गरिएको छ।

**तालिका २.१ः मध्यमकालीन समष्टिगत आर्थिक मध्यमकालीन लक्ष्य (प्रचलित मूल्यमा)**

| क्र. सं. | सूचक | एकाइ | २०७९/०८० सम्मको उपलब्धि | २०८०/०८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| १ | वार्षिक उत्पादन (रु.) | लाखमा | २२२५ | २३०० | २४१० | २५३५ | २७०० |
| १.१ | कृषि क्षेत्र | लाखमा | १५०० | १५६० | १६५० | १७६५ | १९१५ |
| १.२ | गैर कृषि तथा सेवा क्षेत्र | लाखमा | ७२५ | ७४० | ७६० | ७७० | ७८५ |
| २ | औशत पारिवारिक वार्षिक आय | रु. हजारमा | ११५ | ११७ | ११९ | १२१ | १२५ |
| ३ | उद्योग, व्यापार तथा व्यवसाय | संख्या | ५३० | ५३३ | ५४० | ५५० | ५६५ |
| ४ | अनौपचारिक क्षेत्रमा सिर्जित रोजगारी | कार्य दिन | २४०० | २७०० | ३३०० | ४१०० | ५१०० |
| ५ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेको परिवार | प्रतिशत | ६५ | ७० | ७५ | ८० | ८५ |

## २.५ मध्यमकालीन नतिजा खाका

पन्ध्रौ योजना, कोशी प्रदेशको प्रथम आवधिक योजना तथा गाउँपालिकाको आवधिक गाउँपालिका विकास योजनाले लिएको समष्टिगत तथा विषयगत अपेक्षित उपलब्धि हासिल गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको छ। सो खाका विगत आर्थिक वर्षहरुको उपलब्धि र चालु आर्थिक वर्ष २०८०/०८१ को अनुमानित उपलब्धिको आधारमा आगामी आ.व. २०८१/०८२ को लक्ष्य निर्धारण गरिएको छ। नतिजा खाकाको दोश्रो र तेश्रो वर्षको लक्ष्य आवधिक विकास योजना र विगत वर्षहरुको उपलब्धिको आधारमा निर्धारण गरिएको छ। मध्यमकालीन समष्टिगत नतिजा खाका तालिका २.२ मा प्रस्तुत गरिएको छ।

**तालिका २.२: प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य**

| क्र. सं. | सूचक | एकाइ | २०७९/०८० सम्मको उपलब्धि | २०८०/०८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| १ | खाद्य वस्तुमा आत्मनिर्भर परिवार | प्रतिशत | ४१ | ४२ | ४३ | ४४ | ४५ |
| २ | कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान | प्रतिशत | ३५ | ३७ | ३९ | ४३ | ४७ |
| ३ | कृषि क्षेत्रमा प्रत्यक्ष रोजगारी वृद्धि | संख्या | ८५ | १०० | २०० | ३१५ | ४५६ |
| ४ | बाह्रौं महिना सिंचाई सिंचित क्षेत्र | प्रतिशत | १२ | १२.५ | १४ | १६ | १८ |
| ५ | बेरोजगार युवा | प्रतिशत | २०.७ | १९.५ | १८ | १७ | १६ |
| ६ | उद्यम तथा व्यवसायमा संलग्न जनशक्ति | प्रतिशत | ६० | ६३ | ६७ | ७५ | ८० |
| ७ | कम तौल भएका बालबालिका(दुई वर्ष मुनि) | प्रतिशत | २.९ | २.५ | २.४ | २ | १.५ |
| ८ | अपेक्षित औशत आयुमा वृद्धि | वर्ष | ७१.१ | ७२ | ७३ | ७४ | ७५ |
| ९ | साक्षरता दर | प्रतिशत | ७७.८ | ८० | ८५ | ८७ | ९० |
| १० | प्राविधिक तहमा अध्ययनरत विद्यार्थी | संख्या | १२ | १४ | २० | ३० | ५० |
| ११ | व्यावसायिक शिक्षा प्राप्त जनशक्ति | प्रतिशत | ७ | ७.५ | १० | १५ | २० |
| १२ | कुल ग्राहस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | ०.२ | ०.३ | ०.५ | १ | १.५ |
| १३ | कुल ग्राहस्थ उत्पादनमा सहकारी क्षेत्रको योगदान | प्रतिशत | १ | १.३ | १.५ | २ | ३ |
| १४ | मानव विकास सूचाङ्क | इन्डेक्स | ०.५७ | ०.५८ | ०.५९ | ०.६० | ०.६१ |
| १५ | प्रतिव्यक्ति वार्षिक बजेट लगानी | रु हजारमा | ६ | ७ | ८ | ११ | १३ |
| १६ | ग्राभेल सडक | कि मि | ३६ | ३८ | ४० | ४२ | ४५ |
| १७ | कालोपत्रे सडक | कि मि | १५ | १७.५ | २० | २३ | २८ |
| १८ | विद्युत सेवा उपयोग गर्ने परिवार | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८० |
| १९ | सुरक्षित आवास निर्माण (जस्ताको छाना र फुस रहितको घर निर्माण) | प्रतिशत | ६० | ७० | ८० | ९० | १०० |
| २० | वैकल्पिक उर्जा प्रयोग गर्ने घरधुरी | प्रतिशत | ३० | ३५ | ४० | ५० | ६० |
| २२ | सुरक्षित खानेपानी सुविधा प्राप्त घरधुरी | प्रतिशत | २५ | २७ | ३० | ३५ | ४० |
| २३ | ५ वर्षमुनिका बालबालिकाको जन्मदर्ता | संख्या | ५१६ | ५६० | ५८० | ६०० | ६५० |
| २४ | भुकम्प प्रतिरोधि प्रविधि र मापदण्ड अनुसार निर्मित सार्वजनिक भवन | प्रतिशत | १ | १.५ | २ | २.५ | ३ |
| २५ | रुख विरुवाले ढाकेको क्षेत्र | हेक्टर | ३१३८ | ३१३८.०१ | ३१३८.०२ | ३१३८.०३ | ३१३८.०४ |
| २६ | सामाजिक सुरक्षामा आवद्ध जनसंख्या | संख्या | ३६३२ | ३७०० | ३८५० | ३९०० | ४१०० |
| २७ | आन्तरिक आयमा पर्यटन क्षेत्रको योगदान | प्रतिशत | ०.१ | ०.२ | ०.३ | ०.५ | १ |
| २८ | गाउँपालिकाको नीति, कानून, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ७५ | ७७ | ८० | ८५ | ९० |

## २.६ मध्यमकालीन बजेट खाका

गाउँपालिकाको त्रिवर्षिय बजेट खाका तर्जुमा गर्दा आवधिक योजनामा उल्लेखित सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता तथा गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको मार्गचित्र, क्रमागत तथा विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, स्थानीय प्राथमिकतालाई मुख्य अधार लिइएको छ। प्रथम प्रयासको रुपमा तयार यस मध्यमकालीन खर्च संरचनामा वित्तीय संघीयताको कार्यान्वयन, स्थानीय

आर्थिक स्थायित्व र रोजगारी, तीव्र सामाजिक तथा आर्थिक विकास र सन्तुलित विकासका लागि विकास आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ। माथि उल्लिखित समष्टिगत नतिजा खाका तथा विषय क्षेत्रगत नतिजा प्राप्त हुने गरी खर्च तथा स्रोतको अनुमान गरिएको छ। यसका साथै विभिन्न किसिमको महामारी र जलवायुजन्य विपद् पश्चातको सामाजिक आर्थिक पुनरुत्थानलाई प्राथमिकता दिइएको छ। महामारी र विपद्ले सिर्जना गरेका विकासका अवसरको उपयोग गर्ने विकास कार्यक्रमको तर्जुमालाई प्राथमिकता दिइएको छ।

गाउँपालिकाको गौरवका आयोजना, क्रममागत तथा विस्तृत अध्ययन भएका, तुलनात्मक लाभका आयोजना तथा कार्यक्रमका लागि आवश्यक रकम सुनिश्चित (Earmark) हुने गरी बजेट सीमा र सोको आधारमा विषयगत बजेट खाका तर्जुमा गरिएको छ।यसैगरी बजेट खाका तर्जुमा गर्दा क्रमागत कार्यक्रम, आयोजना कार्यान्वयनको अवस्था र खर्च गर्न सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवं उपलब्धतालाई मध्यनजर गरिएको छ। मध्यमकालीन स्रोत अनुमान गर्दा आन्तरिक आय तथा राजस्व परिचालनको विगतको प्रवृत्ति, समय समयमा देखा पर्ने महामारी र अन्य विपद्बाट स्रोत परिचालनमा परेको चाप र आगामी वर्षहरुमा पर्न सक्ने असर तथा प्रभाव, स्रोतको आवश्यकता लगायतका पक्षहरुलाई ध्यान दिइएको छ। त्रिवर्षीय खर्चको अनुमान र स्रोतको बाँडफाँट सहितको विषगत शाखा, उपशाखा र एकाइलाई प्रदान गरिएको बजेट सीमा तथा मार्गदर्शन अनुसूची २ मा प्रस्तुत छ।

आर्थिक वर्ष २०८०/०८१ को बजेट राजस्व तथा विनियोजनका आधारमा खर्च संरचनाको पहिलो वर्षको राजस्व तथा खर्च आँकलन गरिएको छ। दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा गाउँपालिकाको आवधिक योजनामा उल्लेख गरेको आवधिक लक्ष्य, घोषित कार्यक्रम र सो अनुसार सञ्चालन हुने कार्यक्रम तथा हासिल गर्ने नतिजालाई प्रमुख आधारको रुपमा लिइएको छ। प्रक्षेपणका क्रममा गाउँपालिकाको प्राथमिकताका क्षेत्र तथा रणनीतिक महत्वका आयोजना तथा कार्यक्रमलाई प्रर्याप्त स्रोत व्यवस्था गरिएको छ।आन्तरिक स्रोत, राजस्व बाँडफाँड, नेपाल सरकार तथा प्रदेश सरकार उपलब्ध हुने स्रोत र आवश्यकता समेतका आधारमा अन्य कार्यक्रम तथा साधारण प्रशासनका लागि खर्च अनुमान गरिएको छ। नेपाल सरकार र प्रदेश सरकारबाट राजस्व बाँडफाँड स्वरूप प्राप्त हुने रकम, रोयल्टी (वन तथा खानी तथा खनिज) र आन्तरिक स्रोत समेतका आधारमा गाउँपालिकालाई प्राप्त हुने राजस्व प्रक्षेपण गरिएको छ। नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरण हुने वित्तीय समानीकरण, सशर्त अनुदान, समपुरक र विशेष अनुदान रकम नेपाल सरकार र प्रदेश सरकारको मध्यमकालीन खर्च संरचनामा उल्लेखित रकम तथा सोको प्रक्षेपणको आधारमा आँकलन तथा अनुमान गरिएको छ।

उल्लेखित आधारलाई विश्लेषण गर्दा आगामी तीन वर्षको अवधिमा कुल बजेट रु. १ अर्ब २४ करोड ५२ लाख २५ हजार (प्रचलित मूल्यमा) रहने प्रक्षेपण गरिएको छ। यस मध्ये चालु खर्च रु ७४ करोड ७१ लाख ५१ हजार (६० प्रतिशत) र पुँजीगत खर्च रु. ४९ करोड ८१ लाख १ हजार (४० प्रतिशत) रहने प्रक्षेपण गरिएको छ। त्यसैगरी स्रोत परिचालनतर्फ आन्तरिक आयबाट रु. २ करोड १६ लाख (१.७३ प्रतिशत), राजस्व बाँडफाँटबाट रु. २५ करोड ९४ लाख ५४ हजार (२०.८३ प्रतिशत), रोयल्टीबाट रु. ११ हजार ( ०.०००९ प्रतिशत) र नेपाल सरकारको वित्तीय हस्तान्तरणबाट रु. ८६ करोड ७० लाख

२ हजार (६९.६२ प्रतिशत) र प्रदेश सरकार वित्तीय हस्तान्तरणबाट रु. ७ करोड ३८ लाख ८६ हजार (५.९३ प्रतिशत) र नगद मौज्जादबाट रु. २ करोड ३३ लाख (१.८७ प्रतिशत) व्यहोरिने प्रक्षेपण गरिएको छ। यस सम्बन्धी विवरण यहाँ उल्लेख गरिएको छ।

**तालिका २.३: त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा)**

| क्र. सं. | बजेटका स्रोतहरु | २०७९/०८० को यथार्थ | २०८०/०८१ संशोधित अनुमान | मध्यमकालीन लक्ष्य | | | ३ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | |
| १. | **खर्च अनुमान** | **३८६१६८** | ४०७४८६ | **३८२५४१** | ४१०९०९ | ४५१८०१ | १२४५२५२ |
| | चालू खर्च | २४२४५६ | २९०४१७ | २२९५२५ | २४६५४६ | २७१०८१ | ७४७१५१ |
| | पुँजीगत खर्च | १४३७१२ | ११७०६९ | १५३०१६ | १६४३६४ | १८०७२१ | ४९८१०१ |
| | वित्तीय व्यवस्था | ० | ० | ० | ० | ० | ० |
| २ | **आय अनुमान** | ४१४९३२ | ४०७४८६ | **३८२५४१** | ४१०९०९ | ४५१८०१ | **१२४५२५२** |
| २.१ | आन्तरिक आय | **४६४२** | **६६००** | **६६००** | **७०००** | **८०००** | **२१६००** |
| २.२ | राजश्व बाँडफाँटबाट प्राप्त रकम | ६१५०९ | ७४०३९ | ७८३८५ | ८६२२४ | ९४८४६ | २५९४५४ |
| | क. नेपाल सरकार मु अ कर | ४३१९८ | ४६४८९ | ५५६७७ | ६१२४५ | ६७३६९ | १८४५९१ |
| | ख. नेपाल सरकार अन्त शुल्क कर | १५९३५ | २५००० | २०२२३ | २२२४५ | २४४७० | ६६९३८ |
| | ग. प्रदेश सरकार | २३७६ | २५५० | २४८५ | २७३४ | ३००७ | ८२२५ |
| २.३ | **रोयल्टी बाँडफाँट** | **७** | **४** | **०** | **५** | **६** | **११** |
| | क. वन रोयल्टी | ७ | ४ | ० | ५ | ६ | ११ |
| | ख. खानी रोयल्टी | ० | ० | ० | ० | ० | ० |
| | ग. विद्युत रोयल्टी | ० | ० | ० | ० | ० | ० |
| | घ. पर्वतारोहण रोयल्टी | ० | ० | ० | ० | ० | ० |
| | ङ. पानी तथा अन्य रोयल्टी | ० | ० | ० | ० | ० | ० |
| २.४ | **नेपाल सरकार वित्तीय हस्तान्तरण** | **३०१७५६** | **२८०३६९** | **२६१९३४** | **२८८१२७** | **३१६९४०** | **८६७००२** |
| | क. वित्तीय समानीकरण अनुदान | ८३१५७ | ७९६०० | ८०००० | ८८००० | ९६८०० | २६४८०० |
| | ख. सशर्त अनुदान | १६६५९९ | १७२२६९ | १७६९३४ | १९४६२७ | २१४०९० | ५८५६५२ |
| | ग. समपुरक अनुदान | १२००० | १३५०० | ० | ० | ० | ० |
| | घ. विशेष अनुदान | ४०००० | १५००० | ५००० | ५५०० | ६०५० | १६५५० |
| २.५ | प्रदेश सरकार वित्तीय हस्तान्तरण | १९८९३ | **१७३७१** | **२२३३२** | **२४५५४** | **२७०१०** | **७३८८६** |
| | क. वित्तीय समानीकरण अनुदान | ४०१९.७ | ४६०३ | ४५९१ | ५०५० | **५५५५** | १५१९६ |
| | ख. सशर्त अनुदान | **५८७३** | ३०१८ | ७९८१ | ८७७९ | ९६५७ | २६४१७ |
| | ग. समपुरक अनुदान | १०००० | ९७५० | ९७५० | १०७२५ | ११७९८ | ३२२७३ |
| | घ. विशेष अनुदान | ० | ० | ० | ० | ० | ० |
| २.६ | आन्तरिक ऋण | ० | ० | ० | ० | ० | ० |
| २.७ | अन्य अनुदान | ० | ० | ० | ० | ० | ० |
| २.८ | जनसहभागिता | ० | ० | ० | ० | ० | ० |
| २.९ | अन्तर स्थानीय तह साझेदारी रकम | ० | ० | ० | ० | ० | ० |
| २.१० | नगद मौज्दात (अ.ल्या ) | २७७१२५ | **२९१०३** | **१३३००** | **५०००** | **५०००** | **२३३००** |
| | बचत(-) न्युन (+) | २८७६४ | ० | ० | ० | ० | ० |

## २.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको बजेट अनुमान र विभिन्न संकेतका आधारमा गरिएको बजेट विनियोजनको तुलनात्मक विवरण देहाय बमोजिम रहेको छ।

### क. रणनीतिक स्तम्भको आधारमा बाँडफाँट

रणनीतिक स्तम्भको आधारमा आगमी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.४ मा प्रस्तुत गरिएको छ।

**तालिका २.४ः रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण (रु. हजारमा)**

| क.सं. | रणनीतिक स्तम्भ | संख्या | २०८१/०८२ को अनुमान | | २०८२/०८३ को प्रक्षेपण | | २०८३/०८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | स्वरोजगार, व्यवसाय सञ्चालन र आर्थिक सम्वृद्धिको आधार तयार गर्ने | २ | ९१०० | २.३८ | १२२९० | ३ | १३५१० | ३ |
| २ | परम्परागत कृषी, पर्यटन, उद्योग, व्यापार क्षेत्रहरुमा लगानी गर्ने | ४ | ९२७० | २.४२ | २१२३१.३ | ५.१७ | २३३२५.४ | ५.१७ |
| ३ | समावेशी सिद्धान्तको आधारमा विभिन्न वर्ग, भौगोलिक क्षेत्र, लिङ्ग, फरक क्षमता भएका व्यक्ति र जातजाती विशेषको अर्थपूर्ण सहभागिता सहित समुचित विकासको प्रत्याभुति गर्ने | १ | २६२३ | ०.६९ | २८६३ | ०.७ | ३१४३ | ०.७ |
| ४ | कृषी पकेट क्षेत्र, पर्यटन क्षेत्र र स्थानीय सेवा केन्द्रलाई जोड्ने सडक निर्माणलाई प्राथमिकता दिने। | ४ | ४३६०४ | ११.४ | ३७४४४.७ | ९.११ | ४११८७ | ९.१२ |
| ५ | रोजगारीका अवसर तथा राज्यका सेवा सुविधामा महिला, दलित तथा आर्थिक रुपमा विपन्न वर्ग, अपाङ्ग र युवाहरुको सहभागिता सुनश्चित गर्ने। | २ | ३५०० | ०.९१ | ५७२६ | १.४ | ६२८६ | १.४ |
| ६ | वातवरणमैत्री स्थानीय शासन र विपद जोखिम व्यवस्थापन नविनतम नीति तथा कार्यक्रम गर्ने। | ३ | २००० | ०.५२ | २६०२ | ०.६३ | २८६२ | ०.६३ |
| ७ | आन्तरिक स्रोतहरुको पहिचान गरि परिचालन गर्ने। | १ | ० | ० | १४८६ | ०.३७ | १६३५ | ०.३७ |
| | जम्मा | १७ | ७००९७ | १८.३२ | ८३६४३ | २०.३५ | ९१९४८.४ | २०.३५ |

### ख. प्राथमिकताक्रमको आधारमा बाँडफाँट

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.५ मा प्रस्तुत गरिएको छ।

**तालिका २.५ः प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

| प्राथमिकताक्रम | आयोजना/ कार्यक्रम संख्या | २०८१/०८२ को व्यय अनुमान | | २०८२/०८३ को खर्च प्रक्षेपण | | २०८३/०८४ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्राथमिकता पहिलो (P1) | २३ | १०१२६९ | २६.४७ | ११६०४२.१४ | २८.२४ | १२७५७८.८ | २८.२३ |
| प्राथमिकता दोस्रो (P2) | २० | २८१२७२ | ७३.५३ | २९४८६७.२२ | ७१.७६ | ३२४२२३.२ | ७१.७७ |
| **जम्मा** | **४३** | **३८२५४१** | **१००** | **४१०९०९** | **१००** | **४५१८०२** | **१००** |

## ग. दिगो विकास लक्ष्यको आधारमा बाँडफाँट

दिगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको व्यय अनुमान तथा प्रक्षेपण तालिका नं. २.६ मा प्रस्तुत गरिएको छ।

**तालिका २.६: दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

| क.सं. | रणनीतिक स्तम्भ | आयोजना/कार्यक्रम संख्या | २०८१/०८२ को व्यय अनुमान | | २०८२/०८३ को खर्च प्रक्षेपण | | २०८३/०८४ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | १ | ३०० | ०.०७८ | १४८६ | ०.३६ | १६३५ | ०.३६ |
| २ | शून्य भोकमरी | ५ | १३०७० | ३.४२ | २४४७७ | ५.९६ | २६८९३.४ | ५.९५ |
| ३ | स्वस्थ जीवन | ८ | ४१८६१ | १०.९४ | ५२०९७ | १२.६८ | ५२२७६ | ११.५७ |
| ४ | गुणस्तरीय शिक्षा | ५ | १३५१५६ | ३५.३३ | १२४३१३.२ | ३०.२५ | १३६७१५ | ३०.२६ |
| ५ | लैङ्गिक समानता | २ | ८५०० | २.२२ | ८५८७ | २.०९ | ९४२९ | २.०९ |
| ६ | स्वच्छ पानी र सरसफाइ | ३ | ९५९० | २.५१ | ८७९६ | २.१४ | ९६७७ | २.१४ |
| ७ | आधुनिक ऊर्जामा पहुँच | १ | ० | ० | ३७२ | ०.०९ | ४०९ | ०.०९ |
| ८ | समावेशी आर्थिक वृद्धि र मर्यादित काम | २ | १२६८१ | ३.३१ | १९९४५ | ४.८५ | २१९४० | ४.८६ |
| ९ | उद्योग नविन खोज र पूर्वाधार | २ | ३६१५४ | ९.४५ | ३०४८३ | ७.४५ | ३३५३२ | ७.४२ |
| १० | असमानता न्यूनीकरण | १ | १५०० | ०.३९ | २८६३ | ०.७ | ३१४३ | ०.७ |
| ११ | दिगो शहर र बस्ती | ४ | २९१७६ | ७.६२ | ३२४५७ | ७.९ | ३५७०५ | ७.९ |
| १२ | दिगो उपभोग र उत्पादन | १ | १३०० | ०.३४ | ३७१६ | ०.९ | ४०८७ | ०.९ |
| १३ | जलवायु परिवर्तन अनुकुलन | २ | १९०० | ०.५ | २२३० | ०.५४ | २४५३ | ०.५४ |
| १४ | सामुद्रिक स्रोतको उपयोग | ० | ० | ० | | ० | | ० |
| १५ | भूसतह स्रोतको उपयोग | १ | १०० | ०.०३ | ३७२ | ०.०९ | ४०९ | ०.०९ |
| १६ | शान्ति, न्याय र सबल संस्था | ३ | ९०७५८ | २३.७३ | ९६११४.४ | २३.४ | १०५६३७.६ | २३.३८ |
| १७ | दिगो विकासको लागि साझेदारी | २ | ४९५ | ०.१३ | २६०१ | ०.६३ | २८६१ | ०.६३ |

## घ. लैंङ्गिक संकेतको आधारमा बाँडफाँट

लैंङ्गिक संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.७ मा प्रस्तुत गरिएको छ।

**तालिका २.७: लैंगिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

| लैङ्गिक संकेत | आयोजना/कार्यक्रम संख्या | २०८१/०८२ को व्यय अनुमान | | २०८२/०८३ को खर्च प्रक्षेपण | | २०८३/०८४ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| अत्यन्त सान्दर्भिक | २ | ८००० | २.०९ | ९४५३ | ९.६२ | १०३८७ | २.३ |
| सान्दर्भिक | १८ | ५४४९१ | १४.२४ | ९८२८९.९२ | २३.९२ | १०८०६९ | २३.९२ |
| तटस्थ | २३ | ३२००५० | ८३.६७ | ३०३१६६.४४ | ७३.७८ | ३३३३४६ | ७३.७८ |
| जम्मा | ४३ | ३८२५४१ | १०० | ४१०९०९ | १०० | ४५१८०२ | १०० |

## ङ. जलवायु संकेतको आधारमा बाँडफाँट

जलवायु संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.८ मा प्रस्तुत गरिएको छ।

**तालिका २.८ः जलवायु संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

| लैङ्गिक संकेत | आयोजना/कार्यक्रम संख्या | २०८१/०८२ को व्यय अनुमान | | २०८२/०८३ को खर्च प्रक्षेपण | | २०८३/०८४ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| अत्यन्त सान्दर्भिक | ६ | ९००० | २.३५ | ८६९१ | २.११ | ९५६१ | २.११ |
| सान्दर्भिक | ११ | ४०७८१ | १०.६६ | ६८५८८.८ | १६.७ | ७५४१०.८ | १६.७ |
| तटस्थ | २६ | ३३२७६० | ८६.९९ | ३३३६२९.५६ | ८१.२ | ३६६८३०.२ | ८१.२ |
| **जम्मा** | **४३** | **३८२५४१** | **१००** | **४१०९०९** | **१००** | **४५१८०२** | **१००** |

## च. गाउँपालिकाको गौरवका आयोजना

गाउँपालिकाले गाउँपालिकाको सामाजिक, आर्थिक विकास र वातावरण सन्तुलनमा महत्वपूर्ण योगदान पुऱ्याउने रणनीतिक महत्वका आयोजनालाई गाउँपालिकाको गौरवका आयोजनाको रुपमा प्रस्ताव गरेको छ। गाउँपालिकाको गौरवका आयोजना तथा कार्यक्रमको आगामी आर्थिक वर्ष २०८१/०८२ को विनियोजन र त्यसपछिका दुई वर्षको प्रक्षेपण तालिका २.९ मा प्रस्तुत गरिएको छ।

**तालिका २.९ः गाउँपालिकाको गौरवका आयोजना**

| क्र.सं. | गौरवका आयोजना | २०८१/०८२ को व्यय अनुमान | २०८२/०८३ को खर्च प्रक्षेपण | २०८३/०८४ को खर्च प्रक्षेपण |
|---|---|---|---|---|
| १ | पञ्चकन्या कृषि सडक | ३०००० | ४०००० | ५०००० |
| २ | प्रशासकीय भवन | १०००० | ५००० | ५००० |
| ३ | फुसको छानो हटाउने | १०००० | १०००० | ५००० |
| ४ | सानोदुम्मा-ठूलोदुम्मा खानेपानी आयोजना | २०००० | २०००० | ३०००० |

## २.८ विषय उप-क्षेत्रगत बाँडफाँट

विषय उप क्षेत्रगत रुपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.१० मा प्रस्तुत गरिएको छ। विषयगत उप क्षेत्रका आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण सम्बन्धी विवरण अनुसूची २ समावेश गरिएको छ।

**तालिका २.१०ः आगामी तीन आ.व.को विषय उप-क्षेत्रगत खर्चको बाँडफाडको प्रक्षेपण (रकम रु. हजारमा)**

| क्र. सं. | विषय क्षेत्र/ उपक्षेत्र | २०८१/०८२ को बजेट सीमा | | | २०८२/०८३ को बजेट सीमा | | | २०८३/०८४ को बजेट सीमा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुँजी | कुल | चालु | पुँजी | कुल | चालु | पुँजी |
| १ | कृषि तथा खाद्य सुरक्षा | १०६०० | ६८०० | ३८०० | १५६८१ | ९४०८.६ | ६२७२.४ | १७२१६ | १०३२९.६ | ६८८६.४ |
| २ | सिंचाई | १७० | ० | १७० | ३७१६ | २२२९.६ | १४८६.४ | ४०८८ | २४५२.८ | १६३५.२ |
| ३ | पशु सेवा | २३०० | २००० | ३०० | ५०८० | ३०४८ | २०३२ | ५५८९ | ३३५३.४ | २२३५.६ |
| ४ | उद्योग, व्यापार तथा व्यवसाय | १३०० | १३०० | ० | ३७१६ | २२२९.६ | १४८६.४ | ४०८७ | २४५२.२ | १६३४.८ |
| ५ | पर्यटन तथा संस्कृति | ४६५० | ६५० | ४००० | ५०८० | ३०४८ | २०३२ | ५५८९ | ३३५३.४ | २२३५.६ |
| ६ | भूमि व्यवस्था, सहकारी र वित्तीय सेवा | ३०० | ३०० | ० | १४८६ | ८९१.६ | ५९४.४ | १६३५ | ९८१ | ६५४ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | श्रम तथा रोजगारी | १२६८१ | ९०८१ | ३६०० | १९९४५ | ११९६७ | ७९७८ | २१९४० | १३१६४ | ८७७६ |
| ८ | शिक्षा, कला, भाषा र साहित्य | १३५१५६ | १३२१५६ | ३००० | १२४३१३ | ७४५८७.८ | ४९७२५.२ | १३६७१५ | ८२०२९ | ५४६८६ |
| ९ | स्वास्थ्य तथा पोषण | ३८८७५ | ३४७७५ | ४१०० | ४९१२४ | २९४७४.४ | १९६४९.६ | ५४००६ | ३२४०३.६ | २१६०२.४ |
| १० | खानेपानी तथा सरफाइ | ९५९० | ० | ९५९० | ८७९६ | ० | ८७९६ | ९६७७ | ० | ९६७७ |
| ११ | महिला, बालबालिका, सामाजिक संरक्षण र समावेशीकरण | १२६२३ | ८६२३ | ४००० | १४३१३ | ८५८७.८ | ५७२५.२ | १५७१५ | ९४२९ | ६२८६ |
| १२ | युवा, खेलकुद तथा नवप्रवर्तन | २९८६ | २९८६ | ० | २९७३ | १७८३.८ | ११८९.२ | ३२७० | १९६२ | १३०८ |
| १३ | बस्ती विकास, आवास र भवन | २४५२६ | ० | २४५२६ | २७३७७ | ० | २७३७७ | ३०११६ | ० | ३०११६ |
| १४ | सडक तथा यातयात | ३६१५४ | ० | ३६१५४ | ३०४८३ | ० | ३०४८३ | ३३५३२ | ० | ३३५३२ |
| १५ | विद्युत तथा वैकल्पिक ऊर्जा | ० | ० | ० | ३७२ | २२३.२ | १४८.८ | ४०९ | २४५.४ | १६३.६ |
| १६ | वन, भु-संरक्षण तथा जैविक विविधता | १०० | १०० | ० | ३७२ | २२३.२ | १४८.८ | ४०९ | २४५.४ | १६३.६ |
| १७ | वातवरण तथा फोहोरमैला व्यवस्थापन | ० | ० | ० | ३७२ | २२३.२ | १४८.८ | ४०९ | २४५.४ | १६३.६ |
| १८ | विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलता | १९०० | १९०० | ० | १८५८ | १११४.८ | ७४३.२ | २०४४ | १२२६.४ | ८१७.६ |
| १९ | नीति, कानून, न्याय र सुशासन | १२१५ | १२१५ | ० | १११५ | ६६९ | ४४६ | १२२६ | ७३५.६ | ४०९०.४ |
| २० | संगठन, मानव संशोधन र क्षमता विकास | ८६८८५ | ८६८८५ | ० | ९२१३६ | ५५२८१.६ | ३६८५४.४ | १०१२६९ | ६०७६१.४ | ४०५०७.६ |
| २१ | राजश्व तथा राजश्व परिचालन | ० | ० | ० | १४८६ | ८९१.६ | ५९४.४ | १६३५ | ९८१ | ६५४ |
| २२ | तथ्याङ्क, योजना तथा विकास परिचालन | ४९५ | ४९५ | ० | १११५ | ६६९ | ४४६ | १२२६ | ७३५.६ | ४९०.४ |
| | जम्मा | ३८२५४१ | २८९३०१ | ९३२४० | ४१०९०९ | २११६०६.२ | १९९३०२.८ | ४५१८०२ | २३२६४७ | २१९१५५ |

आर्थिक वर्ष २०८१/०८२ को अनुमान र आगामी दुई वर्षको प्रक्षेपण विषय उप क्षेत्रगत नतिजा, विषय उप क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र विषय उप क्षेत्रगत अनुमानित बजेट परिच्छेद ३ देखि परिच्छेद ७ सम्म प्रस्तुत गरिएको छ।

**परिच्छेद तीनः आर्थिक क्षेत्र**

यस परिच्छेद अन्तर्गत कृषि तथा खाद्य सुरक्षा पशु विकास, उद्योग व्यापार व्यावसाय, सिचाई, पर्यटन तथा संस्कृति, बैंक वितीय संस्था, भूमि व्यवस्था तथा सहकारी र श्रम तथा रोजगारी जस्ता उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ।

## ३.१ कृषि तथा खाद्य सुरक्षा

### ३.१.१ पृष्ठभूमि

कृषि क्षेत्र आर्थिक समृद्धि हासिल गर्ने प्रमुख आधार हो। संविधानले किसानको हक हित संरक्षण र सम्बर्द्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भू-उपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने, भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने, कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने जस्ता विषयलाई समावेश गरेको छ। यसका अतिरिक्त संविधानले खाद्य सम्बन्धी अधिकारलाई मौलिक हकका रुपमा प्रत्याभूत गरेको छ। त्यसै गरी चालु पन्ध्रौं योजना, कोशी प्रदेशको प्रथम पञ्चबर्षीय योजना तथा दिगो विकास लक्ष्यले भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण उपलब्ध गर्ने र दिगो कृषि प्रवर्द्धन लाई जोड दिएको छ।

पौवादुङमा गाउँपालिकाका अधिकांश बासिन्दाहरुको जीविकोपार्जनको मुख्य आधार कृषि नै हो। यो गाउँपालिका नेपालको हिमाली र पहाडी क्षेत्रमा अवस्थित रहेको पालिका भएको र भिरालो जमिन भएपनि केही उर्वरायूक्त रहेको हुदा यहाँको ठुलो जनसंख्या कृषी तथा पशुपालनमा पेशामा संलग्न रहेका छन्। पौवादुङमा गाउँपालिकामा अन्न बालीमा धान, मकै, कोदो र गहुँ नगदे बालीमा अलैची, अम्लिसो, अदुवा, पशुजन्य उत्पादनमा दुध, मासु, अण्डा, तेलहनमा तोरी, सस्यौं र दलहनमा मास, सीमि, मस्याम, तरकारी अन्तर्गत आलु र फलफुल पनि उत्पादन हुन्छन्।

### २.१.२ समस्या तथा चूनौती

यहाँको जनसंख्या आर्थिक हिसाबले पिछडिएको कारण कृषि परम्परागत प्रणालीमा रही निर्वाहमुखी हुनु, व्यावसायीकरण हुन नसक्नु, बसाइसराईका कारण जमिन बाँझो हुनु, सिंचाई तथा यातायातको अपर्याप्तता र विद्यमान सिंचाई आयोजना पूर्ण क्षमतामा उपयोग हुन नसक्नु, कृषकमा नयाँ प्रविधि, उन्नत बिउ/मल, जैविक तथा प्राङ्गारिक कृषि सम्बन्धी ज्ञान अपुग, कृषि सामाग्री र औजारको उचित वितरण तथा प्रयोगमा कमी, कृषक समूहको क्षमता अभिवृद्धि यथोचित नहुनु, बालीमा लाग्ने रोग व्यवस्थापन र सुधारिएका कृषि प्रणाली सम्बन्धी जानकारीको कमी, बेमौसमी तरकारी उत्पादन कम हुनु, कृषि उपजको बजारीकरण र भण्डारणमा किसानको सामूहिक स्वामित्व हुन नसक्नु, संकलन केन्द्र तथा चिस्यान केन्द्र नहुनु, उत्पादन, कृषि अनसन्धान र कृषि प्रसार बीच समन्वयकोकमी, प्रशोधन क्षमताको कमी एवम न्यून मूल्य अभिवृद्धि, कृषि सम्बन्धी तालिम कम हुनु आदि प्रमख समस्या हुन्। स्थानीय सरकार मातहतमा आएको कृषि प्रसार सेवालाई व्यवस्थापन र सदृढीकरण गर्न, कृषि सम्बन्धी अनुसन्धान संस्था एवम संरचना संघीय सरकारबाट प्राप्त गर्न, परम्परागत

कृषि ज्ञानको पुर्नखोज गरी आधुनिकीकरण र उपयोग गर्न, जग्गाको चक्लाबन्दी गर्न, कृषिमा उपयुक्त यान्त्रिकीकरण र व्यावसायीकरण गर्न, कृषि सम्बन्धी संस्थाहरुको व्यवस्थापन गर्न, कृषि प्राविधिकको उपलब्धता सुनिश्चित गर्न, जंगली जनावरबाट बाली सुरिक्षत गर्न, कृषि बालीमा लाग्ने किरा तथा रोगको पहिचान गर्न, जैविक तथा प्राङ्गारिक कृषि प्रणालीको प्रवर्द्धन गर्न, खाद्यवस्तुको गुणस्तर कायम गर्न, हानिकारक कीटनाशक विषादी र रासायनिक मल र आनुवांशिक परिवर्तन गरिएका बाली वस्तु नियिन्त्रत गर्न, कृषि अनुदानलाई प्रतिस्पर्धी बजारको विकास हुने गरी उपयोग गर्न, कृषकले कृषि उत्पादनको सही मुल्य प्राप्त गर्न आदि प्रमुख चुनौती हुन्।

### ३.१.३ सोच

प्रतिस्पर्धी एवं निर्यातमुखी उद्योगको रुपमा कृषिलाई रुपान्तरण गर्ने।

### ३.१.४ उद्देश्य

१. समावेशी र दिगो कृषि क्षेत्रको विकास गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्नु।

२. व्यवसायीकरण, प्रतिस्पर्धात्मक र निर्यातमुखी उद्योगको रुपमा कृषिलाई रुपान्तरण गर्न बजारीकरण गर्नु।

### ३.१.५ रणनीति

१. कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।

२. कृषक, कृषि व्यवसायी, प्राविधिक लगायत कृषि सेवामा आवद्ध पक्ष तथा संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने।

३. कृषिमा लगानी वृद्धि गर्न निजी क्षेत्र तथा सहकारी संस्थाहरुसँग समन्वय गर्ने।

४. कृषि नीति तर्जुमा तथा योजना निर्माण, कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन गर्ने।

५. कृषि पूर्वाधारहरु निर्माण गर्ने।

## ३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | गत आ.व. सम्मको उपलब्धी | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| व्यवसायिक कृषि उत्पादनमा संलग्न कृषक | संख्या | ८६० | ९०० | ९५० | १००० | ११०० |
| व्यवसायिक तरकारी खेती गरिएको क्षेत्रफल | हेक्टर | ४८.३ | ४९ | ५० | ५२ | ५४ |
| व्यवसायिक किवि खेती गरिएको क्षेत्रफल | हेक्टर | १ | १.५ | २ | ३ | ५ |
| व्यवसायिक एभोकाडो खेती गरिएको क्षेत्रफल | हेक्टर | ५ | ७ | १० | १२ | १५ |
| वार्षिक धान उत्पादन | मे. टन | ६८० | ६८५ | ७०० | ७१५ | ७२५ |
| वार्षिक गहुँ उत्पादन | मे. टन | ५ | ६ | ७ | ७.५ | ८ |
| वार्षिक तरकारी उत्पादन | मे. टन | ३००० | ३५०० | ४००० | ४५०० | ५००० |
| संकलन केन्द्रको संख्या | संख्या | १ | २ | ३ | ४ | ५ |
| कृषि क्षेत्रमा प्रत्यक्ष रोजगारी वृद्धि | संख्या | २०० | ३०० | ३५० | ४०० | ५०० |
| खाद्य वस्तुमा आत्म निर्भर परिवार | प्रतिशत | ८० | ८२ | ८९ | ९५ | १०० |

## ३.१.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/०८२ | १०६०० | ६८०० | ३८०० | ० | २८०० | ६१०० | १५०० | ० |
| २०८२/०८३ | १५६८१ | ९४०८.६ | ६२७२.४ | ० | १८०० | १११४९ | २७३२ | ० |
| २०८३/०८४ | १७२१६ | १०३२९.६ | ६८८६.८ | ० | १९१५ | १२२६४ | ३००२ | ० |

## ३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना | अकबरे, एभोकाडो र किवि खेति पकेट खाद्यान्न, तरकारी क्षेत्रको विस्तार गर्नु। | सालवसाली | ६७४७.७/- | व्यावसायिक कृषक ५५ जना थप हुनेछन, अकबरे खोर्सानीको ब्राण्डिङ र बजारको विस्तार हुनेछ। तरकारीको क्षेत्र विस्तार हुनेछ। |
| २ | कृषि प्रसार, व्यवसायिकरण, प्रविधि हस्तान्तरण र नियमन कार्यक्रम | कृषिलाई आधुनिकरण र यान्त्रिकरण गर्नु | सालवसाली | २८८२८/- | प्रविधिमैत्री खेति प्रणालिको विस्तार हुनेछ। |
| ३ | कृषि सामाग्री खरिद तथ वितरण | व्यावसायिक खेतिलाई प्रवर्द्धन गर्ने | सालवसाली | ७९२१.६/- | निमुखा कृषकहरु व्यावसायिक खेति तर्फ थप कम्तिमा ५० जना कृषक आर्कषित हुनेछन। |

## ३.१.९ जोखिम पक्ष तथा अनुमान

तीन तहका सरकारबीच नीति, योजना तथा कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा कृषि पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ। गाउँपालिकाको ग्रामीण क्षेत्रमा वैदेशिक रोजगारबाट प्राप्त पूँजी कृषि

व्यवसायमा परिचालन हुनेछ र बेरोजगार युवाहरु कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन्। कृषि, प्रविधि, मल, गुणस्तरीय बीउ तथा कृषि सामाग्री, भरपर्दो सिंचाई प्रणाली, खुल्ला सिमानाका कारण भारतवाट आयात गरिने सस्तो मूल्यको खाद्यवस्तु संग प्रतिस्पर्धा, बजार व्यवस्थापन, कृषि भूमिको संरक्षण र व्यवसाय, उद्योग कलकारखाना संचालन व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ। यसैगरी कृषि क्षेत्रमा जलवायु परिवर्तन र प्रकोपको असरको जोखिम संभावना अधिक रहन सक्दछ।

## ३.२ पशुपंक्षीपालन

### ३.२.१ पृष्ठभूमि

नेपालमा कुल कृषि ग्राहस्थ्य उत्पादनमा एक चौथाई भन्दा बढी योगदान दिने पशुपंक्षी क्षेत्रमा साना तथा मझौला किसानहरूको बाहुल्यता रहेको छ। मूलतः निर्वाहमुखी पशुपंक्षीपालन भएको र उन्नत प्रविधि तथा उत्पादन सामाग्रीहरूको यथोचित उपलब्धता नभएकाले पशुपंक्षी विकासतर्फ आशातित उपलब्धि हुन सकेको छैन। साथै वित्तीय पहुँच सर्वसुलभ नहुनु, बजार पूर्वाधारको विकास नहुनु, मूल्य श्रृंखलामा कार्यगत समन्वय हुन नसक्नु जस्ता कारणहरू पनि अवरोधका रुपमा रहेका छन्। आम उपभोक्ताहरूको क्रयशक्तिमा आएको बृद्धि र प्रवर्द्धन हुँदै गरेको पर्यटन व्यवसायले पशुपंक्षीजन्य उत्पादनहरूको बढ्दो माग पूर्तिका लागि यस क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न जरुरी छ।

### ३.२.२ समस्या तथा चुनौति

पशुपंक्षीमा लाग्ने रोग व्यवस्थापन र सुधारिएका प्रणाली सम्बन्धी जानकारीको कमी, पशुपंक्षी बजारीकरण र भण्डारणमा किसानको सामूहिक स्वामित्व हुन नसक्नु, उत्पादन, अुनसन्धान र प्रसार वीच समन्वयको कमी, बजारीकरण र पशुपक्षी पालनको निमित्त आवश्यक उन्नत नस्ल, रोग र महामारीको रोकथाम एवम पशु व्यवस्थापन सम्बन्धी उचित ज्ञानको कमी, पशु र मत्स्यपालनमा उपयुक्त यान्त्रिकीकरण र व्यावसायीकरण गर्नु आदि प्रमख समस्या हुन्। पशु प्राविधिकको उपलब्धता सुनिश्चित गर्न, पशुपंक्षीपालन सम्बन्धी संस्थागत तथा संरचनागत व्यवस्था गर्न, स्थानीय सरकारको मातहतमा आएको कृषि प्रसार सेवालाई व्यवस्थापन र सदृढीकरण गर्न, परम्परागत पशुपंक्षीपालन ज्ञानको पुर्नखोज गरी आधुनिकीकरण र उपयोग गर्न, अन्तर-सरकार समन्वय प्रभावकारी बनाउन, पशुपंक्षीपालनमा उपयुक्त व्यावसायीकरण गर्न, कृषि अनुदानलाई प्रतिस्पर्धी बजारको विकास हुने गरी उपयोग गर्न, पशुपंक्षीमा देखिने किरा तथा रोगको पहिचान तथा नियन्त्रण गर्न आदि प्रमुख चुनौती हुन्।

### ३.२.३ सोच

पशु जन्य उत्पादनमा आत्म निर्भर भई निर्यात बढाउने।

### ३.२.४ उद्देश्य

१. पशुपंक्षी व्यवसायलाई प्रविधियुक्त, परिणाममुखी, व्यावसायिक र प्रतिस्पर्धी बनाउनु।

२. पशुपंक्षी व्यवसायलाई स्वरोजगारको माध्यमका रूपमा विकसित गर्दै आयआर्जनको दिगो स्रोतको रूपमा विकास गर्नु।

### ३.२.५ रणनीति

१. पशुपंक्षी खाद्य वस्तुको उत्पादन र उत्पादकत्वमा वृद्धि गरी आत्मनिर्भर बनाउने।

२. पशुपंक्षी उत्पादन र उत्पादकत्व वृद्धि गर्न प्रविधि, प्राविधिक तथा वित्तीय सेवा उपलब्ध गराउने।

३. पशुपंक्षीजन्य वस्तुको वजार प्रवर्द्धन गर्ने।

४. पशु सुरक्षा एवं प्रवर्द्धन गर्ने।

### ३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | गत आ.व. सम्मको उपलब्धी | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| वार्षिक दुधको उत्पादन | लिटर | ३००० | ३१०० | ३३०० | ३५०० | ४००० |
| वार्षिक मासु उत्पादन | मे. टन | ४००० | ४१०० | ४३०० | ४५०० | ४७०० |
| वार्षिक अण्डा उत्पादन (हजारमा) | संख्या | ३००० | ३१०० | ३३०० | ३५०० | ३७०० |
| व्यावसायिक पशुपालनमा संलग्न कृषक | संख्या | १५० | १७० | २०० | २२० | २५० |
| पशुपंक्षीपालन सम्बन्धी सहकारीमा आवद्ध | संख्या | ० | १ | २ | ३ | ५ |
| कुल गार्हस्थ्य उत्पादनमा पशुपंक्षी तथा माछा उत्पादनको योगदान | प्रतिशत | २ | ३ | ५ | ७ | १० |
| मह उत्पादन | मे. टन | ०.०४ | ०.०५ | ०.०६ | ०.०७ | ०.०८ |

### ३.२.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/०८२ | २३०० | २००० | ३०० | ० | ० | २००० | ३०० | ० |
| २०८२/०८३ | ५०८० | ३०४८ | २०३२ | ० | ० | ३७१६ | १३६४ | ० |
| २०८३/०८४ | ५५८९ | ३३५३.४ | २२३५.६ | ० | ० | ४०८८ | १५०१ | ० |

### ३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | व्यावसायिक पशुपालन, प्रसार, प्रविध, रोकथाम तथा नियमन कार्यक्रम | पशुपंक्षीजन्य उत्पादनको व्यावसायिकरण तथा उत्पादकत्व वृद्धि गर्ने | सालवसाली | १२९६९/- | पशुपंक्षीजन्य उत्पादनमा ८% वृद्धि हुनेछ। |

### ३.२.९ जोखिम पक्ष तथा अनुमान

तीन तहका सरकारबीच नीति, योजना तथा कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ। वैदेशिक रोजगारबाट प्राप्त पूँजी पशुपंक्षीपालन व्यवसायमा परिचालन हुनेछ र वेरोजगार युवाहरुलाई कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन्। प्रविधि, पशु प्रसार, चरण क्षेत्र र आहार, पशुपंक्षी उपचार एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ।

## ३.३ उद्योग व्यापार व्यवसाय

### ३.३.१ पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐनले लघु, घरेलु तथा साना उद्योग, उद्यमशीलताको विकास र प्रवर्द्धन सम्बन्धी कार्य स्थानीय सरकारको अधिकार क्षेत्रमा राखेको छ। गाउँपालिकाको आर्थिक समृद्धिमा उद्योग, वाणिज्य र सेवा क्षेत्रहरूको महत्वपूर्ण भूमिका रहन्छ। परम्परागत कृषि प्रणाली माथिको अत्याधिक निर्भरतालाई कम गर्न कृषि क्षेत्रको व्यवसायीकरणका साथ साथै उद्योग, वाणिज्य र सेवा क्षेत्रहरूको पनि निरन्तर विकास हुन सकेमा नै गाउँपालिकाको आर्थिक समृद्धिमा उल्लेख्य सफलता हाँसिल गर्न सकिन्छ।

### ३.३.२ समस्या तथा चूनौति

अपेक्षाकृत रूपमा उद्योगमा लगानी आकर्षित गर्न नसक्नु, उद्योग विकासका लागि दक्ष जनशक्तिको विकास र उपयोग हुन नसक्नु, सक्षम र दक्ष जनशक्ति उत्पादन गर्न संस्थागत संयन्त्र नहुनु, उद्योगलाई कृषि, वन तथा खनिज जस्ता क्षेत्रसँग आबद्ध गर्न नसक्नु, कृषि र वनका उत्पादनको मूल्य अभिवृद्धि बिना निर्यात हुनु, निर्यातयोग्य वस्तुको उत्पादन र विविधीकरण हनु नसक्नु, जमिन, भौतिक पूर्वाधार र ऊर्जाको अपर्याप्तता, कामदारको न्यून उत्पादकत्व, आयातित वस्तुसँग प्रतिस्पर्धा गर्न नसक्नु, उद्योग स्थापनामा नवीनतम सोचको कमी, उद्योगलाई पर्यटनसँग जोड्न नसक्नुआदि प्रमुख समस्या हुन्। आयात व्यापारलाई प्रतिस्थापन गर्ने उद्योग स्थापना र सञ्चालन गर्नु, उत्पादनमूलक उद्योगमा लगानी बढाउनु, गणुस्तरीय वस्तुको उत्पादन र प्रतिस्पर्धी क्षमतामा वृद्धि गर्नु, उद्यमशीलता र संस्थागत संस्कृतिको विकास गर्नु, सहुलियत ब्याजदरमा पर्याप्त कर्जा उपलब्ध गराउनु, युवालाई उद्योगतर्फ आकर्षित गर्नु र औद्योगिकीकरणलाई वातावरण सन्तलुनका साथै पर्यटन क्षेत्रसँग तालमेल मिलाउनु आदि प्रमुख चुनौती हुन्।

### ३.३.३ सोच

उद्योग र व्यापारको विस्तार गरि गाउँपालिकाको विकास र अर्थतन्त्र सुधार गर्ने।

### ३.३.४ उद्देश्य

१. औद्योागिक र व्यापारिक क्षेत्रलाई प्रवद्र्धन गरि अर्थतन्त्रमा योगदान पुऱ्याउने।

२. प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरी लगानी मैत्री वातावरण सिर्जना गरि रोजगारीको अवसर थप गर्नु।

### ३.३.५ रणनीति

१. साना तथा घरेलु उद्योगहरु संचालन र प्रवर्द्धन गर्ने।

२. उद्योगहरुलाई आवश्यक पर्ने सेवा विकासमा जोड दिने।

### ३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | गत आ.व. सम्मको उपलब्धी | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| व्यवसाय दर्ता | संख्या | १२० | १२५ | १४० | १६० | २०० |
| प्राइभेट | संख्या | ५० | ५५ | ६५ | ७८ | १०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ठुला उद्योग | संख्या | ० | ० | १ | २ | ३ |
| बजार अनुगमन | संख्या | १ | २ | ४ | ६ | ९ |
| कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | ० | ०.००१ | ०.००२ | ०.००३ | ०.००४ |
| उद्योग तथा व्यापारमा रोजगारीका अवसर | प्रतिशत | ०.०१ | ०.०२ | ०.०३ | ०.१ | ०.२ |

## ३.३.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/०८२ | १३०० | १३०० | ० | ० | ० | १३०० | ० | ० |
| २०८२/०८३ | ३७१६ | २२२९.६ | १४८६.४ | ० | ० | ३७१६ | ० | ० |
| २०८३/०८४ | ४०८६ | २४५२.२ | १६३४.८ | ० | ० | ४०८६ | ० | ० |

## ३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | उद्योग, व्यापार व्यवसाय प्रबर्द्धन कार्यक्रम | अनुकुल वातवरण सिर्जना गरी गुणात्मक व्यवसाय वृद्धि गर्ने | सालवसाली | ९१०३/- | स्थानीय व्यापार व्यवसायमा १० प्रतिशतले वृद्धि हुनेछ। |

## ३.३.९ जोखिम पक्ष तथा अनुमान

तीन तहका सरकारबीच नीति, योजना तथा कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ। उद्योग तथा व्यवसायमा परिचालन हुनेछ र बेरोजगार युवाहरुलाई कृषि तथा गैर कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन्। साना उद्योगी व्यवसायीहरुलाई संरक्षण गर्ने खालका निति, कानुन तथा उद्योग स्थापनाको लागि लगानीकर्ता आकर्षित गराउन नसकेमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ।

## ३.४ पर्यटन विकास

## ३.४.१ पृष्ठभूमि

पौवादुङमा गाउँपालिका पर्यटकीय हिसावले महत्वपुर्ण गाउँपालिका हो। यो गाउँपालिकामा रहेका पर्यटकीय स्थानहरुको प्रचार प्रसारको अभावकवा कारण वाह्य पर्यटकहरु त आउन सकेका छैनन् तर आन्तरिक पर्यटक भने आउने क्रम दिन प्रतिदिन बढ्दै गइरहेको छ। पछिल्लो समयमा भएको सूचना संचारको विकासले गर्दा यहका विभिन्न स्थानहरुको प्रचार प्रसार हुन थाले पछि आन्तरिक पर्यटकहरु वढ्न थालेका हुन्। यस क्षेत्रमा चिया पसल र घरबास जस्ता सेवामूलक र रोजगारमूलक क्षेत्रको रुपमा अपेक्षा गरिएको पर्यटन क्षेत्र समृद्धिको एक प्रमुख सम्वाहक हो।

## ३.४.२ समस्या तथा चूनौति

पर्यटकीय गन्तव्यको विकास र विविधीकरण हुन नसक्नु, पर्यटकलाई आकर्षित गर्न चाहिने सेवा, सुविधा र पर्यटकीय वस्तुको कमी हुनु, पर्यटन क्षेत्रमा निजी लगानी अन्तर्गत स्तरीय होटल, रेष्टुरेण्ट, होमस्टे आदि वृद्धि हुन नसक्नु, धार्मिक पर्यटकीय स्थलको उपयुक्त व्यवस्थापन गर्न नसक्नु, पर्यटकीय सूचना प्रवाह व्यविस्थत र प्रभावकारी हुन नसक्नु, आन्तरिक र बाह्य पर्यटकको व्यविस्थत अभिलेख नहुनु, पयर्टनको लाभ स्थानीय समुदायले अपेक्षित रूपमा प्राप्त गर्न नसक्नु आदि प्रमख समस्या हुन्। पर्यटकीय विकासको लागि आवश्यक यातायात, सञ्चार र अन्य संरचनाहरुको विकास र व्यवस्थापन गर्न, पर्यटकीय क्षेत्रको पहिचान, संरक्षण र विकास गर्न, पर्यटकीय क्षेत्रको विकास, संरक्षण र प्रचार प्रसार गर्न आर्थिक जोहो गर्न, पर्यटकीय क्षेत्रलाई व्यवसायिकरण गर्न, साथै पर्यटनलाई रोजगारीको माध्यम बनाउन चुनौती रहेको छ।

## ३.४.३ सोच

पर्यटनलाई आम्दानीको स्रोतको रुपमा विकास र विस्तार गर्ने।

## ३.४.४ उद्देश्य

१. पौवादुङमालाई सुरक्षित, गुणस्तरिय र पर्यटन मैत्री बनाई आकर्षक पर्यटक स्थलको रुपमा विकास गर्नु।

२. पर्यटकिय क्षेत्रबाट प्राप्त लाभले आर्थिक उन्नतिमा सहयोग पुऱ्याउने।

## ३.४.५ रणनीति

१. पर्यटनको विकास र प्रवद्र्धनका लागि नीति निर्माण र संस्थागत विस्तार गर्ने।

२. पर्यटकिय स्थलहरुको सुधार, व्यवस्थापन तथा निर्माण गरी रोजगारी र आयमा वृद्धि गर्ने।

३. पर्यटन व्यवसायबाट आर्थिक उन्नति हाँसिल गर्ने।

## ३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | गत आ.व. सम्मको उपलब्धी | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| आन्तरिक आयमा पर्यटन क्षेत्रको योगदान | प्रतिशत | ०.१ | ०.२ | ०.३ | ०.५ | १ |
| बाह्य पर्यटक (मासिक) | संख्या | २ | ३ | ५ | ७ | ९ |
| आन्तरिक पर्यटक (मासिक) | संख्या | ५०० | ८०० | १००० | १५०० | २००० |
| तालिम प्राप्त टुर गाइड | संख्या | ० | १ | ५ | ७ | १० |
| तालिम प्राप्त कुक तथा वेटर | संख्या | ५० | ६० | ८० | १०० | १५० |
| व्यवस्थित होमस्टे र पर्यटकीय गाउँ | संख्या | ० | ० | १ | २ | ३ |
| व्यवस्थित पर्यटकीय स्थान | संख्या | २ | ३ | ५ | ७ | ९ |
| पर्यटकीय स्तरको होटेल तथा रेष्टुरेण्ट | संख्या | ० | ० | १ | २ | ३ |
| कृषि पर्यटन संचालन स्थान | संख्या | ३ | ५ | ७ | ९ | ११ |

## ३.४.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/०८२ | ४६५० | ६५० | ४००० | ० | ० | ११५० | ३५०० | ० |
| २०८२/०८३ | ५०८० | ३०४८ | २०३२ | ० | ० | ३७१६ | १३६४ | ० |
| २०८३/०८४ | ५५८९ | ३३५३.४ | २२३५.६ | ० | ० | ४०८८ | १५०१ | ० |

## ३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र. सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | च्याङ्ग्रे पोखरी र रिफ्रसमेन्ट सेन्टर निर्माण लगाएत अन्य पर्यटन प्रवर्द्वन कार्यक्रम। | पौवादुङमा गाउँपालिकाको पर्यटन प्रवर्द्वन तथा विकास | २०८१/२०८२-२०८३/०८४ र सालवसाली | १५३१९/- | आन्तरिक र बाह्य गरि ५००० जना पर्यटन भित्र्याई गाउँपालिकाको आय स्रोत वृद्धि गर्ने। |

## ३.४.९ जोखिम पक्ष तथा अनुमान

अन्तर सरकार, नीजि क्षेत्र तथा नागरिक साझेदारीमा पर्यटन पूर्वाधार विकास, पर्यटन प्रवद्र्धन तथा सेवा सुबिधाको विकास र विस्तार हुनेछ। वैदेशिक रोजगारबाट प्राप्त पूँजी पर्यटन व्यवस्थामा परिचालन हुनेछ र बेरोजगार युवाहरु पर्यटन व्यवसायमा आकर्षिक हुनेछन्।

## ३.५ बैंक, वित्तीय संस्था तथा सहकारी

## ३.५.१ पृष्ठभूमि

गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँका बैंक तथा सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ।वित्तिय संस्थाले स्थानीय स्तरको बचतलाई गाउँ बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आयमूलक कार्यमा लगानी गरिरहेका छन्।सहकारी संस्था प्रति जनताको अपनत्व बढी र प्रशासनिक झन्झट कमी हुने हुँदा वित्तीय क्षेत्रमा यहाँका जनताको पहुँच समेत बढेको छ।

## ३.५.२ समस्या तथा चूनौति

गाउँपालिकामा पर्याप्त मात्रामा वित्तीय संस्थाहरु नहुनु, कर्जाको उपलब्धता र पहुँचमा कमी हुनु, समुहहरुमा संकलित बचतको उचित परिचालन नहुनु, सहकारी क्षेत्रको संरचनात्मक र संगठनात्मक व्यवस्था अपर्याप्त एवं अप्रभावकारी रहनु, सहकारीको प्रवद्र्धनका लागि आवश्यक पर्ने औपचारिक सहकारी शिक्षा, तालिम तथा व्यवस्थित सहकारी सूचना प्रणालीको उपयुक्त विकास नहुनु, समुदायमा वित्तीय चेतनाको कमी हुनु जस्ता समस्याहरु छन्। बैंक तथा वित्तीय संस्थामा स्थानीयको पहुँच वढाउन, वित्तीय सेवा तथा सहकारी व्यवस्थापन सम्बन्धी क्षमता विकास गर्न, सहकारी तथा वित्तीय संस्थाको महत्व तथा उपयोगिता सम्वन्धमा जानकारी गराउन, सहकारी तथा वित्तीय संस्थालाई आय आर्जन तथा रोजगारीका अवसरसँग आवद्ध गर्न, सहकारी तथा

वित्तीय संस्थाहरुलाई उत्पादन क्षेत्र तर्फ उन्मुख गराउन, सहकारी संस्थाहरूको नियमित नियमन तथा अनुगमन गर्न, अन्तर सहकारी समन्वय गर्न, कर्जामा सहज पहुँच स्थापना गर्न आदि प्रमुख चुनौती हुन्।

### ३.५.३ सोच

वित्तीय क्षेत्रमा नागरिकको पहुँच बढाई आर्थिक सुशासन कायम गर्ने।

### ३.५.४ उद्देश्य

१. अर्थतन्त्रमा बैंक, वित्तीय संस्था र सहकारीको योगदान अभिवृद्धि गर्नु।

२. कृषिजन्य र स्थानीय वस्तुको उत्पादन, प्रशोधन, बजारीकरण गर्न दिगो तथा प्रभावकारी सहकारी संख्यामा वृद्धि गर्नु।

### ३.५.५ रणनीति

१. सहकारी सम्बन्धी नीतिगत र संस्थागत प्रबन्ध गर्ने।

२. सहकारी संस्थाको सीप विकासको व्यवस्था गरी प्रभावकारी बनाउने।

३. उत्पादन, वितरण र सेवामुलक सहकारीलाई प्रोत्साहन र विस्तार गर्ने।

### ३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | गत आ.व. सम्मको उपलब्धी | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| सहकारी | संख्या | ७ | ८ | ९ | ११ | १३ |
| बैंक | संख्या | १ | १ | १ | १ | २ |
| सहकारी अनुगमन | संख्या | ७ | ८ | ९ | ११ | १३ |
| प्रविधियुक्त सहकारी | संख्या | २ | ३ | ५ | ७ | ९ |
| बैंकिङ्ग सेवा उपयोग गर्ने परिवार | प्रतिशत | ७० | ७५ | ८० | ९० | १०० |
| कृषि सहकारीमा आवद्ध कृषक | प्रतिशत | ० | १ | २ | ३ | ४ |
| सहकारीमा आवद्ध घरपरिवार | प्रतिशत | २० | २१ | २३ | २५ | २७ |

## ३.५.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/०८२ | ३०० | ३०० | ० | ० | ० | ३०० | ० | ० |
| २०८२/०८३ | १४८६ | ८९१.६ | ५९४.४ | ० | ० | १४८६ | ० | ० |
| २०८३/०८४ | १६३५ | ९८१ | ६५४ | ० | ० | १६३५ | ० | ० |

## ३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सहकारी प्रवर्द्धन कार्यक्रम | सामाजिक आर्थिक र सांस्कृतिक विकास गर्ने। | सालबसाली | ३४२१/- | ७ वटा सहकारी संस्थाको क्षमता विकास भई ९५५५ जना नागरिक सहकारीबाट लाभान्वित हुनेछ। |

## ३.५.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकावासीहरु सवैका लागि सहज हुने स्थानमा वैंक तथा वित्तिय संस्थाहरु उपलव्ध हुने छन्। सवै घरपरिवारमा वित्तीय साक्षरताका अवसरहरु उपलब्ध हुनेछ।बैंक, वित्तीय संस्था एवम् सहकारी संस्थाहरु उत्पादनमूलक, व्यवसायमूलक कार्य तथा स्थानीय उत्पादनको बजारीकरण बढी क्रियाशिल हुनेछन्। यस्ता संस्थाहरुको खराब कर्जा न्यून जोखिम भएको हुनेछ। महामारीजन्य प्रकोपहरुको नियन्त्रण तथा आर्थिक गतिविधि विस्तार भइ जानेछन्। उपरोक्त अवस्था सिर्जना हुन नसकेमा लक्ष्य हासिल गर्न जोखिम रहन्छ।

## ३.६ श्रम तथा रोजगारी

## ३.६.१ पृष्ठभूमि

गुणस्तरीय जनशक्तिको विकासमार्फत्श्रमको उत्पादकत्व अभिवृद्धि गरी प्रादेशिक अर्थतन्त्रलाई सबल बनाउन उत्पादनको क्रियाशील साधनको रुपमा श्रमको महत्वपूर्ण भूमिका रहन्छ । नेपालको संविधानले रोजगारी र श्रमको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ।गाउँपालिकाले दक्ष र व्यावसायिक श्रमशक्तिको विकास गर्ने, श्रमिक र उद्यमीबीच सुसम्बन्ध कायम गर्ने, वैदेशिक रोजगारीबाट आर्जित सीप, पुँजी तथा प्रविधि र अनुभवको स्वदेशमा उपयोग गर्ने र सबैका लागि मर्यादित कामको अवसर उपलब्ध गराउनु आवश्यक छ ।

## ४.६.२ समस्या तथा चुनौति

कृषि पेशा सम्मानित नहुनु, श्रम प्रतिको सम्मानको कमी हुनु, उद्यमशीलताको विकास, स्वरोजगार प्रवद्र्धन र उत्पादन कमजोर रहनु, स्थानीय तहमा रोजगारीको सिर्जना पर्याप्त नहुनु, श्रमशक्तिको माग र आपूर्तीबीचको सन्तुलन नहुनु, तालिम प्राप्त जनशक्तिको निम्ति पर्याप्त कामको उपलब्धता नहुनु, रोजगारीका अवसर सम्बन्धी सूचनामा रोजगारी चाहने जनशक्तिको पहुँचमा कमी हुनु, योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा जनताको पहुँच नहुनु, वैदेशिक रोजगारको क्षेत्रमा ठगी लगायतका घटनाहरु बढ्नु, पारिवारिक तथा सामाजिक

पुनःएकिरकणका सवालहरु सम्बोधन नहुनु लगायत यस क्षेत्रका समस्या हुन्। श्रमलाई सीप, प्रविधि, उत्पादन र बजारसँग जोड्नु, अनौपचारिक क्षेत्रका रोजगारीलाई औपचारिक क्षेत्रको दायरामा ल्याउनु, शिक्षालाई व्यवहारिक र रोजगारमूलक बनाई उद्यमशीलता विकास गर्नु, विद्यमान कानूनहरूको प्रभावकारी कार्यान्वयन गर्नु, श्रम बजार प्रवेश गर्ने युवा जनशक्तिहरूलाई रोजगारीका अवसरहरु सिर्जना गर्नु, बढ्दो बसाईसराई र वैदेशिक रोजगारीमा जाने प्रवृत्तिले स्थानीय स्तरमा जनशक्तिको कमी, गाउँमा बढी रहेको विप्रेषण आयको उत्पादनमूलक क्षेत्रमा उपयोग हुन नसक्नुआदि यस क्षेत्रका चुनौतीहरु हुन्।

## ३.६.३ सोच

श्रमको सम्मान गर्दै वेरोजगारलाई रोजगार सिर्जना गर्ने।

## ३.६.४ उद्देश्य

१. आन्तरिक रोजगारको सिर्जना तथा प्रवद्र्धन गर्नु।

२. सिपयुक्त जनशक्ति उत्पादन गर्नु।

## ३.६.५ रणनीति

१. श्रम सम्बन्ध सुदृढ गरी रोजगार सिर्जना गर्ने।

२. सीप विकास तथा क्षमता अभिवृद्धि गर्ने।

३. श्रमिकको दक्षता वृद्धि गरी समावेशी बनाउने।

## ३.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | गत आ.व. सम्मको उपलब्धी | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| रोजगार कार्यक्रमबाट सिर्जित रोजगारी | संख्या | ७७ | ८० | १५० | २०० | २५० |
| दक्ष र सिपयुक्त जनशक्ति | संख्या | ३० | ३५ | ५० | ७० | ८५ |
| उद्यमशिल व्यवसायी | संख्या | ६० | ९० | १५० | २०० | ३०० |
| उद्यम तथा व्यवसायमा संलग्न जनसंख्या | प्रतिशत | ६० | ६३ | ६७ | ७५ | ८० |
| उद्यम सृजना तथा विकास सम्बन्धी तालिम प्राप्त उद्यमी | संख्या | २०० | २५० | ३०० | ३८९ | ५०० |
| व्यवसायिक सीपमूलक तालिम प्राप्त व्यक्ति | संख्या | १५० | २०० | २६४ | ३१५ | ४५० |

## ३.६.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/०८२ | १२६८१ | ९०८१ | ३६०० | ० | ० | १२२९० | ३९१ | ० |
| २०८२/०८३ | १९९४५ | ११९६७ | ७९७८ | ० | ० | १८५८१ | १३६४ | ० |
| २०८३/०८४ | २१९४० | १३१६४ | ८७७६ | ० | ० | २०४३९ | १५०१ | ० |

### ३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | प्रधानमन्त्री रोजगार कार्यक्रम | स्थानीय स्रोत साधनमा आधारित उद्यम व्यवसाय र आयोजना कार्यान्वयनबाट रोजगारी वृद्धि गर्नु। | सालबसाली | २३७५४/- | वार्षिक रुपमा १५० जना स्वरोजगार भएको हुनेछ। |
| २ | श्रम तथा रोजगार प्रबर्द्धन कार्यक्रम | स्थानीय स्तरमा रोजगारी प्रबर्द्धन तथा आय वृद्धि गर्नु। | सालबसाली | ३०८१२/- | ५०० जनाले प्रत्यक्ष तथा रोजगारबाट लाभान्वित हुनेछ। |

### ३.६.९ जोखिम पक्ष तथा अनुमान

श्रम तथा रोजगार सम्बन्धी आवश्यक नीति, कानुन तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ। गाउँपालिकामा रोजगार सम्बन्धी अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तर्जुमा हुनेछ। रोजगार प्रवद्र्धन नीति तथा कार्यक्रममा निरन्तरता नभएका यसबाट अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहेको छ।

## ३.७ सिचाई

### ३.७.१ पृष्ठभूमि

सिंचाईको उपलब्धता कृषि क्षेत्रको उत्पादकत्व अभिबृद्धिका लागि महत्वपूर्ण आधारशिलाका रुपमा रहेको हुन्छ। सिंचाई पूर्वाधारको सहज र समावेशी वितरणले ग्रामिण अर्थतन्त्रको विकास र विस्तारमा मात्र नभई रोजगारी प्रवद्र्धन, गरीवी निवारण तथा खाद्य सुरक्षामा पनि सिंचाईको योगदान रहेको हुन्छ। तसर्थ यसलाई दीगो विकास लक्ष्य प्राप्तीको मुल आधारका रुपमा राष्ट्रिय तथा प्रादेशिक योजनाले पनि अंगिकार गरेका छन्।

### ३.७.२ समस्या तथा चुनौति

ठूलो आर्थिक स्रोतको अभाव र भौगोलिक विविधतका कारणले खेति योग्य जमिनलाई सिंचित गर्न सिंचाई नसक्नु, प्रणालीको पूर्ण क्षमतामा सञ्चालन तथा बाह्रैं महिना सिंचाई सुविधा पुग्ने गरी सञ्चालन हुन नसक्नु, नियमित मर्मत सम्भार हुन नसक्नु, कृषक व्यविस्थत कुलोमा पनि स्वव्यवस्थापन भन्दा स्रोतको निमित्त सरकार प्रतिको निर्भरता बढ्दै जानु, सिंचाई शुल्क उठ्न नसक्नु, कृषि र सिंचाई सम्बद्ध निकाय बिच समन्वय कमजोर हुनु, सिंचाई सम्बन्धी संगठनात्मक पुर्नसंरचना नहुनु, प्राविधिक जनशक्तिको न्यूनता, नयाँ प्रविधिमा आधारित (पोखरी, थोपा, ड्रिप आदि) सिंचाईको विस्तार हुन नसक्नु, पुराना पोखरी नासिँदै जानु, पक्की ढलले भूमिगत पानीको स्रोत घट्दै जानु आदि प्रमुख समस्या हुन्। सर्वयाम सिंचाई सुविधा उपलब्ध गराउन, सिंचाई क्षेत्रमा विज्ञ प्रशिक्षक र तालिम प्राप्त प्राविधिकको पूर्ति गर्न, आर्थिक स्रोत र साधन उपलब्ध गराउन, सिंचाई सेवा शुल्क संकलन कार्य प्रभावकारी बनाउन, सिंचाई आयोजनाहरूको मर्मतसम्भार, सञ्चालन तथा व्यवस्थापनलाई दिगो र प्रभावकारी बनाउन, प्राकृतिक मुल तथा मुहानको दिगो संरक्षण गर्न, प्राकृतिक रिचार्ज प्रणाली कायम गर्न, सतह सिंचाई तथा भूमिगत सिंचाईको संयोजनात्मक प्रयोग गर्न, आधुनिक सिंचाईमा

ध्यानाकर्षण तथा लगानी वृद्धि गर्न, सिंचाई आयोजना विकासप्रति समुदायको चासो वृद्धि गर्न, आदि सिंचाई क्षेत्रका चुनौतीहरू हुन्।

## ३.७.३ सोच

आधुनिक सिंचाई प्रणालीको विकास र व्यवस्थापनद्वारा कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।

## ३.७.४ उद्देश्य

१. विद्यमान सिंचाई पूर्वाधारको मर्मत तथा जिर्णोद्धार समयानुकुल प्रविधि अनुसार गर्नु।

२. उपयुक्त प्रविधिमार्फत्कृषियोग्य भूमिमा सिंचाईको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु।

## ३.७.५ रणनीति

१. विद्यमान सिंचाई सुविधाको संरक्षण गर्न विशेष प्राथमिकता दिने।

२. सिंचाई प्रणालीको व्यवस्थापनको लागि संस्थागत संरचना सुदृढीकरण गर्ने।

३. सिंचाई सेवा सुविधा विकास र विस्तार गर्ने।

## ३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | गत आ.व. सम्मको उपलब्धी | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| सिंचाईयोग्य जग्गामा वृद्धि | प्रतिशत | ५ | ७ | ९ | १५ | २० |
| सिंचाई सुविधा पुगेको क्षेत्र | प्रतिशत | ३७.२ | ४० | ४५ | ५० | ५५ |
| सिंचाई सुविधा भएका घरपरिवार | संख्या | १०४६ | ११०० | १३०० | १४०० | १७०० |

## ३.७.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/०८२ | १७० | ० | १७० | ० | ० | १७० | ० | ० |
| २०८२/०८३ | ३७१६ | २२२९.६ | १४८६.४ | ० | ० | ३७१६ | ० | ० |
| २०८३/०८४ | ४०८८ | २४५२.८ | १६३५.२ | ० | ० | ४०८८ | ० | ० |

## ३.७.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सिँचाई प्रणाली व्यवस्थापन, निर्माण तथा मर्मत संभार कार्यक्रम | वर्षभरि सिँचाई सुविधा तयार विस्तार गर्नु। | सालवसाली | ७९७४/- | कुल खेतियोग्य जमिनको २० प्रतिशत क्षेत्रमा सिँचाई सुविधा विस्तार हुनेछ। |

### ३.७.९ जोखिम पक्ष तथा अनुमान

तीन तहका सरकारबीच नीति, योजना तथा कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ। वैदेशिक रोजगारबाट प्राप्त पूँजी सिंचाई क्षेत्रमा विस्तार हुनेछ र वेरोजगार युवाहरुलाई कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन्। हाल उपलव्ध रहेका सिंचाइका स्रोतहरुलाई प्रविधि तथा नविनतम खोज तथा विकास गरेर व्यवस्थित निर्माण गरि सवै खेतीपाती गर्ने कृषकहरुका लागि सहज रुपमा सिंचाई सुविधा उपलव्ध गराउन नसकिएमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ।

## ३.७ गरिबी निवारण

### ३.७.१ पृष्ठभूमि

यस गाउँपालिकामा २९१३ घरधुरी मध्ये ६६५ घरधुरीहरु आफ्नो वर्ष भरिको खाना पुराइ बढी भएको उत्पादन  बेच्ने गर्दछन्। यहाँका उत्पादनले समग्र गाउँपालिकालाई वर्षको बाह्रै महिनासम्म खान पुग्ने रहेकोछ।राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिका भित्रका कुल जनसंख्या १२१०७ मध्ये ६५२९ जना कृषि पेशामा, नोकरीमा २३२ जना वैदेशिक रोजगारमा ८९० जना संलग्न भएको देखिन्छ भने आर्थिक रुपमा निस्क्रिय जनसंख्या ४४५६ भएको देखिन्छ। गरिबी न्यूनीकरणको राष्ट्रिय लक्ष्य, सोह्रौं योजनाको लक्ष्य उद्देश्य तथा दिगो विकासका लक्ष्यको मार्गचित्र (SDGs Roadmap 2015-2030) को १७ लक्ष्यहरु मध्ये लक्ष्य नं. १ मा गरिबीको अन्त्य अन्तर्गत सबै प्रकारका गरिबीलाई सबै ठाँउबाट अन्त्य गर्ने लक्ष्य रहेको र नेपाल सरकारले यी लक्ष्यहरुको प्रासिका लागि विभिन्न तहका क्रियाशिल पनि रहेको छ।दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण गरी सोको कार्यान्वयन र अपेक्षित उपलब्धीहरुको प्रासिका लागि तिनै तहको सरकारको प्राथमिकता पनि रहेको देखिन्छ।

### ३.७.२ समस्या तथा चूनौति

यस गाउँपालिकामा मझौला तथा साना उद्योग तथा ब्यवसायहरु रहेता पनि औपचारिक रोजगारीका क्षेत्रहरु न्युन रहेका छन्। विपन्न अवस्थामा रहेका बेरोजगार ब्यक्तिहरुलेसीप तथा दक्षता हासिल गर्न सकेका छैनन्। सीप तथा रोजगारमुलक तालिम प्रदान गर्ने निकायहरु शहर केन्द्रित भएकोले सहज सेवा दिन सकेका छैनन्। गरिबी आर्थिक मात्र नभएर बहुआयामिक सवाल हो। आयमुलक भन्दा वितरणमूखी कार्यक्रम, वास्तविक गरिब पहिचानमा कमी, गरिबी निवारणसँग सम्बन्धित कार्यक्रमबीच समन्वयको कमी यस क्षेत्रका प्रमुख समस्याहरू हुन्। सीप तथा दक्षतामा कमी र न्यून आय आर्जनका अवसरहरूले गरिबी निवारणका प्रयासहरू प्रभावकारी हुन सकिरहेका छैनन्। आर्थिक क्षेत्रमा कोभिड महामारी र राष्ट्रिय रूपमा देखा परेको आर्थिक गतिबिधिमा देखा परेको सिथिलताका कारण रोजगारीको क्षेत्र संकुचित भएको छ।यस गाउँपालिकामा स्थानीय सीप, पूँजी र प्रविधिमा पहुँच भएका स्वदेशी उद्यमीहरूको निमित्त स्वरोजगार प्रवद्र्धन गर्नु, सहकारितालाई गरिवी निवारणका कार्यक्रममा आबद्ध गर्नु औपचारिक वा संगठित क्षेत्रमा संयुक्त लगानीमा आधारित उद्योगको माध्यमबाट दक्ष जनशक्तिलाई रोजगारीका अवसरहरू उपलब्ध गराउनु तथा प्रतिस्पर्धाको आधारमा सुरक्षित वैदेशिक रोजगारी प्रवर्द्धन गर्नु जस्त चुनौती रहेका छन्।

## ३.७.३ सोच

"स्थानीय रोजगारीमा वृद्धि गर्दै समावेशी र तिब्र आर्थिक विकास तथा गरिवी न्युनीकरण"

## ३.७.४ उद्देश्य

१. गरिब वर्ग लक्षित सीप विकास तथा रोजगारी सिर्जना गर्नु,

२. गरिबी निवारणसँग सम्वन्धित कार्यक्रमहरु सञ्चालन गर्ने ।

३. श्रम तथा प्रविधिमा आधारित स्थानीय रोजगारीको अवसर सिर्जना गर्नु।

## ३.७.५ रणनीति

१. क्षमता विकास, उत्पादकत्व वृद्धि, न्यायोचित वितरण र समतामूलक विकासमा जोड दिने।

२. उत्पादनमूलक रोजगारी तथा अवसरहरूको विकास गर्ने।

३. नेपाल सरकार र प्रदेश सरकारबाट सञ्चालित गरिबी निवारण सहकार्य गर्दै कार्यक्रमको कार्यक्षेत्र विस्तार गर्ने।

४. गरिबी निवारण कार्यमा तहगत सरकार, सरोकारवाला निकाय र निजी सहकारी तथा गैर सरकारी क्षेत्रसँग समन्वय र सहकार्यमा जोड दिने।

## ३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | गत आ.व. सम्मको उपलब्धी | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| प्रति परिवार वार्षिक आय | हजारमा | ११५ | १२० | १३५ | १४० | १५० |
| सम्पुर्ण आम्दानीको खानामा खर्च गर्ने जनसंख्या | प्रतिशत | ८० | ७७ | ७५ | ७३ | ७० |

## ३.७.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/०८२ | | | | | | | | |
| २०८२/०८३ | | | | | | | | |
| २०८३/०८४ | | | | | | | | |

## ३.७.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

### ३.७.९ जोखिम पक्ष तथा अनुमान

गरिबी निवारण सम्बन्धी व्यवहारिक नीति तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ। नगरपालिकामा गरिबी निवारण सम्वन्धी अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तर्जुमा हुनेछ। गरिबी निवारणलाई सबै कार्यक्रम तथा आयोजनाको अन्तरसम्बन्धित क्षेत्रका रूपमा लिइ लक्ष्य तय भएको हुनेछ। गरिबी निवारण नीति तथा कार्यक्रममा निरन्तरता नभएमा यसबाट अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहेको छ।

# परिच्छेद चारः सामाजिक क्षेत्र

यस क्षेत्र अन्तर्गत स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाई, महिला, बालबालिका र सामाजिक समावेशीकरण, युवा तथा खेलकुद जस्ता उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ।

## ४.१ शिक्षा

### ४.१.१ पृष्ठभूमि

नेपालको संविधानले आधारभूत तहसम्म अनिवार्य र माध्यमिक तहसम्म निशुल्क शिक्षा पाउने शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रूपमा प्रत्याभुत गरेको छ। शिक्षा बिना दिगो विकास र समृद्धि सम्भव छैन। शिक्षाको माध्यमबाट मानिसमा ज्ञान, वुद्धि, विवेक र अन्तरनिहित प्रतिभाको प्रष्फुटन हुन्छ। शिक्षा व्यवसायिक व्यवहारिक, प्राविधिक र जीवनोपयोगी हुनु पर्दछ।

### ४.१.२ समस्या तथा चूनौति

शिक्षकको माग र आपूर्ति बिच सन्तुलन नहुनु, प्राविधिक तथा व्यावसायिक धारका विद्यालय र विद्यार्थी न्यून रहनु, सार्वजनिक विद्यालयका विद्यार्थीको औसत सिकाई उपलिब्ध घट्दै जानु, शिक्षण सिकाई खासगरी विज्ञान गणित, अंग्रेजी जस्ता विषयमा कमजोर हुनु, विद्यालय तथा उच्च शिक्षाको व्यवस्थापकीय र सुशासन पक्ष कमजोर रहनु र शिक्षाको गणुस्तरमा समस्या बढ्दै जानु आदि प्रमुख समस्या हुन्। सबैका लागि समतामूलक शिक्षा सुनिश्चित गर्नु तथा विद्यालयमा टिकाउ दर बढाउनु, प्राविधिक धारका सञ्चालित विद्यालय पर्याप्त नहुनु, सार्वजनिक शिक्षा तथा व्यावसायिक शिक्षा गुणस्तरीय बनाउनु, बाल विकास र पूर्व प्राथमिक शिक्षामा सहभागिता वृद्धि गर्नु, प्राविधिक र व्यावसायिक शिक्षामा तालिमको पहुँच अभिवृद्धि गर्नु, अपाङ्गता भएका बालबालिकालाई विशेष शिक्षाको सुनिश्चतता गर्नु, शैक्षिक क्षेत्रको व्यवस्थापनमा सुशासन कायम गर्नु, प्रशिक्षकको सेवा स्थायीत्व नहुनुआदि प्रमुख चुनौती हुन्।

### ४.१.३ सोच

बालमैत्री, प्रविधियुक्त र गुणस्तरीय शिक्षाको माध्यमबाट समुन्नत पौवादुङमा गाउँ बनाउने।

### ४.१.४ उद्देश्य

१. विद्यालयमा बालमैत्री सिकाइ वातावरण सिर्जना गरी गुणस्तरीय शिक्षामा सबै वर्ग एवं समुदायको समतामुलक पहुँच स्थापित गर्नु।

२. विद्यालयहरुमा आधारभूत भौतिक एवं शैक्षिक सुविधाको सुनिश्चततावाट गुणस्तरीय, प्रयोगात्मक, व्यवहारिक, व्यवसायिक तथा प्राविधिक शिक्षा प्रदान गर्नु।

### ४.१.५ रणनीति

१. शिक्षा सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने।

२. गुणस्तरीय, जिवनउपयोगी तथा प्रभावकारी शिक्षामा बालबालिकाको पहुँच विस्तार गर्ने।

३. दिगो र समावेशी पूर्वाधारको निर्माण गरी शिक्षालाई प्रविधिमैत्री बनाउने।

४. शिक्षाको गुणस्तरमा अभिवृद्धि गरी प्राविधिक जनशक्ति विकास गर्ने।

५. शैक्षिक संस्थाको सर्वाङ्गिण विकास गर्ने।

## ४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | गत आ.व. सम्मको उपलब्धी | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| १५ मिनेटमा आधारभुत विद्यालयमा पहुँच भएका परिवार | प्रतिशत | १५ | २० | ३० | ३५ | ४० |
| प्रारम्भिक बालविकास कक्षमा भर्ना भएका ५ वर्षसम्मका बालबालिका | प्रतिशत | ८५ | ८७ | ९० | ९५ | १०० |
| आधारभुत तहमा भर्ना भएका ६ वर्ष पुगेका बालबालिका | प्रतिशत | ९५ | ९६ | ९७ | ९८ | १०० |
| आधारभूत तहमा (६-१२ वर्ष) अध्ययनरत बालबालिका | प्रतिशत | ९० | ९० | ९२ | ९३ | ९५ |
| माध्यमिक तहमा (१३-१७ वर्ष) अध्ययनरत विद्यार्थी | प्रतिशत | ८५ | ८५ | ८७ | ८९ | ९० |
| स्नातक तह भन्दा माथि उत्तिर्ण गरेका विद्यार्थी | जना | १०० | १०५ | ११० | ११५ | ११९ |
| प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | २५ | २७ | ३० | ३३ | ३७ |
| महिला शिक्षकको प्रतिशत | प्रतिशत | ३८ | ३८ | ३८.२ | ३९ | ४० |
| आधारभूत तहमा कक्षा छोड्ने दर | जना | १८ | १६ | १५ | १४ | १० |
| माध्यमिक तहमा कक्षा छोड्ने दर | जना | २६ | २५ | २३ | २२ | २० |
| बालमैत्री सिकाइ विधि अवलम्वन गर्ने विद्यालय | प्रतिशत | ४० | ४५ | ५० | ५५ | ६० |

## ४.१.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/०८२ | १३५१५६ | १३२१५६ | ३००० | ० | १०५० | १३३२३८ | ८६८ | ० |
| २०८२/०८३ | १२४३१३ | ७४५८७.८ | ४९७२५.२ | ० | १८०० | १२११४९ | १३६४ | ० |
| २०८३/०८४ | १३६७१५ | ८२०२९ | ५४६८६ | ० | १९५० | १३३२६४ | १५०१ | ० |

## ४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विद्यालय शिक्षा तथा अन्य कार्यक्रम | बालमैत्री तथा प्रभावकारी सिकाई प्रणालीको अवलम्वन गर्नु। | सालबसाली | ५३४८५/- | बालमैत्री तथा प्रभावकारी सिकाई प्रणालीको अवलम्वनमा १५ प्रतिशत वृद्धि भएको हुनेछ। |
| २ | शैक्षिक पूर्वाधार तथा गुणस्तर सुदृढीकरण कार्यक्रम | ३२ वटा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण गर्नु। | सालबसाली | ८२५७४/- | ३२ वटा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण भएको हुनेछ। |
| ३ | विपन्न जेहेन्दार तथा अध्यक्ष छात्रवृति कार्यक्रम | विद्यार्थीहरुलाई सिकाइप्रति आकर्षित गर्नुर | सालबसाली | ९३३०/- | प्रति वर्ष १०० को संख्यामा अति विपन्न जेहेन्दार छात्र/छात्रा लाभान्वित हुनेछन। |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | शिक्षा कला साहित्य तथा तलव भत्ता लगाएत अन्य कार्यक्रम | प्रभावकारी रुपमा शैक्षिक सेवा प्रवाह गर्नु। | सालबसाली | २०६१४१/- | शैक्षिक पहुँच र गुणस्तरमा हालको अवस्थाबाट कम्तिमा १० प्रतिशतले वृद्धि हुनेछ। |
| ५ | शैक्षिक पहुँच सुनिश्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम | साक्षरता वृद्धि गर्नु | सालबसाली | ४४६५३/- | गाउँपालिकाको साक्षरता दरमा १० प्रतिशतले वृद्धि भएको हुनेछ। |

### ४.१.९ अनुमान तथा जोखिम

संघीय ऐन अनुरुप गाउँपालिकाको कानून निर्माण, कार्यजिम्मेवारी सहितको संरचना निर्माण, व्यवस्थित तथ्याङ्क तथा सूचना प्रणालीको विकास र प्रयोग, विषयगत शिक्षक तथा कर्मचारी व्यवस्थापन, विपद्जोखिम व्यवस्थापन, क्षमता विकास र परिचालन, नवीनतम प्रविधिको उपयोग, शिक्षा क्षेत्रसँग सम्बन्धित पेशाकर्मीहरुको रचनात्मक सहयोग र सहकार्य तथा सरोकारवाला बीचकोसमन्वय, सहकार्य र साझेदारीको विकास जस्ता पक्षमा ध्यान दिन सकेमा अपेक्षित नतिजा हासिल हुने देखिन्छ।

## ४.२ स्वास्थ्य तथा पोषण

### ४.२.१ पृष्ठभूमि

सबै नागरिकले राज्यबाट गुणस्तरिय आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने र स्वास्थ्य सेवामा समान पहुंचको विषयलाई मौलिक हकका रूपमा स्थापित गरेको छ। नागरिकहरुले सहज तथा सुलभरूपमा स्वास्थ्य सेवा प्राप्त गर्न पायक पर्ने ठाउँहरूमा दक्ष जनशक्तिसहित स्वास्थ्य संस्थाहरूको उपलब्धता अनिवार्य हुन्छ। त्यसको लागि यस गाउँपालिकामा ६ वटा स्वास्थ्य चौकीहरु रहेका छन। ५ वटा स्वास्थ्य संस्थाबाट प्रसुती सेवा सञ्चालन भएको छ। १ वटा स्वास्थ्य चौकीमा ल्याव सेवा रहेको छ। यी स्वास्थ्य चौकीबाट खोप, सुत्केरी सेवा, परिवार नियोजन सेवा, बिरामीहरुको जाँच तथा औषधि लगायत अन्य स्वास्थ्य संवन्धी सेवाहरु प्रदान गरिंदैआएको छ। स्थानीय स्वास्थ्य संस्थामा उपलब्ध स्वास्थ्य सेवाहरुमा ल्याव, ओपिडी र खोप, पोषण, परिवार नियोजन, आमा सुरक्षा, क्षयरोग, कुष्ठरोग, ग्रामीण अल्टा साउण्ड सेवा, मलेरिया तथा महामारी नियन्त्रण सेवा उपलब्ध रहेका छन्। गाउँपालिकाभित्रका स्वास्थ्य चौकीहरुमा रहको जनशक्तिहरु प्रत्येक स्वास्थ्य चौकीमा ५ जना गरी जम्मा ३० जना रहेको छ र सञ्चालनमा रहेका एम्बुलेन्सको कुल संख्या १ रहेको छ।

### ४.२.२ समस्या तथा चूनौति

गाउँपालिकामा सुविधासम्पन्न अस्पताल नहुनु र गम्भिर बिरामीहरु अन्यत्र जान बाध्य हुनु, स्वास्थ्य चौकीको सेवा अपर्याप्तता हुनु, निशुल्क औषधी, स्वास्थ्य प्रयोगशाला, विशेषज्ञ चिकित्सक सेवा र स्वास्थ्य औजारको अभाव हुनु, आवश्यक भौतिक पूर्वाधार तथा दरबन्दी अनुसार स्वास्थ्यकर्मीहरूको नियमितता नहुनु, स्वास्थ्यकर्मीहरुलाई पर्याप्त आधारभूत तालिमको अभाव हुनु, कुपोषणको समस्या हुनु, एम्बुलेन्सको सहज पहुँच नहुनु, सबै गाउँमा स्वास्थ्य सेवाको पहुँच नपुग्नु, पोषण सम्बन्धी प्रयाप्त जानकारी नहुनु आदि यस क्षेत्रका समस्याहरु हुन्। गाउँपालिकामा सम्पूर्ण सुविधायुक्त अस्पताल निर्माण गर्न, दक्ष स्वास्थ्य जनशक्तिको परिपूर्ती गर्न, विशेषज्ञ चिकित्सक र स्वास्थ्यकर्मीलाई सेवा सुविधा पुऱ्याएर आकर्षित गर्न, निःशुल्क आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवालाई सबै वडाबाट सर्वसुलभ रुपमा उपलब्ध गराउन, भौगोलिक विकटताले गर्दा सर्वसाधारणमा स्वास्थ्य सुविधाको सहज पहुँच पुऱ्याउन, संविधानमा व्यवस्था गरेको संघीय स्वरुप

भौगोलिक एवम्जनसङ्ख्याको अनुपात अनुरुप स्वास्थ्य संस्थाहरुको न्यायोचित वितरण गर्न, भइरहेका स्वास्थ्य चौकीमा प्रयोगशाला, निशुल्क औषधी र चिकित्सक सेवा उपलब्ध गराई स्तरोन्नती गर्न जस्ता चुनौतीहरु छन्।

## ४.२.३ सोच

सबै नागरिकलाई गुणस्तरीय र सर्वसुलभ आधारभूत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित।

## ४.२.४ उद्देश्य

१. समानताका आधारमा सुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको विकास र विशिष्टिकरण गर्नु।

२. बहु निकायसँग समन्वय र सहकार्य गरी स्वास्थ्य सेवाको सदुपयोगमा पहुँचको संवद्र्धन गर्नु।

## ४.२.५ रणनीति

१. स्वास्थ्य संस्थाहरुमा भौतिक पूर्वाधार तथा क्षमतागत विकास गरी गुणस्तरीय सेवा प्रदान गर्ने।

२. स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्ने।

३. प्रजनन स्वास्थ्यलाई सुरक्षित रुपमा स्थापित गर्ने।

४. स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि तथा आवश्यक तालिम प्रदान गर्ने।

## ४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | गत आ.व. सम्मको उपलब्धी | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| प्रति लाख जीवित जन्ममा मातृ मृत्युदर | जना | ० | ० | ० | ० | ० |
| दक्ष प्रसुतिकर्मीको सहयोगमा जन्मिएका बच्चा | संख्या | १११ | ७० | ७५ | ८५ | ९५ |
| खोप कभरेज | प्रतिशत | ७३.९ | ७२.२ | ७४ | ७७ | ८१ |
| कुपोषण दर २ वर्षमुनि | प्रतिशत | १.२५ | ०.४ | ०.३ | ०.१ | ० |
| गर्भवती जाँच (४ पटक) | प्रतिशत | ७५.८ | ६२.८ | ६५ | ७० | ८० |
| परिवार नियोजनको साधन प्रयोग दर | प्रतिशत | २१.४ | २३.२ | २५ | २७ | ३० |
| घरबाट स्वास्थ्य संस्थामा पुग्न ३० मिनेट वा सो भन्दा कम समय लाग्ने घरपरिवार | प्रतिशत | ३० | ३३ | ३५ | ४० | ४५ |
| सुत्केरी जाँच प्रोटोकल अनुसार | प्रतिशत | ३८.२ | ३०.९ | ३१ | ३४ | ३७ |
| कुल बजेटमा स्वास्थ्य क्षेत्रको बजेट | प्रतिशत | १०.१६ | ११ | १२ | १३ | १५ |

## ४.२.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/०८२ | ३८८७५ | ३४७७५ | ४१०० | ० | ० | ३५८७५ | ३००० | ० |
| २०८२/०८३ | ४९१२४ | २९४७४.४ | १९६४९.६ | ० | १८०० | ४४५९५ | २७२९ | ० |
| २०८३/०८४ | ५४००६ | ३२४०४.६ | २१६०२.४ | ० | १९५० | ४९०५४ | ३००२ | ० |

## ४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | च्याङ्ग्रे स्वास्थ्य चौकी भवन तथा प्रसुति केन्द्र निर्माण | सुविधा सम्पन्न स्वास्थ्य चौकी भवन तथा प्रसुति केन्द्रको निर्माण गर्ने। | २०८१/२०८२-२०८३/०८४ | २४७६७ | सुविधा सम्पन्न स्वास्थ्य चौकी भवन तथा प्रसुति केन्द्रबाट सेवा प्रवाह हुनेछ। |
| २ | नव शिशु भविष्य सुरक्षा कार्यक्रम | नवशिशुहरुको भविष्य उज्जवल तथा सुरक्षित गर्नु। | सालवसाली | ९९८८.५ | वार्षिक १५० जना बालबालिका लाभान्वित हुनेछन। |
| ३ | मातृत्व तथा नव शिशु कार्यक्रम | आमा र बच्चाको सुस्वास्थ्य कायम गर्ने। | सालवसाली | १३५१८ | करिब २०० जना आमा र बच्चाको सुस्वास्थ्य कायम भएको हुनेछ। |
| ४ | आयुर्वेद तथा वैकल्पिक कार्यक्रम | आयुर्वेद स्वास्थ्य सेवालाई आधारभुत स्वास्थ्य सेवासँग एकीकृत गर्दै लैजानु। | सालवसाली | ७३३०.७ | १ वटा आर्युवेद स्वास्थ्य केन्द्र मार्फत करिब ९००० नागरिकले स्वास्थ्य सेवा प्राप्त गर्नेछन। |
| ५ | स्वास्थ्य तथा पोषण सम्बन्धि अन्य कार्यक्रम | बालबालिकाहरुमा कुपोषण को समस्या घटाउने। | सालवसाली | १३६१७ | बालबालिकाहरुमा कुपोषण हटाई करिब १५० जना बच्चा स्वास्थ्य हुनेछ। |
| ६ | तलव भत्ता तथा स्वास्थ चौकीहरु व्यवस्थापन कार्यक्रम | स्वास्थ्य सेवा प्रवाहलाई प्रभावकारी बनाउने। | सालवसाली | ७२७८३ | ६ वटै स्वास्थ्य चौकीबाट प्रभावकारी सेवा प्रवाह हुनेछ। |

## ४.२.९ जोखिम पक्ष तथा अनुमान

प्रस्तावित कार्यक्रमको लागि संस्थागत सुदृढीकरण, पर्याप्त स्रोत विनियोजन, स्वास्थ्य सामाग्रीको उपलब्धता, जनशक्ति व्यवस्थापन, अन्तर सरकार र सरोकारवाला बीच समन्वय हुन नसकेकमा अपेक्षित नतिजा हासिल नहुन सक्छ। स्वास्थ्य पूर्वाधार, प्रयोगशाला, औषधी र खोप व्यवस्थापनमा अन्तर निकाय तथा सरोकारवालाको सक्रिय सहभागिता, सहकार्य र साझेदारी हुन नसकेमा विभिन्न किसिमका महामारीले जनस्वास्थ्य तथा गाउँपालिकाबासीको सामाजिक तथा आर्थिक स्थिति क्षय गर्न सक्ने जोखिम रहेको छ।

## ४.३ खानेपानी तथा सरसरफाई

## ४.३.१ पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक प्रत्याभूत गरेको छ।स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले खानेपानी तथा सरसफाइसम्बन्धी कार्य जिम्मेबारी स्थानीय तहलाई दिएको छ।खानेपानीको पहुँचका लागि खानेपानीको प्रणाली विस्तार र गुणस्तर वृद्धि, खानेपानी प्रणालीको निर्माण तथा सुदृढीकरणका साथै सतह स्रोतबाट पानीको आपूर्ति नपुग भएको अवस्थामा वर्षातको पानी सङ्कलन गर्ने पद्धति विकास गर्नु आवश्यक छ।प्रस्तुत आवधिक योजनामा खानेपानीको स्रोतको संरक्षण र उचित उपयोग गर्ने र गाउँपालिकालाई पुर्णसरसफाइ क्षेत्रको घोषणा गरी वातावरणीय सरसफाइमा विशेष जोड दिइएको छ।यी सबै प्रयासबाट खानेपानी तथा सरसफाइ क्षेत्रको दिगो विकास लक्ष्य हासिल गर्ने अपेक्षा गरिएको छ।यस गाउँपालिकाले स्थानीय स्तरमा खानेपानी तथा सरसफाइका सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन, खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन जस्ता कार्यहरु सम्पादन गर्न जरुरी छ।

## ४.३.२ समस्या तथा चूनौति

सबै जनसंख्यामा शुद्ध खानेपानीको पहुँच नपुग्नु, खानेपानीका मुहान र स्रोतको उचित व्यवस्थापन नहुनु र धेरै मुहानहरु सुक्दै जानु, फोहोर व्यवस्थापन गर्न ल्यान्डफिल साईटको राम्रो व्यवस्था नहुनु, खानेपानी

आयोजनाको कमी हुनु र सम्पन्न आयोजनाहरुको पनि उचित मर्मतसम्भारको अभाव भएर जिर्ण हुँदै जानु, खानेपानीको अभावले गर्दा सरसफाईमा असुविधा कायम रहनु, खानेपानी तथा सरसफाईको दिगो विकास लक्ष्य हाँसिल हुने गरी आवश्यक बजेट र कार्यक्रम तर्जुमा गर्न नसक्नु, फोहोरमैला व्यवस्थापन नहुनाले नदीनाला तथा जलाशयहरु प्रदुषित बन्दै जानु यस क्षेत्रका मुख्य समस्याहरु हुन्। प्राकृतिक, मानविय तथा अन्य कारणले सुक्दै गएको पानीको मुहान संरक्षण गर्न, उपलब्ध पानीको स्रोतको माथी बढ्दै गएको चापलाई व्यवस्थित गर्न, अव्यवस्थित रुपमा हुने गरेको सडक निर्माण, भौगोलिक विकटता, छरिएर रहेको वस्ती र आर्थिक अभावका कारण सबै जनसंख्यामा खानेपानीको प्रबन्ध गर्न, खानेपानीको रसायनिक तथा जैविक जाँच गरी प्रारम्भिक स्वच्छताको सुनिश्चतता गर्न, खानेपानीको निरन्तर आपूर्ति र गुणस्तरीयता कायम गर्न, सरसफाई क्षेत्रमा जनचेतना र प्रतिज्ञा अभिवृद्धि गर्न, पूर्ण सरसफाई र व्यवस्थित ढल निकासको प्रबन्ध गर्न, सबै घरपरिवारलाई सुविधा सम्पन्न शौचालय निर्माण गर्ने उत्प्रेरणा जगाउन जस्ता यस उपक्षेत्रका चुनौतीहरु रहेका छन्।

## ४.३.३ सोच

स्वच्छ, सुरक्षित, सुविधायुक्त दिगो खानेपानी सुनिश्चित गर्ने र सरसफाईको पूर्ण व्यवस्था।

## ४.३.४ उद्देश्य

१ शुद्ध, सफा र सुरक्षित खानेपानीको पहुँच शतप्रतिशत बनाई स्वस्थता सुनिश्चित गर्नु।

२.फोहोरमैला व्यवस्थापनको दिगो उपायको खोजी गरी वैज्ञानिक व्यवस्थापनमा जोड दिनु।

## ४.३.५ रणनीति

१. पानीका स्रोतहरुको संरक्षण, पुर्नजिवन तथा प्रविधि मैत्री व्यवस्थापनमा जोड दिई खानेपानी संस्थाहरुलाई व्यवस्थित बनाउने।

२. शत प्रतिशत घरहरूमा आधारभूत शौचालय तथा सरसफाई सुविधाको व्यवस्था गर्ने।

## ४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | गत आ.व. सम्मको उपलब्धी | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| पाइप प्रणाली वा सुरक्षिच खानेपानीको सेवा उपयोग गर्ने जनसंख्या | प्रतिशत | २५ | २७ | ३० | ३५ | ४० |
| सरसफाइ सेवा तथा सुविधा उपलब्ध परिवार | प्रतिशत | ४५ | ४७ | ५५ | ६२ | ७० |
| नीजि धारा प्रयोग गर्ने घर | प्रतिशत | ५५ | ५७ | ६५ | ७५ | ८५ |
| सफा शौचालय भएका घरधुरी | प्रतिशत | ८० | ८३ | ८७ | ९५ | १०० |
| सार्वजनिक शौचालय | संख्या | ५ | ७ | ९ | ११ | १५ |
| क्रियाशिल खानेपानी तथा सरसफाई उपभोक्ता समिति | संख्या | ३ | ३ | ५ | ७ | ९ |

## ४.३.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०८१/०८२ | ९५९० | ० | ९५९० | ० | ० | ७५९० | २००० | ० |
| २०८२/०८३ | ८७९६ | ५२७७.६ | ३५१८.४ | ० | ० | ७४३२ | १३६४ | ० |
| २०८३/०८४ | ९६७७ | ५८०६.२ | ३८७०.८ | ० | ० | ८१७६ | १५०१ | ० |

## ४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | बृहत पौवादुङमा खानेपानी आयोजना | गाउँपालिकावासीमा खानेपानीको पहुँच वृद्धि गर्ने। | सालवसाली | १३३१३ | करिब १५०० घरधुरीमा धारा जडान भएको हुनेछ। |
| २ | खानेपानी व्यवस्थापन तथा ट्याङ्की निर्माण | खानेपानी आयोजनालाई व्यवस्थित बनाउने। | सालवसाली | ९०५६ | करिब १५० वटा ट्याङ्की निर्माण भएको हुनेछ। |
| ३ | अन्य खानेपानी तथा सरसफाई कार्यक्रम | गाउँपालिकाबासीमा सरसफाईको पहुँढ वृद्धि गर्ने। | सालवसाली | ५६९४ | १० वटा नमुना क्षेत्रको निर्माण हुनेछ। |

## ४.३.९ जोखिम पक्ष तथा अनुमान

मध्यमकालीन खर्च संरचनामा प्रस्ताव गरे अनुसार बजेट सुनिश्चतता भई आयोजना संचालन तथा मर्मत संभार र स्तरोन्नति भएमा अपेक्षित उपलब्धि हासिल हुने देखिन्छ। जलवायु परिवर्तबाट खानेपानीको स्रोतमा पर्ने नकारात्मक प्रभाव, आयोजनाको ढिला निर्माण र उचित व्यवस्थापन, व्यवस्थित बसोबास, फोहारमैलाको उचित व्यवस्थापन, प्रदूषण आदिलाई खानेपानी तथा ससरफाई सम्बन्धी अपेक्षित उपलब्धि हासिल गर्ने जोखिम पक्षको रुपमा आँकलन गरिएको छ।

## ४.४ महिला, बालबालिका, सामाजिक संरक्षण र समावेशीकरण

## ४.४.१ पृष्ठभूमि

बालबालिका, युवा, किशोरकिशोरी, महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति द्वन्द्वपीडित, उत्पिडित वर्ग, समुदायहरुलाई राज्यको तर्फवाट सुरक्षा र संरक्षण प्रदान गर्नु पर्दछ। उनीहरुलाई अन्य नागरिक सरह समाजमा स्थापित गर्न र उनीहरुको शारिरीक, मानसिक एवं भावनात्मक विकासको लागि विशेष कार्यक्रम मार्फत सम्वोधन गर्नु पर्दछ।उनीहरु सामाजिक रुपले कुनै न कुनै प्रकारको उत्पीडनमा परेका हुन्छन्। समाजमा रहेका यी उत्पीडीत वर्ग र समुदायको हितको निम्ति सुरक्षा र संरक्षण प्रदान नगर्ने हो भने स्वच्छ, सुन्दर र शान्तिपूर्ण समाजको स्थापना गर्ने परिकल्पना साकार हुन सक्दैन। तसर्थ उनीहरुलाई मनोवैज्ञानिक ढंगले व्यवहार गरेर उनीहरुको अधिकार र हितको ग्यारेण्टी गर्नु पर्दछ।

## ४.४.२ समस्या तथा चूनौति

लैङ्गिक समानता तथा महिला सशक्तिकरण सम्बन्धी खण्डीकृत सूचनाको कमि हुनु र भएका कार्यक्रमको मूलप्रवाहिकरण नहुनु, अधिकाशं महिलाको आर्थिक अवस्थामा सुधार नहुनु, सम्पत्तिमा महिलाको स्वामित्व स्थापित नहुनु, बाल विवाह अझै पनि अभ्यासमा रहनु, सामाजिक-आर्थिक क्षेत्रमा विभेद विद्यमान रहनु, स्रोतसाधन तथा सेवा सुविधामा न्यायोचित पहुँच पुग्न नसक्नु, अपाङ्गता भएका व्यक्तिलाई सपाङ्ग सरह समाजमा प्रतिस्थापन गराउने वातावरण सिर्जना नहुनु, अपाङ्गमैत्री र महिलामैत्री संरचनाको अपर्याप्तता, नीति

निर्माण तहमा अर्थपूर्ण सहभागिताको कमी, गरिब, उत्पीडित वर्ग, पिछडिएको वर्ग र महिलाहरुलाई संबोधन गर्ने प्रभावकारी कार्यक्रम सञ्चालन नहुनु, वर्गीय, जातीय, लैङ्गिक र पेशागत भेदभाव हुनु, किशोर किशोरीहरुको मनोभाव बुझेर व्यवहार नगर्नु र उनीहरुलाई समाजमा घुलमिल हुने वातावरण सिर्जना नहुनुआदि प्रमुख समस्या हुन्।

समाजमा व्याप्त महिला हिंसा अन्त्य गर्न, सामाजिक विभेद र असमानता हटाई महिला सशक्तिकरण गराउन, जेष्ठ नागरिकको हेरचाह, खानपिन, स्वास्थ्य उपचार, मनोरञ्जन र आश्रय स्थलको निर्माण गरी उनीहरुलाई सामाजिक सुरक्षा र संरक्षण प्रदान गर्न, पिछडिएका वर्गमा आफ्नो व्यवहार र भविष्य प्रति सकारात्मक सोच जगाउन, रोजगारीको अवसर तथा प्राविधिक शिक्षामा पहुँच वृद्धि गर्न, महिला तथा पिछडिएका जातीलाई समाजमा प्रतिस्पर्धात्मक रुपमा समावेश गर्न, बाल अधिकारको पूर्ण प्रत्याभूत गर्न, जातीय विभेद पूर्ण रुपमा उन्मूलन गर्न, विभिन्न समुदाय तथा वर्गबिच आर्थिक, शैिक्षक तथा स्वास्थ्य क्षेत्रमा रहेको विभेद अन्त्य गर्नु, स्रोत साधन एवम्अवसरमा समावेशीता सिद्धान्त अनुरूप अवसर सृजना गर्नु आदि प्रमुख चुनौती हुन्।

## ४.४.३ सोच

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणा अनुसार लक्षित वर्गको सामाजिक न्याय सहितको मर्यादित जीवनयापन सुनिश्चित।

## ४.४.४ उद्देश्य

१. महिलालाई नेतृत्वदायी भूमिकामा पहुँच पुऱ्याउने।

२. विभिन्न जात वर्ग समुदायबाट पछाडि परेका महिला तथा पुरुष, बालबालिका, जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति, एकल नागरिकको सहभागिता बढाउनु ।

## ४.४.५ रणनीति

१. महिला सशक्तीकरण र समावेशीकरणमा जोड दिने।

२. बालबालिकाको संरक्षण र सार्वजनिक तहलाई बालमैत्री बनाउने।

३. ज्येष्ठ नागरिकहरुको सम्मान र संरक्षण गर्ने।

४. अपाङ्गता भएका नागरिकहरुको संरक्षण र सशक्तीकरण गर्ने।

५. दलित समुदायको सशक्तीकरण गर्ने।

## ४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | गत आ.व. सम्मको उपलब्धी | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| महिला सहभागि समिति, समुह तथा संजाल | संख्या | ७५ | ८० | ८५ | ९५ | ११० |
| बालबालिका सहभागि समिति/समुह/संजाल | संख्या | ७ | ८ | १० | १२ | १५ |
| अपाङ्ग सहभागि समिति/समुह/संजाल | संख्या | ७ | ८ | ९ | १० | १२ |
| पिछडिएको वर्ग सहभागी समिति/समुह/संजाल | संख्या | ३५ | ४० | ५० | ६० | ७५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | संख्या | २५ | २७ | ३५ | ४० | ५५ |
| व्यावसायिक सीपमुलक तालिम प्राप्त महिला | संख्या | १२० | १३० | १४५ | १६० | १८० |
| लक्षित वर्गले गरेका गुनासो सुनुवाई भएका उजुरी | संख्या | ४ | ६ | ६ | ७ | ८ |
| घर व्यवहार तथा कारोबार सम्बन्धी निर्णयमा महिलाको सहभागी हुने परिवार | प्रतिशत | २५ | २७ | ३० | ३५ | ४० |

## ४.४.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/०८२ | १२६२३ | ८६२३ | ४००० | ० | ४५०० | ७८१० | ३१३ | ० |
| २०८२/०८३ | १४३१३ | ८५८७.८ | ५७२५.२ | ० | १८०० | १११४९ | १३६४ | ० |
| २०८३/०८४ | १५७१५ | ९४२९ | ६२८६ | ० | १९१५ | १२२६४ | १५०१ | ० |

## ४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | महिला विकास बोर्ड मार्फत महिला आत्म निर्भर कार्यक्रम | महिलाहरुको आर्थिक र सामाजिक सशक्तिकरणमा सहयोग पुऱ्याउनु तथा बालबालिका संरक्षण, विकास र सहभागितामा अभिवृद्धि गर्नु। | सालवसाली | १८५१० | ५०० महिला उद्यमी हुनेछन। |
| २ | दलित, जनजाती तथा लोपन्मुख उत्थान कार्यक्रम | दलित, जनजाती तथा पिछडिएको क्षेत्रलाई राज्यको हरेक गतिविधिमा सहभागित गराउनु। | सालवसाली | ७५०६ | समनता र समतामूलक समाजको निर्माण हुनेछ। |
| ३ | महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता संरक्षण कार्यक्रम | महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण गर्नु। | सालवसाली | ८००६ | १००० जना व्यक्तिहरुलाई सामाजिक सुरक्षा कार्यक्रममा समावेश गरिनेछ। |
| ४ | विभिन्न भाषा संस्कृति संरक्षण प्रवर्द्धन कार्यक्रम | विभिन्न भाषा, धर्म तथा संस्कृतिको संरक्षण गर्ने। | सालवसाली | ८६२९ | मौलिक भाषा तथा संस्कृतिको संरक्षण हुनेछ। |

## ४.४.९ जोखिम पक्ष तथा अनुमान

यससँग सम्बन्धित कार्यक्रममा प्राथमिकताका साथ बजेट विनियोजन, व्यवहारिक कार्यक्रम तथा नीतिगत परिवर्तन, यस क्षेत्रसँग सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा क्रियाशिलता नभएमा अपेक्षित नतिजा प्राप्त नहुने जोखिम रहन सक्दछ।

## ४.५ युवा तथा खेलकुद

### ४.५.१ पृष्ठभूमि

नेपालको संविधानले राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरुको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ, रोजगारी लगायतका क्षेत्रमा बिशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङ्गिण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने नीति अवलम्बन गरेको छ। युवा शक्तिको सहि परिचालन हुन सकेमा गाउँपालिकाको सर्वाङ्गिण विकासमा ठूलो योगदान पुग्नेछ। जनसांख्यिक पुँजीको रूपमा रहेका युवाहरूको विदेश पलायन रोक्दै विकासको हरेक क्षेत्रमा युवाहरूको पहुँच बढाउने र सामाजिक आर्थिक रूपान्तरणमा युवाहरूलाई मूल प्रवाहीकरण गर्दै शिक्षित, दक्ष, लगनशील, अनुशासित युवाहरूबाट विकासमा योगदानको वातावरण सिर्जना गर्नुपर्दछ।

### ४.५.२ समस्या तथा चूनौति

युवा रोजगारीको अवसरको कमी हुनु, युवा वर्गलाई प्राविधिक तथा सीपमूलक तालिमको व्यवस्था नहुनु, खेल मैदानहरु अपर्याप्त र अव्यवस्थित हुनु, खेलकुदमा लागेका खेलाडीहरुलाई उचित प्रशिक्षण र अन्य आवश्यक सामाग्री, आर्थिक सहयोगको अभाव हुनु, युवा-युवतीलाई सिर्जनशिल कार्यमा संग्लग्न गराउन नसक्नु, सामाजिक गतिविधिमा युवाहरुको संलग्नता नहुनु, युवायुवतीको शारिरीक एवं मानसिक विकासको लागि खेलकुद, मनोरञ्जन र व्यायामको उचित व्यवस्था नहुनु, अव्यवस्थित खेलमैदान र अपर्याप्त खेलकुद सामाग्रीका कारणले दक्ष खेलाडी उत्पादन नहुनुजस्ता समस्याहरु रहेका छन्। युवा वर्गमा बढ्दो विदेश पलायन रोकेर रोजगारी सिर्जना गर्न, खेलकुदको माध्यमबाट रोजगारी सिर्जना गर्न, खेलकुदको क्षेत्रमा उचित संरचना, सामाग्री र पूर्वाधारको विकास गर्न, खेलाडीहरुलाई उचित प्रशिक्षण र अन्य आवश्यक सामाग्रीको व्यवस्था गर्न, बालबालिका, किशोर किशोरी र युवाहरुको शिक्षाको गुणस्तरीयता बढाउन, स्वास्थ्य, पोषण, मनोरञ्जन, खेलकुद लगायत विभिन्न सुविधा उपलब्ध गराएर उनीहरुको शारिरीक, मानसिक एवं संवेगात्मक भावनाको विकास गराउन, युवा लक्षित दिर्घकालिन योजनाहरु निर्माण गर्न, आर्थिक व्यवस्थापन नहुँदा भौगोलिक अवस्था समर्थन नहुनाले खेलकुदको विकास गर्न आदि यस क्षेत्रका चुनौतीहरु हुन्।

### ४.५.३ सोच

व्यवस्थित खेलकुद पूर्वाधार निर्माण र युवा वर्गको सीप अभिवृद्धि गरी समुन्नत समाजको निर्माण गर्ने।

### ४.५.४ उद्देश्य

१. सबैका लागि खेलकुदको अवधारणा अनुरुप खेलकुद क्षेत्रको विकासमा जोड दिनु।

### ४.५.५ रणनीति

१. खेलकुदका पूर्वाधारको विकास गर्ने र राष्ट्रिय स्तरका खेलाडीको उत्पादन गर्ने।

२. सबै उमेर, वर्ग र समुदायको खेलकुदमा पहुँच वृद्धि गर्ने।

३. युवाको क्षमता विकास गरी रोजगारी बढाउने।

## ४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | गत आ.व. सम्मको उपलब्धी | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| सक्रिय युवाक्लब, संजाल तथा संस्था | संख्या | १ | १ | २ | ३ | ४ |
| क्लब, सञ्जाल र संस्थामा आवद्ध युवा | संख्या | ३०० | ३५० | ४५० | ५५० | ७०० |
| उद्यम व्यवसाय र स्वरोजगारीमा संलग्न युवा | संख्या | २०० | २५० | ३५० | ५०० | ७०० |
| कभर्ड हल तथा खेलकुल मैदान | संख्या | ८ | ८ | ९ | १० | ११ |

## ४.५.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/०८२ | २९८६ | २९८६ | ० | ० | ० | २९८६ | ० | ० |
| २०८२/०८३ | २९७३ | १७८३.८ | ११८९.२ | ० | ० | २९७३ | ० | ० |
| २०८३/०८४ | ३२७० | १९६२ | १३०८ | ० | ० | ३२७० | ० | ० |

## ४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पौवादुङमा गोल्डकप तथा बृहत सांस्कृतिक मेला | युवाहरुलाई खेलकुद प्रति आकर्षित गर्न। | सालवसाली | ५६२०.९ | खेलकुद क्षेत्रको विकास भई नागरिकहरुलाई मनोरञ्जन प्राप्त हुन्छ। |
| २ | खेलकुद पूर्वाधार विकास तथा खेलकुद सामाग्री खरिद तथा वितरण | युवाहरुलाई खेलकुद प्रति आकर्षित गर्न। | सालवसाली | ३६०८.१ | सुविधा सम्पन्न १ वटा खेलमैदान निर्माण हुन्छ। |

## ४.५.९ जोखिम पक्ष तथा अनुमान

युवा तथा खेलकुद सम्बन्धी कार्यक्रमका लागि बजेटको यथोचित व्यवस्था, यससँग सम्बन्धित निकायको संस्थागत विकास, जनशक्ति व्यवस्थापन र खेलाडीलाई प्रोत्साहन नभएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन सक्छ।

# परिच्छेद- पाँचः पूर्वाधार क्षेत्र

यस क्षेत्र अन्तर्गत आवास, भवन तथा शहरी विकास, सडक, पुल तथा यातायात, विद्युत तथा वैकल्पिक उर्जा, सूचना, सञ्चार, विद्युतीय सुशासन, सिचाई लगायतका उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ।

## ५.१ आवास, भवन तथा शहरी विकास

### ५.१.१ पृष्ठभूमि

भवन तथा आवास मानव जिवनको आधारभूत आवश्यकता हो र व्यवस्थित वस्ती विकासले सेवा प्रवाह तथा सुरक्षा प्रदान गर्न सहज हुन्छ। विद्यालय, स्वास्थ्य संस्था, सामुदायिक भवन, सभागृह जस्ता सामाजिक पूर्वाधार नागरिकलाई सेवा सुविधाको पहुँच वृद्धि गर्ने आधार हुन्। संविधानले प्रत्येक नागरिकलाई आवासको हक प्रदान गरेको छ। स्थानीय सरकार सञ्चालन ऐनले राष्ट्रिय भवन संहिता तथा मापदण्ड वमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन, सरकारी भवन, विद्यालय, स्वास्थ्य संस्था, सामुदायिक भवन, सभागृह र अन्य सरकारी भवन तथा संरचनाको निर्माण र मर्मत संभार तथा सञ्चालन र व्यवस्थापन गर्ने, सुरक्षित वस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कनको जिम्मेवारी सुम्पेको छ।

### ५.१.२ समस्या तथा चूनौति

राष्ट्रिय भवन निर्माण आचारसंहिता पूर्ण रुपमा कार्यान्वयन नहुनु, भवन निर्माण गर्ने कामदारमा प्राविधिक क्षमता र दक्षतामा कमी हुनु, भवन निर्माणमा प्राविधिकको रेखदेख, निरीक्षण र अनुगमनको कमी हुनु, भवन निर्माण किफायती नभई महँगो हुनु, सुरक्षित, स्वस्थकर, सुविधायुक्त र वातावरणमैत्री आवास निर्माण नहुनु, अव्यवस्थित वस्ती विकास हुनु, जोखिमयुक्त वस्तीहरु स्थानान्तरण गरी एकीकृत वस्ती निर्माणको अवधारणा विकासमा कम ज्ञान हुनु, सुरक्षा निकाय र नागरिकको विचमा सहकार्य कम हुनुआदि यस क्षेत्रका समस्याहरु हुन्। व्यवस्थित वस्ती विकास गर्न, भवन संहिताको पूर्ण रुपमा कार्यान्वयन गर्न, मौलिक संस्कृतिको संरक्षण गरी संरचना निर्माण गर्न, विभन्न ठाउँमा छरिएर रहेका वस्ती तथा घरहरूलाई एकिकृत रुपमा समुचित सेवा उपलब्ध गराउन, जोखिमयुक्त र छरिएका वस्तीहरुलाई स्थानान्तरण गराई एकीकृत वस्ती निर्माण गर्न, सरकारी र सामुदायिक भवन बनाउन, दक्ष कामदार, प्राविधिक र गुणस्तरीय निर्माण सामाग्री उपलब्ध गराई भवन तथा आवास निर्माण गर्न, आधारभूत वस्ती विकासको सेवा सुविधाको विकासका लागि स्रोत जुटाउनु, वस्ती व्यवस्थापनलाई प्रभावकारी बनाउनु, स्थानीय संस्थागत क्षमता र प्राविधिक दक्षता विकास गर्नु, विकासका योजना प्रक्रियामा सम्बद्ध निकाय बिच कार्यगत समन्वय स्थापित गर्नु आदि प्रमुख चुनौती हुन्।

### ५.१.३ सोच

भु उपयोग योजना बमोजिम वातावरणमैत्री व्यवस्थित गाउँ विकास गर्ने।

### ५.१.४ उद्देश्य

१. गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक निर्माण, आवास तथा गाउँ विकासलाई वातावरण अनुकुल तथा सुरक्षित बनाउनु।

२. योजनाबद्ध आवास कार्यक्रमलाई मुर्तरुप दिनु।

### ५.१.५ रणनीति

१. वहुउद्देश्यीय सार्वजनिक संरचना निर्माण गर्ने।

२. सुरक्षित, बहुउपयोगी र व्यवस्थित वस्ती विकास प्रणालीलाई प्रवद्र्धन गर्ने।

### ५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | गत आ.व. सम्मको उपलब्धी | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| मापदण्ड र भुकम्प प्रतिरोधी अनुसार बनेका भवन | संख्या | ३९५ | ४०० | ४०२ | ४०८ | ४१५ |
| व्यवस्थित बजार | संख्या | १ | १ | २ | ३ | ४ |
| मापदण्ड अनुसार निर्माण सम्पन्न सार्वजनिक भवन | संख्या | ८ | ९ | १३ | १५ | २० |
| सुरक्षित भवन निर्माण सम्बन्धी दक्ष व्यक्ति | संख्या | ५० | ५५ | ७० | ८५ | १०० |
| सुरक्षित भवन निर्माण(जस्ताको छाना र फुस रहितको घर निर्माण) | संख्या | १७४८ | १९०० | २२०० | २५०० | २९१३ |

### ५.१.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/०८२ | २४५२६ | ० | २४५२६ | ० | ० | २४५२६ | ० | ० |
| २०८२/०८३ | २७३७७ | १६४२६.२ | १०९५०.८ | ० | ० | २६०१३ | १३६४ | ० |
| २०८३/०८४ | ३०११६ | १८०६९.६ | १२०४६.४ | ० | ० | २८६१५ | १५०१ | ० |

### ५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | प्रशासनिक भवन निर्माण | सुविध सम्पन्न प्रशासनिक भवनको निर्माण गर्ने। | २०८१/२०८२-२०८३/०८४ | ३२९९७ | सुविधा सम्पन्न भवनबाट प्रभावकारी सेवा प्रवाह हुनेछ। |
| २ | गाउँपालिका फुसको छानो मुक्त कार्यक्रम | विपन्न समुदायका खरको छानोयुक्त संरचनालाई विस्थापन गरी सुरक्षित आवासको व्यवस्था गर्नु। | २०८१/२०८२-२०८३/०८४ | २७२४८ | पौवादुङमाबासी सबै नागरिकको घरमा फुसको छानो हटि जस्ताको छानो हुनेछ। |
| ३ | आवस भवन र बस्ति विकास सम्बन्धि अन्य कार्यक्रम | भवन, आवास, बस्ती तथा शहरी विकासलाई सुव्यवस्थित बनाउनु। | सालवसाली | २१७७४ | आवास, भवन तथा शहरी विकास सम्बन्धि सेवा सुचारु हुनेछ। |

### ५.१.९ जोखिम पक्ष तथा अनुमान

सडक तथा भवनको मापदण्ड तयार हुनेछ। भू-उपयोग, आवास, बस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्डको परिपालनामा अभिवृद्धि हुनेछ। भू-स्वरुपमा परिवर्तन हुने, शहरीकरणका कारण फोहोरमैलाको विसर्जन र वातावरणीण ह्रासमा वृद्धि भई नगर क्षेत्रको सुन्दरता, हरियाली र स्वच्छतामा ह्रास आउने जोखिम रहेको छ।

## ५.२ सडक, पुल तथा यातायात

### ५.२.१ पृष्ठभूमि

सडक तथा यातायातको विकासले उत्पादकत्व वृद्धि गर्न, स्वास्थ्य र शिक्षा सेवामा पहुँच उपलव्ध गराउँदै रोजगारी सिर्जना गर्न, गरिबी न्यूनीकरण गर्न र समग्र सामाजिक र आर्थिक विकासमा टेवा पुऱ्याउन उल्लेखनीय योगदान गर्दछ।सडक सञ्जाल अन्तर्गत आउने विभिन्न खोलानालाहरूमा पुल निर्माण तथा मर्मतले बाह्रैमासे आवतजावतको प्रत्याभूति गराउँदछ।सडक पूर्वाधार ग्रामिण विकासको महत्वपूर्ण साध्यका रुपमा स्थापित छ।मानिसहरुको सरल आवागमन र सामानहरुको उचित परिवहनले मात्र अर्थतन्त्रको विकासमा अनुकुलता सिर्जना गर्नसक्छ। नेपालले जनाएका दिगो विकासका लक्ष्य लगायत विविध अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु पुरा गर्न पनि सडक, पुल र यातायातको विकास जरुरी छ।राष्ट्रिय र प्रादेशिक आवधिक योजनाहरुले पनि यस तथ्यलाई आत्मसात गरेका छन्। सडक, पुल तथा यातायात जस्ता पुर्वाधार गाउँपालिका विकासको आधार स्तम्भ हुन्। निर्माण भएका सडकहरूमा बाह्रै महिना यातायातलाई सञ्चालनमा ल्याउन नियमित मर्मत सम्भारको भरपर्दो व्यवस्था, सडक संरचना निर्माण, स्तरोन्नति र ट्र्याक खोल्ने, सडक गुरुयोजना तयार जस्ता कार्य गर्नु जरुरी छ।यसका लागि मध्यमकालीन खर्च संरचनाको माध्यमले गाउँपालिकाको सडक, पुल तथा यातायात क्षेत्रको विकासको लागि प्राथमिकरण गरी व्यवस्थित तवरले अगाडी बढाईनेछ।

### ५.२.२ समस्या तथा चूनौति

विद्यमान सडकहरु साँघुरा हुनुका साथै कच्ची अवस्थामा रहेका र बढी चल्तीमा रहदा धुलो उड्ने, सडकहरु कालोपत्रे गर्न वित्तीय स्रोतको कमी हुनु, वातावरणीय पक्षलाई ध्यान नदिई सडक निर्माण हुनु, पर्यटकीय पदमार्गको विस्तार नहुनु, मापदण्ड बिना आयोजना पहिचान तथा छनौट हुनु, सडक निर्माणमा बजेट विनियोजन र सञ्चालनमा कुशलताको अभाव हुनु, बर्षातमा हिलो हुने र जीवनलाई प्रतिकुल प्रभाव पार्ने खालका हुनु, गाउँका वडाहरु जोड्ने सडक कच्ची, ग्रेड नमिलेका तथा जोखिमपूर्ण अवस्थामा रहनु, सडकमा रहेका विद्युत तथा सञ्चारका पोलहरुलेगाउँको सौन्दर्य बिगार्नु यहाँका मुख्य समस्या हुन्। वातावरणीय पक्षलाई ध्यान दिई सडक विस्तार गर्न, निर्माण सामाग्रीको उपलब्धता र गुणस्तरलाई सुनिश्चित गर्न, खानेपानी, विद्युत र सडकसँग सम्वन्धित निकायवीच समन्वय गराउन, सडक तथा पुल निर्माणको कानूनी प्रकृयालाई प्रभावकारी वनाउन, सडक निर्माणको गुणस्तरीयताको मापदण्ड तयार पारी लागु गर्न, सडक गुरुयोजना भूगोल अनुसार बनाउन, भूउपयोग योजना कार्यान्वयन गर्न यस क्षेत्रका चुनौती हुन्।

### ५.२.३ सोच

सडक पूर्वाधारको विकास तथा विस्तार मार्फत आर्थिक तथा सामाजिक अवसरहरुमा गाउँपालिकावासीको पहुँच वृद्धि गर्ने।

### ५.२.४ उद्देश्य

१. गुणस्तरीय, दिगो, सुरक्षित र वातावरणमैत्री यातायात सञ्जाल विस्तार गर्नु।

२. यातायात पूर्वाधारको उचित संरक्षण, मर्मत सम्भार तथा व्यवस्थापन गरी सहज यात्राको व्यवस्था मिलाउनु।

### ५.२.५ रणनीति

१. स्थानीय यातायात सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने।

२. गुणस्तरीय सर्वयाम सडक तथा पुल निर्माण तथा विस्तार गर्ने।

३. सडक तथा पुल निर्माण गर्दा वातावरणीय पक्षलाई संरक्षण गर्ने।

## ५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | गत आ.व. सम्मको उपलब्धी | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| कच्ची सडक (नयाँ ट्र्याक) | कि.मि. | २७० | २७४ | २७५ | २७६ | २७७ |
| ग्राभेल सडक | कि.मि. | ३६ | ३८ | ४० | ४२ | ४५ |
| कालोपत्रे सडक | कि.मि. | १५ | १७.५ | २० | २३ | २८ |
| आर.सि.सि. सडक | कि.मि. | ० | ०.१ | १ | २ | ३ |
| पि.सि.सि. सडक | कि.मि. | ० | ०.१ | ०.२ | ०.३ | ०.४ |
| पक्की पुल | संख्या | ० | ० | ० | ० | १ |
| झोलुङ्गे पुल | संख्या | ८ | ९ | १० | ११ | १२ |
| दायाँबायाँ वृक्षरोपण सडक लम्बाई | कि.मि. | ० | ०.२ | १ | २ | ३ |
| नियमित मर्मत संभार सडक लम्बाई | कि.मि. | १ | १.५ | २ | ३ | ३.५ |

## ५.२.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/०८२ | ३६१५४ | ० | ३६१५४ | ० | ६८०० | १८९०४ | १०४५० | ० |
| २०८२/०८३ | ३०४८३ | १८२८९.८ | १२१९३.२ | ० | ० | २२२९७ | ८१८६ | ० |
| २०८३/०८४ | ३३५३२ | २०११९.२ | १३४१२.८ | ० | ० | २४५२७ | ९००५ | ० |

## ५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पञ्चकन्या कृषि सडक कालोपत्रे | यातयात सुविधा व्यवस्थित र सहज बनाउनु। | सालवसाली | ६८४०९ | १० कि मि सडक कालोपत्रे भएको हुनेछ। |
| २ | सडक तथा पुल निर्माण एंव मर्मत संभारका अन्य कार्यक्रम | यातयात सुविधा व्यवस्थित र सहज बनाउनु। | सालवसाली | ३१७६० | १५ कि मि सडक स्तरोन्नति भएको हुनेछ। |

## ५.२.९ जोखिम पक्ष तथा अनुमान

तीन तहका सरकारबीच नीति, कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा आयोजना कार्यक्रम छनौट र कार्यान्वयन हुनेछ। नगर गौरव, रुपान्तरणकारी, विस्तृत आयोजना प्रस्ताव तयार भएका, क्रमागत, बहुवर्षीय, कार्यान्वयनका लागि तयार भएका आयोजना तथा कार्यक्रम प्रस्तावित भए अनुसार बजेट विनियोजन भई खरिद प्रक्रिया अनुसार आयोजना कार्यक्रम कार्यान्वयन हुनेछन्। सम्भाव्यता तथा वातावरणीय अध्ययन भएका आयोजना तथा कार्यक्रमलाई प्राथमिकता, उपभोक्ता तथा सरोकारवालाको सहभागितमा आयोजना व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ।

## ५.३ जलस्रोत, विद्युत तथा उर्जा

### ५.३.१ पृष्ठभूमि

गाउँपालिकाको पूर्वाधार विकास र उद्यम विस्तारमा विद्युत तथा ऊर्जाको महत्वपूर्ण भूमिका रहन्छ। वायु ऊर्जा, सौर्य ऊर्जा, लघु जलविद्युत् तथा राष्ट्रिय ग्रिड प्रणाली आपूर्तिद्वारा उद्योग व्यापार तथा व्यवसाय प्रवद्र्धन हुनुका साथै दैनिक जनजीवनलाई पनि सहज बनाउन सकिन्छ। ऊर्जाको सहज उपलब्धता र प्रयोगले पेट्रोलियम पदार्थको प्रयोग न्यूनीकरण र वातावरणीय योगदानको साथै आयात प्रतिस्थापन गर्नमा मद्दत पुग्दछ।

### ५.३.२ समस्या तथा चूनौति

गाउँपालिकाको धेरै ठाँउहरुमा अव्यवस्थित विद्युतका पोलहरुले गर्दा जोखिमयुक्त अवस्था सिर्जना हुनु, सबै घरहरुमा केन्द्रिय प्रशारण लाइनको पहुँच पुग्न नसक्नु, भौगोलिक विकटताले गर्दा सबै वस्तीहरुमा विद्युत सेवा उपलब्ध नहनु, भरपर्दो र गुणस्तरीय विद्युत सेवा उपलब्ध नहुनु, सडक बत्तिहरुको अभाव हुनु, ऊर्जा उत्पादनमा प्राविधिक र वित्तीय स्रोतको अभाव हुनु, वैकल्पिक ऊर्जाको स्पष्ट अवधारणा नहुनु, विद्यालय, बजार क्षेत्र, लगायतका प्रमुख कार्यालयहरु र अन्य निकायहरुमा वैकल्पिक ऊर्जाको व्यवस्था नहुनु आदि यस क्षेत्रका समस्याहरु हुन्। प्रत्येक घरमा निरन्तर रूपमा विद्युत प्रवाह गरी नियमित आपुर्तीको सुनिश्चतता गर्न, केन्द्रिय प्रशारण लाइन नभएकोले उद्योग तथा कलकारखना सञ्चालनमा ल्याउन, विद्युत र ऊर्जा विकासका लागि जिल्ला, प्रदेश र संघिय सरकार बिच समन्वय गर्न, जलविद्युत उत्पादनमा पर्याप्त मात्रामा विदेशी तथा निजी क्षेत्राको लगानी आकर्षित गर्न, विद्युत अवरोध हुँदा समयमा नै मर्मत गरी सुचारु गर्न, प्राविधिक र वित्तीय अभावले जिर्ण काठे पोलहरु परिर्वतन गरी गुणस्तरीय पोलहरु व्यवस्था गर्न, नवीकरणीय ऊर्जा उत्पादन सम्वन्धी नीति निर्माण गरी कार्यान्वयन गर्न, वैकल्पिक ऊर्जाको क्षेत्रमा प्रविधि प्रवद्र्धन तथा प्रयोगमा क्षमता अभिवृद्धि गर्न, मानिसहरुलाई वैकप्लिक ऊर्जा प्रयोग गर्न अभ्यस्त गर्न जस्ता चुनौतीहरु छन्।

### ५.३.३ सोच

दगो विद्युतको विकास तथा खपत वृद्धि गर्ने।

### ५.३.४ उद्देश्य

१. विद्युत खपत तथा पहुँचको वृद्धि सगैं कृषि तथा औद्योगिक अभ्यासहरुलाई प्रविधिमैत्री तथा मितव्ययि बनाउने।

### ५.३.५ रणनीति

१. सबै क्षेत्रमा विद्युतको प्रयोगलाई दिगो, सुरक्षित र प्रभावकारी बनाउने ।

२. ऊर्जा खपत बढाउने तथा वैकल्पिक ऊर्जालाई व्यवस्थित गर्ने ।

## ५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | गत आ.व. सम्मको उपलब्धी | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| वैकल्पिक ऊर्जा प्रयोग गर्ने घरधुरी | प्रतिशत | ३० | ३५ | ४० | ५० | ६० |
| विद्युत सेवा उपयोग गर्ने परिवार | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८० |
| एलपि ग्याँस प्रयोग गर्ने घरधुरी | प्रतिशत | १० | ११ | १५ | १७ | २५ |
| इन्डक्सन चुलो तथा हिटर प्रयोग गर्ने घरधुरी | प्रतिशत | १ | १.२ | २ | २.५ | ३ |
| सोलार उपलब्ध घरधुरी | संख्या | २५०० | २५५० | २६०० | २६५० | २७०० |

## ५.३.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/०८२ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २०८२/०८३ | ३७२ | २२३.२ | १४८.८ | ० | ० | ३७२ | ० | ० |
| २०८३/०८४ | ४०९ | २४५.४ | १६३.६ | ० | ० | ४०९ | ० | ० |

## ५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वैकल्पिक ऊर्जा प्रवर्द्धन कार्यक्रम | सबै गाउँपालिकाबासीमा विद्युत सेवा पहुँत पुऱ्याउने। | सालवसाली | ७८१ | ८० प्रतिशत नागरिकको घरमा विद्युत सेवा पुगेको हुनेछ। |

## ५.३.९ जोखिम पक्ष तथा अनूमान

जलवायु परिवर्तनको असर, वातावरणीय प्रभाव र जग्गा व्यवस्थापन लगायत स्थानीय सरोकारका विषयलाई सम्बोधन गर्न नसक्दा यसबाट अपेक्षित नतिजा हासिल गर्न नसकिने अवस्था समेत रहेको छ। उपलब्ध प्रविधिको उपयोग, जग्गा प्राप्ती, बजेटको सुनिश्चतता, नदीजन्य निर्माण सामग्रीको सहज उपलब्धता, मानव संसाधन सहज उपलब्ध भएमा र विपद् तथा अन्य विवादको कारण आयोजनाका लागत बढ्न नगएमा उल्लिखित उपलब्धी हासिल हुनेछ। सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ।

## ५.४ सूचना तथा सञ्चार

### ५.४.१ पृष्ठभूमि

सूचना सञ्चारले विश्वलाई नै एकै ठाउँमा ल्याई विश्वग्रामको रूपमा विकसित गरेको छ। सूचना सञ्चार विनाको जीवन कल्पना गर्न नसकिने अवस्था सृजना भएको छ। यसले मानव जीवन सहज मात्र बनाएको छैन संसारलाई नै एउटै ग्राममा आबद्ध गर्न सफल भएको छ। सूचना प्रविधि एवं सञ्चार सुविधा मात्र नभएर लोकतन्त्रलाई जीवन्त राख्ने आधार पनि हो। यसको महत्वलाई दृष्टिगत गरी संविधानमा सूचनाको हक

मौलिक हकको रूपमा व्यवस्था गरी आधारभूत लोकतान्त्रिक मूल्य र मान्यताको संरक्षणको पहरेदारको रूपमा लिएको देखिन्छ। संविधान अनुसार सूचनाको मौलिक हकको संरक्षण र संवद्र्धन गर्दै आमसञ्चारलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्ने नीति निर्देश गरेको छ।

## ५.४.२ समस्या तथा चूनौती

सूचना तथा सञ्चार प्रविधि सम्बन्धी उचित जनचेतना र पूर्वधारको विकास नहुनु, दुरसञ्चार लगयत इन्टरनेट सेवामा सबै नागरिकको पहुँच पुग्न नसक्नु, भौगोलिक विकटताका कारण सबै स्थानीय तहसम्म गुणस्तरीय इन्टरनेट सेवा र अन्य सञ्चारका माध्यमको उपलव्धता गर्न नसक्नु र उपलव्ध सञ्चार माध्यमहरू समेत बजार केन्द्रित हुनु, विद्यालय, स्वास्थ्य चौकी, सार्वजनिक कार्यालय जस्ता ठाँउहरुमा सूचना प्राविधिको उचित व्यवस्था नहुनु, विद्युत नभएको बेला मोबाइल नेटवर्क कमजोर हुनु, सूचना तथा सञ्चारको पोल तथा तारहरु अव्यवस्थित हुनु, सूचना तथा सञ्चार प्रविधिको माध्यमबाट रोजगारी सिर्जना गर्न नसक्नु आदि यस क्षेत्रका समस्याहरु हुन्। सञ्चार र प्रविधिका माध्यमहरूको पूर्ण रुपले विकास गर्न, सूचना सञ्चार तथा प्रविधि विकास सम्बन्धी तालिम प्राप्त जनशक्ति उत्पादन गर्न, परम्परागत हुलाक सेवालाई आधुनिकिकरण गर्न, सामाजिक सञ्जालको प्रयोग बढेसँगै यसको दुरुपयोग रोकथाम गर्न, छरिएर रहेको वस्तीमा सूचना तथा सञ्चार सेवा प्रवाह गर्न, विद्यालय, स्वास्थ्य चौकी, सार्वजनिक कार्यालय जस्ता ठाँउहरुमा पर्याप्त टेलिफोन सेवा उपलब्ध गराउन, गाउँपालिका भित्र संचालित कार्यक्रमहरुलाई रेडियो, एफ.एम लगायत अन्य सञ्चार माध्यमद्धारा प्रचार प्रसार गर्न जस्ता चुनौतीहरु रहेका छन्।

## ५.४.३ सोच

नविन, गुणस्तरीय र दिगो सूचना प्रविधि प्रणालीको निर्माण गरी सूचना प्रविधिमैत्री गाउँपालिकाको निर्माण गर्ने।

## ५.४.४ उद्देश्य

१. सूचना प्रविधि व्यवसायलाई सुरक्षित र भरपर्दो क्षेत्रका रुपमा विकास गर्नु।

२. सञ्चार माध्यमलाई व्यवसायिक र जवाफदेही बनाउनु।

## ५.४.५ रणनीति

१. प्रविधिमैत्री डिजिटल सुचना सेवाद्धारा सहज जिवनयापनको थालनी गर्ने।

२. सञ्चारका माध्यमलाई सुदृढ बनाई विकासका क्षेत्रहरुलाई टेवा पुऱ्याउने ।

## ५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | गत आ.व. सम्मको उपलब्धी | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| सञ्चार सेवा प्रदायक कम्पनीको सेवा विस्तार स्थान | संख्या | २२ | २५ | ३० | ३५ | ४० |
| नयाँ प्रविधियुक्त सेवा जडान | संख्या | ७ | १० | १२ | १५ | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प्रविधि उपयोगद्धारा आय-आर्जन र जीवनस्तर सुधारमा सहभागिता | प्रतिशत | २५ | ३० | ३५ | ४० | ५० |

## ५.४.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/०८२ | | | | | | | | |
| २०८२/०८३ | | | | | | | | |
| २०८३/०८४ | | | | | | | | |

## ५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

## ५.४.९ जोखिम पक्ष तथा पूर्वानूमान

उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिता, दक्ष मानव संशाधन उपलब्ध भएमा र महामारी तथा अन्य अवस्था असहज परिस्थिति नभएमा उल्लिखित उपलब्धी हासिल हुनेछ। सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ।

## परिच्छेद छः- वातावरण तथा विपद् व्यवस्थापन

यस क्षेत्र अन्तर्गत वन तथा भूसंरक्षण, वातावरण तथा फोहोरमैला व्यवस्थापन र विपद्जोखिम व्यवस्थापन लगायतका उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ।

## ६.१ वन, भुसंरक्षण तथा जैविक विविधता

### ६.१.१ पृष्ठभूमि

संविधानमा स्वच्छ वातावरणलाई मौलिक हकको रूपमा सुरक्षित गरिएको छ भने राज्यका नीतिहरूमा प्राकृतिक साधन स्रोतको संरक्षण र उपयोग सम्बन्धमा उल्लेख भएको छ। वन तथा जैविक विविधता प्रदेश सरकारको अधिकारको सूचीमा रहेको भएता पनि यसको विकासमा गाउँपालिकाको भूमिका महत्वपुर्ण छ।जनसहभागितामूलक वन व्यवस्थापनका माध्यमबाट स्थानीय आर्थिक-सामाजिक विकास तथा स्थानीय नेतृत्व विकासमा पनि वन क्षेत्रको प्रत्यक्ष योगदान रहेको हुँदा वन क्षेत्र राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रको रूपमा रहन गएको छ।

### ६.१.२ समस्या तथा चूनौति

वनको समुचित संरक्षणका लागि कानून तथा नीति निर्माण नहुनु, भू-क्षय, पहिरो, ढडेलो लगायतका प्राकृतिक विपतिको नियन्त्रण तथा सामना गर्न व्यवस्थित कार्य योजना निर्माण नहुनु, वन क्षेत्रको उत्पादन र लाभको न्यायोचित वितरण नहुनु, वन तथा जैविक विविधता सम्बन्धी जनचेतनामा कमी हुनु, अन्तरतह र अन्तर निकाय समन्वय कमजोर हुनु, वन क्षेत्र माथिको अतिक्रमण पूर्णतया रोक्न नसक्नु, वन तथा जैविक विविधताको वैज्ञानिक व्यवस्थापन नहुनु, वन विकास र आयआर्जन तथा रोजगारी बिच सन्तुलन कायम गर्न नसक्नु, वढ्दो मानव वन्यजन्तुद्वन्द्व र यसको व्यवस्थापनमा कठिनाई हुनुआदि प्रमुख समस्या हुन्। बढ्दो इन्धन र काठको मागको व्यवस्थापन गर्नु, वन डढेलो रोक्नु, विकास निर्माणबाट हुने वन अतिक्रमणको व्यवस्थापन गर्नु, जैविक विविधता संरक्षण गर्नु, वन्यजन्तुको संरक्षण गरी व्यवस्थित गर्नु, वन विकास र जैविक विविधता संरक्षणमा सबै क्षेत्र र निकायको अपनत्व स्थापित गर्दै क्षमता अभिवृद्धि गर्नु, भूक्षय, पहिरो, वातावरण प्रदूषण रोक्नु आदि प्रमुख चुनौती हुन्।

### ६.१.३ सोच

वन तथा जैविक विविधताको संरक्षण र वातावरणीय सन्तुलन कायम राख्दै वनजन्य स्रोतहरूको उत्पादकत्व वृद्धि गर्ने।

### ६.१.४ उद्देश्य

१. वन, वन्यजन्तुको संरक्षण र विस्तार गर्दै वन क्षेत्रलाई पुँजी निर्माणको आधारको रुपमा विकास गर्नु।

२. वन क्षेत्रको पर्यटनमैत्री विकास र व्यवस्थापन गर्दै जैविक विविधता र वातावरणको संरक्षण गर्नु।

## ६.१.५ रणनीति

१. वनलाई संरक्षणमुखी व्यवस्थापनबाट उत्पादनमुखी व्यवस्थापनमा रुपान्तरण गर्ने।

२. वनजंगलको क्षेत्रको वृद्धि गर्ने।

३. जैविक विविधताको संरक्षण गर्ने।

## ६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | गत आ.व. सम्मको उपलब्धी | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| रुख विरुवाले ढाकेको/हरियाली क्षेत्र | हेक्टर | ३१३८ | ३१३८.५ | ३१३९ | ३१३९.४ | ३१३९.९ |
| अति जोखिममा रहेका घरपरिवार | प्रतिशत | ५ | ४.९ | ४.७ | ४.५ | ३ |
| वनमा आधारित उद्यमबाट रोजगार | जना | १०० | १५० | २०० | २५० | ३०० |
| व्यवस्थित वन क्षेत्र | वटा | ३ | ५ | ७ | ९ | ११ |
| सामुदायिक वन क्षेत्र | वटा | ३० | ३१ | ३२ | ३३ | ३४ |
| पुनर्स्थापित भूमिको क्षेत्रफल | हेक्टर | ५० | ६० | ८० | १०० | ११० |
| जैविक प्रविधिबाट नियन्त्रित खोला किनार सडकको लम्बाई | मिटर | ५०० | ५५० | ६५० | ८०० | १००० |

## ६.१.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/०८२ | १०० | १०० | ० | ० | ० | १०० | ० | ० |
| २०८२/०८३ | ३७२ | २२३.२ | १४८.८ | ० | ० | ३७२ | ० | ० |
| २०८३/०८४ | ४०९ | २४५.४ | १६३.६ | ० | ० | ४०९ | ० | ० |

## ६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ।

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वन भु-संरक्षण तथा जैविक विविधता एवं वृक्षारोपण कार्यक्रम | हरियाली क्षेत्र विस्तार तथा वनको दिगो व्यवस्थापन गर्नु। | सालवसाली | ८८१ | ०.५ हेक्टर बन क्षेत्रको वृद्धि हुनेछ। |

## ६.१.९ जोखिम पक्ष तथा पूर्वानूमान

संघीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, समुदाय तथा सरोकारवालाको सहभागिता, यस क्षेत्रमा स्रोत साधनको लगानीमा प्राथमिकता प्राप्त भएमा अपेक्षित उपलब्धी हासिल हुने अनुमान गरिएको छ। जलवायु परिवर्तनको असर, विभिन्न किसिमका महामारी र अन्य विपद् जोखिममा वृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन्। उल्लिखित जोखिम पक्षको सम्बोधन नभएमा अपेक्षित नतिजा हासिल नहुन सक्छ।

## ६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ६.२.१ पृष्ठभूमि

नेपालमा घरेलु रुपमा सरसफाई र फोहरमैलाको व्यवस्थापन हुने गरेको भएतापनि पूर्ण रुपमा व्यवस्थापन र वातावरण संरक्षण गर्न आवश्यक संरचनागत र संस्थागत व्यवस्था भने हुन सकेको छैन। वातावरण संरक्षणका लागि सरकारी स्तरबाट पनि अझ प्रभावकारी नीति निर्माण गरी फोहोर मैला व्यवस्थापन, वृक्षारोपण र संरक्षण, प्राकृतिक स्रोत साधनको समुचित प्रयोग, वातावरण प्रदूषण सम्बन्धी चेतनामूलक कार्यक्रम स्थानीय स्तरबाट सञ्चालन हुन आवश्यक छ।

### ६.२.२ समस्या तथा चूनौति

फोहोरमैलाको उचित व्यवस्थापन नहुनु, सडकहरु कच्ची तथा नाला र ढलको व्यवस्था सबै स्थानमा नहुनाले ढल निकासको समस्या हुनु, फोहोरमैला उत्सर्जन, बोटल तथा प्लाष्टिकजन्य फोहोर निष्कासनका कारण वायु र पानीजन्य प्रदूषण, प्रदूषण नियमन सम्बन्धी मापदण्डको कार्यान्वयन नहुनु, खुल्ला रुपमा दाह संस्कार गर्ने गरकोले वातावरण प्रदूषण हुनु, सार्वजनिक स्थानमा शौचालयको कमी र डस्टबिन संख्या पर्याप्त नहुनु प्रमुख समस्या हुन्। वातावरण तथा स्वच्छताको विषयमा नागरिकको सचेतना वृद्धि गर्न, वातावरण संरक्षण र पूर्वाधार विकास बीच सामन्जस्यता स्थापित गर्न, विभिन्न सरोकारवाला तथा नियमनकारी निकायसँग समन्वय गर्न जस्ता चुनौतीहरु रहेका छन्।

### ६.२.३ सोच

सुरक्षित, वातावरणमैत्री ,जलवायुमैत्री एवम् स्वच्छ पर्यटकिय गाउँको निर्माण गर्ने।

### ६.२.४ उद्देश्य

१. वातावरणमैत्री दिगोविकास सुनिश्चतता गर्नु।

२. सबै प्रकारका प्रदूषणको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्नु।

### ६.२.५ रणनीति

१. वातावरणमैत्री नीति, अनुसन्धान, विकास तथा विस्तार गरी पर्यावरणीय पूर्वाधार निर्माण गर्ने।

२. फोहोरमैला व्यवस्थापन र स्वच्छता कायम गर्न गाउँको भूमिकामा र नागरिकको सहभागितामा वृद्धि गर्ने।

३. फोहोरमैला व्यवस्थापन, पुनः प्रशोधन तथा पुनःप्रयोग (Reduce, Reuse and Recycle) विधि अवलम्बन गर्ने।

## ६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | गत आ.व. सम्मको उपलब्धी | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| घर कम्पाउण्डमा फोहोरमैला व्यवस्थापन | संख्या | १५ | २० | २५ | ३० | ४० |
| फोहोरपानी संकलन नाला/ढल लम्बाई | मिटर | ० | ० | १०० | २०० | ३०० |
| ल्याण्डफिल साइट | संख्या | २ | २ | ३ | ४ | ५ |
| सुचारु सार्वजनिक शौचालय | संख्या | ३ | ३ | ४ | ५ | ६ |
| फोहोरमैला संकलन विन्दु(बजार क्षेत्र) | संख्या | ४ | ४ | ५ | ६ | ७ |

## ६.२.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/०८२ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २०८२/०८३ | ३७२ | २२३.२ | १४८.८ | ० | ० | ३७२ | ० | ० |
| २०८३/०८४ | ४०९ | २४५.४ | १६३.६ | ० | ० | ४०९ | ० | ० |

## ६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | फोहोरमैला व्यवस्थापन कार्यक्रम | सरसफाई सेवा तथा सुविधामा पहुँच वृद्धि गर्ने। | सालवसाली | ७८१ | करिब ४००० जनसंख्या प्रत्यक्ष लाभान्वित हुनेछन। |

## ६.२.९ जोखिम पक्ष तथा अनुमान

संघीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, कर्मचारीको पदपूर्ती, समुदाय तथा सरोकारवालाको सहभागिता, उपकरण र स्रोत साधनको लगानी भएमा अपेक्षित उपलब्धी हासिल हुने अनुमान गरिएको छ। जलवायु वुद्धभुमि गाउँपालिकाको मध्यमकालीन खर्च संरचना छन्न परिवर्तनको असर, समय समयमा देखा पर्ने विभिन्न किसिमका महामारी र अन्य विपद् जोखिममा वृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन्।

## ६.३ विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन

### ६.३.१ पृष्ठभूमि

वपद व्यवस्थापन र जोखिम न्यूनीकरणका तथा जलवायु परिवर्तन लागि नीतिगत, संरचनागत र संस्थागत विकास गरी प्रकोप प्रतिरोध तथा सहनशील क्षमताका माध्यमबाट प्रकोपको सामना गर्न र त्यसको असरबाट पूरानै अवस्थामा पुनरुस्थापित हुन सक्ने समाज र अर्थतन्त्र निर्माण गर्न आवश्यक रहेको छ। यसरी पूर्वतयारी गरिँदा पूर्व अनुमान समेत गरी आवश्यक जनशक्ति, सामग्री, उपकरण, कोषको व्यवस्था र जोखिमयुक्त स्थानको पहिचानका साथै जोखिम न्यूनीकरणका मापदण्डको गम्भीरपूर्वक परिपालना गर्नुपर्छ।

### ६.३.२ समस्या तथा चूनौति

